# नवराजपुर गाउँपालिका

## आधारभूत तह (कक्षा १-८) को स्थानीय पाठ्यक्रम

२०८०





नवराजपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

नवराजपुर, सिराहा

# स्थानीय पाठ्यक्रम

## आधारभूत तह (कक्षा १-८) को

२०८०

नवराजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवराजपुर, सिराहा

प्रकाशक : नवराजपुर गाउँपालिका,सिराहा

**सर्वाधिकार** : प्रकाशकमा

**प्रथम संस्करण** : २०८०

## **संरक्षक**

श्री शिव उदगार यादव-अध्यक्ष

श्री पुनम कुमारी यादव-उपाध्यक्ष

## **पाठ्यक्रम निर्माण सल्लाहकार समिति**

श्री शिव उदगार यादव-अध्यक्ष

श्री पुनम कुमारी यादव-उपाध्यक्ष

श्री राज किशोर साह-प्रमुख प्रशासकीय अधिकृत

श्री मुनेन्द्र यादव-सदस्य (शिक्षा शाखा प्रमुख)

श्री शिब नारायण यादव-सदस्य(प्र.अ)

## प्राविधिक सहयोग तथा लेखन

समृद्ध फाउण्डेशन

लहान, सिराहा

# अध्यक्षको भनाइ

समग्र शिक्षा प्रणालीलाई ब्यवस्थित गर्दै गुणस्तरीय शिक्षा प्राप्त गर्न पाउने नागरिकको अधिकारलाई सहज बनाउन सकियोस भनेर हामीले नवराजपुर गाउँपालिका भित्र विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्दै आएका छौं । अरु क्षेत्रको विकास जस्तो शिक्षा क्षेत्रको विकास तुरुन्तै देखिने खालको हुदैन, तथापि हामीले क्रमिक रुपमा शैक्षिक विकासका कामहरू गर्दै जाँदा हाम्रा भावी सन्ततीहरूले पनि यसबाट प्रतिफल प्राप्त गर्न सक्नेछन् । लिन सक्नेछन् । गुणस्तरीय र व्यवहार उपयोगी शिक्षाको माध्यमले हामी सभ्य नागरिक तयार गर्न चाहान्छौं । व्यवहारिक शिक्षण सिकाइको लागी गुणस्तरीय शैक्षिक वातावरण चाहिन्छ । यी सबै कुराहरूको ब्यवस्थापन गर्दै लाने सन्दर्भमा संविधानले दिएको माध्यमिक तह सम्मको शैक्षिक अधिकार प्रयोग गरी शैक्षिक सत्र २०८० बाट कक्षा १-८ स्थानीय पाठ्यक्रम निर्माण गरी यसै शैक्षिक सत्र २०८० देखि स्थानीय पाठ्यक्रम लागू हुने कुरा जानकारी गराउन पाउँदा मलाई खुशी लागेको छ । स्थानीय पाठ्यक्रम निर्माण पश्चात् त्यसको प्रभावकारी कार्यान्वयनमा स्थानीय तहले आवश्यक अनुगमन गर्ने, विद्यालयहरूले यसलाई कार्यान्वयन गर्दै लाने र आवश्यकताको आधारमा समयानुकूल बनाउदै लैजाने हो भने यसको प्रभावकारित अझै बढेर जाने मेरो विश्वास छ । स्थानीय जात, जाति, भाषा, संस्कृति, सभ्यता, मूल्य मान्यता, परम्परा, चाडपर्व आदिको बारेमा आवश्यक जानकारी गराई आफ्नो परिवेश, सामाजिक, भौगोलिक,आर्थिक,सांस्कृतिक अवस्थाको बारेमा सुसूचित गराउनु स्थानीय पाठ्यक्रमको प्रमुख उद्देश्य हो । "विश्वव्यापी सोच,स्थानीय अभ्यास" भन्ने स्थानीय पाठ्यक्रमको मूलमर्मलाई आत्मसात् गर्दै ज्ञान, सीप, अभ्यास र परम्पराको जगेर्ना,संरक्षण,विकास र प्रचार प्रसारको लागि पनि स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोग आवश्यक देखिन्छ । आफ्नो जन्मभूमि र स्थानीय परिवेशका विविध पक्षको बारेमा यथोचित जानकारी लिदै आफ्नै माटोमा केही गरौं भन्ने भावनाको विकास गर्नमा समेत यो पाठ्यक्रमले सहयोग गर्ने छ । स्थानीय सरोकारवालाहरूको संलग्नतामा तयार गरिएको यस पाठ्यक्रमले नवराजपुरका विविध पक्षहरूको यथोचित जानकारी पनि दिएको छ । यस अर्थमा यो पाठ्यक्रम नवराजपुरको पहिचान कायम राख्न सफल हुनेछ भन्ने विश्वास लिएको छु । नवराजपुर गाउँपालिकाले आफ्नो परिवेश अनुकूल स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याउन सकेकोमा स्थानीय पाठ्यक्रम निर्माण सल्लाहकार समितिका सदस्य ज्यूहरूलाई हार्दिक बधाइ दिन चाहन्छु । यस पाठ्यक्रम तयारी गर्न गराउन आवश्यक सहयोग प्रदान गर्ने यसै गाउँपालिकाको प्रशासकीय प्रमुख श्री राज किशोर साह,शिक्षा शाखा प्रमुख श्री मुनेन्द्र यादब,नवराजपुर गाउँपालिकाका सम्पूर्ण विद्यालयका प्रधानाध्यापक, शिक्षक लगायत सरोकारवालाहरूलाई धन्यवाद दिन चाहन्छु र कार्यान्वयनका लागि सहजीकरण गर्न समेत म प्रतिबद्ध रहनेछु । पाठ्यक्रम निर्माण कार्यमा प्राविधिक सहयोग गर्नु हुने संस्था श्री समृद्ध फाउन्डेसन,लहान-४ सिराहाका बिज्ञहरु श्री प्रमोद महत,श्री युबराज अधिकारी लगायत अन्य सबैलाई धन्यवाद दिन चाहन्छु,साथै यस कार्यमा भाषा सम्पादन लगायत अन्य कार्यमा सहयोग गर्नु हुने यसै गाउँपालिका अन्तर्गतका श्री रमेश महतो स्मृति ज.मा.बि.फुलबरियाका प्र.अ श्री शिब नरायण यादब र श्री भगवती आ.बि भगवतीपुरका प्र.अ.श्री राम उद्गार यादब लगायत अन्य सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । पाठ्यक्रम आफैंमा एक गतिशील दस्तावेज भएकोले आवश्यकता अनुसार यसको समसामयिक परिमार्जन हुदै जाने व्यहोरा समेत अवगत गराउन चाहन्छु ।

शिब उदगार यादव

अध्यक्ष

नवराजपुर गाउँपालिका, सिराहा

# भूमिका

विश्वव्यापीकरण आजको आवश्यकता र वास्तविकता भए पनि यसको व्यापकताले गर्दा स्थानीयकरण गौण हुँदै जाने र बालबालिकादेखि युवा तथा वयस्कहरूमा समेत आफनै मौलिक विशेषताहरू र स्थानीय पहिचान बारे पर्याप्त रूपमा जानकारी प्राप्त गर्ने अवसरको अभावमा उक्त समूह उदासीन बन्दै जाने खतरा बढ्दै गएको पाइन्छ।

कोही पनि व्यक्ति आफनो परिवेश नजानी, नबुझी अरुको मात्रै बुझेर र देखासिकी गरेर मौलिक रहन सक्दैन । हरेक व्यक्तिका लागि आफनो स्थानीय घर, परिवार, छरछिमेक र समाज सबैभन्दा विशिष्ट पहिचान त हो नै, यस बाहेक उसको चौतर्फी विकासको आधारशीला पनि हो । यिनै पक्षहरूसँग चिरपरिचित र जानकार भएका व्यक्ति नै अन्य व्यक्तिहरू भन्दा भिन्न र फरक ढङ्गले प्रबुद्ध र दक्ष बन्दै सामाजिक विविधता र विकासलाई विस्तार गर्ने भूमिका खेल्न सक्छ । हरेकका लागि सर्वप्रथम आफनो स्थानीय समाज र परिवेश नै अध्ययनको गहन क्षेत्र हुनुपर्दछ । सोही प्रकारको ज्ञान नै बाहिरी विश्व परिवेश जान्ने र बुझ्ने प्रक्रियामा बलियो आधारशीला बन्न सक्दछ । आफ्ना बारेमा जानेपछि मात्र आफूलाई अन्यसँग दाँज्ने, सबल दुर्बल छुट्याउने र जिम्मेवारी बोध गर्ने सामर्थ्य र दक्षता हासिल हुन सक्छ । एउटा कलिलो बालकका लागि उसको स्थानीय समुदाय नै विश्व हो । तसर्थ स्थानीय वातावरण र पर्यावरण, सामाजिक संरचना, धर्मपरम्परा, चालचलन, मूल्यमान्यता आदिको पर्याप्त ज्ञान हुनुले व्यक्तिको समग्र सामाजिकीकरण र सिकाइ तथा विकास प्रक्रियामा  उल्लेख्य टेवा पुग्दछ ।

उपयुक्त तथ्यलाई मध्यनजर गरेर नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्रले स्थानीय पाठ्यक्रमको अवधारणा अघि सारेको हो । सो केन्द्रले जारी गरेको राष्ट्रिय पाठ्यक्रम भित्र पनि स्थानीय विषयवस्तु समेटिएको भए तापनि ती पर्याप्त नहुन सक्छन् र त्यस्ता विषयवस्तु केवल सतही रूपमा मात्र आएका हुन्छन् । तसर्थ स्थानीय तहलाई केन्द्रीय पाठ्यक्रमले निर्धारण गरेको क्षेत्रभित्र पनि आफनो स्थानीय समुदायलाई मिल्ने विषयवस्तुमा अझ विस्तृत रूपमा पाठ्यक्रम बनाई पठन पाठन गर्न गराउन लगाउने र यस भन्दा बाहेकका अन्य विभिन्न क्षेत्रहरूलाई पनि समेटेर पाठ्यक्रम बनाउन दिने प्रावधान रहेको छ । हाल नेपालमा सङ्घीय प्रणालीको कार्यान्वयन संगै  स्थानीय पाठ्यक्रमको महत्व अझै बढेको छ ।

यस पालिकाका आफनै विशिष्ट भौगोलिक तथा सामाजिक-सांस्कृतिक विशेषताहरू रहेका छन् । यसका कतिपय चुनौती/समस्या र विकास तथा समृद्धिका सम्भावनाहरू समेत अन्य औसत स्थानीय तहका भन्दा भिन्न प्रकारका छन् । तीव्र सहरीकरणको प्रक्रियामा रहेको हालको संक्रमणकालमा यस स्थानीय तहले आफना मौलिकता र विशिष्टता गुमाउँदै जान सक्ने र सहरीकरणका विकृतिहरूको प्रभाव बढ्न सक्ने खतराको प्रबलता पनि उच्च रहेको छ । यस्तै वास्तविकतालाई केन्द्रमा राखेर पाठ्यक्रम विकास केन्द्रको निर्देशनको परिधिमा रही यस क्षेत्रका लागि स्थानीय पाठ्यक्रमको रुपरेखा तयार पारिएको हो । यसको निर्माणमा सम्बन्धित विज्ञहरूको सुझाव तथा स्थानीय सरोकारवालाहरूको अपेक्षालाई समेत उच्च कदर गरिएको छ । यस पाठ्क्रममा समाविष्ट विषयवस्तुको अध्ययन अध्यापनबाट यहाँका बालबालिकाहरूमा स्थानीय मौलिकता र विशिष्टताको पहिचान तथा महत्व बोध हुने र उनीहरूलाई सचेत र जिम्मेवार नागरिक बन्न सहयोग पुग्ने विश्वास गरिएको छ ।

नवराजपुर गाउँपालिका क्षेत्रका लागि तयार पारिएको प्रस्तुत स्थानीय पाठ्यक्रममा निम्नानुसारका क्षेत्र तथा क्रममा विषयवस्तुको संयोजन गरिएको छ ।

१ नवराजपुर गाउँपालिकाको परिचय

२.नवराजपुर गाउँपालिकाको सामाजिक संस्कार र संस्कृति

३.नवराजपुर गाउँपालिकाको पेसा, व्यवसाय तथा प्रविधि र पर्यटन

४.स्वस्थ जीवन

५.हाम्रो वातावरण र विपद् व्यवस्थापन

६.मूल्यमा आधारित शिक्षा र जीवन उपयोगी सीप

७.सामाजिक संघ संस्थाहरु र स्थानीय व्यक्तित्व

उपर्युक्त विषयहरू संयोजित यस स्थानीय पाठ्यक्रम निर्माणको काम एक लामो तथा वृहत्तर प्रक्रिया बाट सम्पन्न भएको हो । यसको पहिलो महत्वपूर्ण कदमका रूपमा नवराजपुर गाउँपालिका मातहत रहेका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरूको वृहत् भेला सम्पन्न भएको थियो । विशिष्ट राजनीतिक तथा प्राज्ञिक व्यक्तित्वहरू समेत सहभागी रहेको सो भेलामा गाउँ शिक्षा समितिका सदस्यहरुबाट र सहभागीहरूबाट आ-आफ्ना विचार र सुझावहरू प्राप्त भए । त्यसपछि विद्यालयका प्रधानाध्यापकहरू तथा अन्य सरोकारवाला व्यक्तित्वहरू सँग भेटघाट र छलफल गर्ने लगायतका कामहरू भए र अन्य सम्बद्ध व्यक्तित्वहरू संग गरिएका छलफल र अन्तरक्रिया चल्दै गए र अन्तमा सबैको विचार.सल्लाह लाई समेटी निष्कर्षका आधारमा पाठ्यक्रमको मस्यौदा तयार भएको हो ।

यस स्थानीय पाठ्यक्रमको निर्माणका क्रममा नवराजपुर गाउँपालिका अध्यक्ष श्री शिबउदगार यादब. प्रमुख प्रशासकीय अधिकृत श्री राजकिशोर साह र शिक्षा शाखा प्रमुख श्री मुनेन्द्र यादवको सक्रिय भूमिक निकै महत्वपूर्ण रहेको छ । यस पाठ्यक्रम निर्माण गर्न प्राविधिक सहयोग गर्ने संस्था समृद्ध फाउन्डेन ,लहान सिराहा र संस्थाका बिज्ञ श्री प्रमोद महत साथै नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रका पाठ्यक्रम अधिकृत श्री युबराज अधिकारीका अतिरिक्त अन्य सल्लाहकारहरू तथा यस कार्यमा सम्बद्ध सरोकारवाला सबै निकाय र व्यक्तित्वको भूमिका समेत उच्च कदर योग्य रहेको छ । प्रस्तुत पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन र यसको उच्च सफलताका लागि सम्पूर्ण स्थानीय विद्यालय. अभिभावक. शिक्षकहरू तथा विद्यार्थीहरू लगायत अन्य समस्त सरोकारवालाहरूको सक्रिय समन्वय. सहयोग तथा सहकार्यको अपेक्षा गरिएको छ ।

# विषय सूची


| | |
|---|---|
| १. परिचय | १ |
| २. तहगत सक्षमता | १ |
| ३. कक्षागत सिकाइ उपलब्धि | ३ |
| ४. विषयवस्तुको क्षेत्र र क्रम | १२ |
| ५ विषयवस्तुको विस्तृतीकरण र सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | २१ |
| ६. सम्भावित परियोजना तथा प्रयोगात्मक क्रियाकलापहरू | ७६ |
| ७. सिकाइ सहजीकरण विधि र प्रक्रिया | ८० |
| ८. विद्यार्थी मूल्याङ्कन | ८१ |
| ९. विषयवस्तुको क्षेत्र/एकाइ र अनुमानित कार्यघण्टा | ९५ |


**अनसूचीहरू**


अनसूची १ : कक्षा १ को मूल्याङ्कन अभिलेखीकरण फाराम

अनसूची २ : कक्षा २ को मूल्याङ्कन अभिलेखीकरण फाराम

अनुसूची ३ : कक्षा ३ को मूल्याङ्कन अभिलेखीकरण फाराम

## १.परिचय

सङ्घीय सरकारले समग्र पाठ्यक्रम तथा परिक्षा सम्बन्धी मापदण्ड, नीति, गुणस्तरका सूचकहरु र बेन्चमार्क तयार गर्नुपर्ने, प्रदेश सरकारले सो सम्बन्धमा क्षमता विकास र समन्वय गर्ने तथा स्थानीय सरकाले संघीय नीतिभित्र रही स्थानीय नीति निर्माण र कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसै गरी दिगो विकासका लक्ष्यहरु २०३० को सफल कार्यान्वयनका राष्ट्रिय रणनीतिहरुमा समेत स्थानीय क्षमता, ज्ञान, सीप र प्रविधिलाई सबलीकरण गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न सकिने कुरा उल्लेख गरिएको छ ।

यो पाठ्यक्रम राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ को प्रावधानहरुलाई ध्यान दिई विकास गरिएको छ । यो पाठ्यक्रम निर्माणको मुख्य उद्धेश्य स्थानीय विषयवस्तु, स्थानीय आवश्यकताहरु पहिचान गरी स्थानीय सहभागिता र विज्ञताको संलग्नतामा पाठ्यक्रम विकास गर्ने र विद्यार्थीहरुमा स्थानीय ज्ञान, सीप, अभिवृत्तिको विकास गर्ने,श्रमको सम्मान गर्ने भावनाको विकासको साथै स्थानीय पेसा,व्यवसाय,प्रविधि,मूल्य मान्यता,वातावरण संरक्षण तथा प्रवर्धन गर्ने रहेको छ । यसका लागि प्रारम्भिक कक्षा देखि नै स्थानीय परिवेश सँग परिचित गराउनका लागि स्थानीय पाठ्यक्रमको महत्वपूर्ण भूमिका हुन्छ । स्थानीय ज्ञान,सीप,प्रबिधि,संस्कृति,प्रकृति,संस्कार,कला, भाषा, साहित्यको सम्बर्धन र सबलीकरणबाट मात्र अन्तर्राष्ट्रिय रुपमा प्रतिस्पर्धा गर्न सक्ने सोच, क्षमता विकास र वस्तु उत्पादन गर्न सकिने तथ्यलाई दृष्टिकोण राखी स्थानीय पाठ्यक्रमको अवधारणालाई अगाडि सारिएको छ । यस पाठ्यक्रममा विशेषतः नवराजपुरको परिचय र इतिहास, नवराजपुरको सामाजिक संस्कार र संस्कृति, स्थानीय धार्मिक तथा पर्यटकीय स्थलहरु, स्थानीय परम्परागत पेशा, व्यवसाय र प्रबिधि, नवराजपुरको वातावरण, स्थानीय स्तरमा आइपर्ने विपद् व्यवस्थापन, स्वस्थ जीवन, मूल्यमा आधारित शिक्षा र जीवनोपयोगि सीप तथा सामाजिक संस्था र स्थानीय व्यक्तित्व जस्ता पक्षहरु समावेश गरिएका छन् । गरेर सिक्ने पदधतिमा आधारित भई सिकाई सहजीकरण गर्ने र विद्यार्थीहरुलाई अनीहरुले बिभिन्न माध्यमबाट प्राप्त ज्ञान र सीपलाई विद्यालय तथा समुदायमा प्रयोग गर्ने खालका क्रियाकलापहरुलाई जोड दिएको छ ।

## २. तहगत सक्षमताहरु

### (क) कक्षा: १-३ का सक्षमताहरु

*१. गाउँ, वडा र नवराजपुर गाउँपालिकाको सामान्य परिचय*
*२. स्थानीय प्राकृतिक स्रोत तथा सम्पदा र पर्यटकीय स्थलको पहिचान*
*३. भाषिक तथा सांस्कृतिक सचेतना विकास र सामाजिक शिष्टाचार तथा नियमहरुको पालना*
*४. विपद् व्यवस्थापन, स्थानीय परम्परागत पेशा,व्यवसाय र प्रबिधिसँग परिचित*
*५. व्यक्तिगत सरसफाई,व्यायाम र स्थानीय खेलसँग समायोजन*
*६. स्थानीय व्यक्तित्व र नेतृत्वको चिनारी तथा सामाजिक समूहहरुको पहिचान र योगदान*

### (ख) कक्षा ४-५ का सक्षमताहरु

*१. नवराजपुर गाउँपालिकाको संक्षिप्त परिचय, नक्साङ्कन र अवस्था पहिचान*
*२. स्थानीय धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलहरुको परिचय र महत्वबोध*
*३. स्थानीय परम्परागत पेसा, व्यवसाय र प्रबिधिप्रति सम्मान र सीपको अभ्यास*
*४. स्वास्थ्य, सरसफाइ, व्यायाम र प्रणायाम अभ्यास*
*५. विपद् व्यवस्थापन, वातावरण स्वच्छता र हरित विद्यालयको अवधारणासँग परिचित र निर्माणमा सहभागिता*
*६. जीवनोपयोगी सीप र मानव मूल्यका क्रियाकलापको परिचय र महत्व बोध एवम् अभ्यास*
*७. स्थानीय सामाजिक संस्थाहरु र ख्याति प्राप्त व्यक्तिको सामान्य चिनारी*

## (ग) कक्षा ६-८ का सक्षमताहरु

१. नवराजपुर गाउँपालिकाको संक्षिप्त परिचय, नक्साङ्कन र इतिहासको जानकारी
२. गाउँपालिकाको गठन,सेवा प्रवाह र गाउँको गौरव आयोजनाहरुको पहिचान
३. गाउँ भित्रको रीतिरिवाज, संस्कार र संस्कृतिको खोजी, पहिचान र संरक्षण
४. स्थानीय धार्मिक तथा पर्यटकीय स्थलहरुको खोज, पहिचान र संरक्षणमा तत्परता
५. स्थानीय परम्परागत पेशा, व्यवसाय र प्रविधिको परिचय, महत्व, सम्भावना र सीपको अभ्यास
६. संक्रामक रोगहरुप्रति सजग र सचेतना प्रवाह
७. स्थानीय प्रकोप र जोखिम व्यवस्थापनको अवधारणाबोध र व्यवस्थापनमा सहयोग

## ३. कक्षागत सिकाइ उपलब्धि

**कक्षा १-३**

| क्षेत्र/थिम | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| **१ नवराजपुर गाउँपालिकाको परिचय** | • हाम्रो गाँउटोलमा रहेको धार्मिक स्थलको नाम बताउन(हजारी माता मन्दिर,राजदेवी मन्दिर शिव मन्दिर,डिहीबार मन्दिर, सल्हेश मन्दिर, ईदगाह, कबुरगाह, दिनाभद्री मन्दिर,मस्जिद आदि)<br>• आफ्नो घर नजिकै रहेका बजार (किनमेल गर्ने ठाउँ) बताउन<br>• आफ्नो परिवार तथा आफू बसेको गाउँ/ टोलको नाम बताउन<br>• आफ्नो गाउँ/टोलको वरिपरिको गाउँ/ टोलको नाम भन्न<br>• आफ्ना गाउँ वरपर रहेको नदी, खोला र बाटाको नाम बताउन<br>• आफु पढने विद्यालय र छिमेकी विद्यालयको नाम भन्न<br>• आफ्नो गाउँ/टोलको स्वास्थ्य स्वयम् सेविकाको नाम भन्न र चिन्न | • सिराहा जिल्लाको नक्सामा नवराजपुर गाउँपालिका छुट्याउन<br>• आफु बस्ने वडा भित्रका गाउँ/टोलको नाम भन्न र तिनको अवस्थिति बताउन<br>• आफ्ना वडा भित्र रहेका नदी, खोला र बाटाको अवस्थिति बताउन<br>• आफू बस्ने वडाको वडा नं. र वडा कार्यालयको ठेगाना बताउन<br>• नवराजपुर गाउँपालिकाको नाम, कार्यपालिका रहेको ठेगाना र स्थापना भएको साल भन्न<br>• गाउ/टोल नजिक रहेका स्वास्थ्य प्रदायक सस्था, क्लिनिकको नाम र ठेगाना बताउन | • आफु बसोबास गर्ने वडाका वडा अध्यक्ष र सदस्यहरुको नाम बताउन<br>• नवराजपुर गाउँपालिकाको भौगोलिक अवस्थाको सामान्य जानकारी दिन<br>• मधेस प्रदेशको नक्सामा नवराजपुर गाउँपालिका छुट्याउन<br>• मुख्य मुख्य सडकहरुको नाम र अवस्थिति बताउन<br>• आफू बसोबास गर्ने वडा भित्र रहेका स्वास्थ्य प्रदायक सस्था, क्लिनिकको नाम र ठेगाना बताउन |
| **२.नवराजपुर गाउँपालिकाको सामाजिक संस्कार र संस्कृति** | • गाउँ टोलका जात जाति बिचको सांस्कृतिक भिन्नता बारे सामान्य जानकारी बटुल्न ।<br>• गाँउ टोलमा बोलिने मुख्य भाषाहरु पहिचान गर्न (मैथली,हिन्दी,उर्दु,थारु ऋादि)<br>• जातजातिका पोशाकहरुको नाम भन्न र लगाउने तरिका बताउन<br>• घरमा बनाईने खानाको परिकारहरुको नाम भन्न | • स्थानीय भेषभुषाको परिचय दिन<br>• स्थानीय चाडपर्वहरुको नाम भन्न र मनाउने जात जातिको नाम बताउन<br>• स्थानीय लोकगीत गाउने जातजातिहरुको पहिचान गर्न र ती जातजातिले गाउने मुख्य वडा भित्रका जातजातिहरुको थर भन्न | • स्थानीय लोकगीतहरु गाउने अभ्यास गर्न<br>• स्थानीय लोकबाजाहरु (मादल,**ढोलक,**खौजडी आदि) बजाउने अभ्यास गर्न<br>• स्थानीय लोक नृत्यहरुको पहिचान गर्न<br>• गाउँ भित्रका जातजातिहरु पहिचान गर्न |

| | | | |
|---|---|---|---|
| | • मधेशी जातिको गहनाको नाम भन्न र लगाउने तरिका बताउन<br>• आफ्नो गाँउटोलमा बसोबास गर्ने जातजातिको नाम भन्न(यादब,साह तेली, मुखिया सहनी, महतो कोइरी,खत्बे मंडल, धानुक मंडल,दनुवार,कलाल चौधरी,सदाय, ठाकुर बरिही ,हजाम, माली, मुस्लिम, साजपूत,धोबी, पासवान दुसाद, तत्मा दास,थारु चौधरी,कामैत, अमात राय,डोम मलिक,सुँडी साह, हलुवाई,सुनार,चमार राम,कियोंट,कलवार चौधरी,ब्राह्मण आदि)<br>• स्थानीय लोक बाजाहरु पहिचान गर्न<br>• स्थानीय लोकगीतहरु पहिचान गर्न र सामान्य गाउने अभ्यास गर्न, जस्तै झिझिया नाच, जाटजाटिन नाच, समाचखेवा, चौरचन आदि । | • आफू र आफ्नो साथीले बोल्ने भाषामा परिचित हुन<br>• वडा भित्र बोलिने भाषाहरु बताउन<br>• वडा भित्रका जातजातिले लगाउने पोशाकहरु पहिचान गर्न<br>• लोकगीतहरु गाउने अभ्यास गर्न<br>• स्थानीय लोकबाजाहरु मध्ये कुनै मुख्य एक बाजा बजाउने अभ्यास गर्न | • स्थानीय जातिहरुले गर्ने पूजा (कूलपूजा) हरुको परिचय दिन र महत्व बताउन<br>• गाउँ भित्र बोलिने भाषाहरु पहिचान गर्न<br>• गाउँ भित्रका जातजातिले लगाउने पोशाकहरु पहिचान गर्न<br>• कुनै एक स्थानीय लोकगीतमा नृत्य अभ्यास गर्न |
| **३. नवराजपुर गाउँपालिकाको पेसा, व्यवसाय र पर्यटन** | • गाँउ टोलमा घुम्नलायक स्थानहरुको नाम बताउन<br>• आफ्नो अभिभावकले गर्ने मुख्य कामहरुको नाम बताउन<br>• आफ्नो घरमा वर्षभरि उत्पादन हुने बालीको नाम बताउन<br>• घरमा उत्पादन भएका वस्तुहरु बिक्री गर्ने स्थान पहिचान गर्न | • आफ्नो घरमा बर्षभरी उत्पादन गर्न सकिने तरकारी तथा फलफूलको नाम भन्न र सामान्य चित्र कोर्न<br>• गाँउटोलका व्यक्तिहरुले गर्ने मुख्य पेशा तथा व्यवसायको नाम बताउन<br>• वडामा घुम्नलायक स्थानहरुको नाम भन्न<br>• दैनिक किनमेल गर्ने स्थानको नाम भन्न र तिनीहरुको सामान्न विवरण बताउन | • स्थानीय स्तरमा उत्पादन हुने सिजन अनुसारको तरकारी र फलफूल पहिचान गर्न र तिनको महत्व बताउन<br>• गाँउ टोलमा प्रचलित हस्तकलाका सामग्रीहरु पहिचान गर्न<br>• गाँउ भित्र घुम्नलायक स्थानहरु पहिचान गर्न र तिनको सामान्य विवरण बताउन<br>• गाँउ घरमा उत्पादित वस्तुहरु बिक्री गर्ने स्थानको परिचय दिन |

| | | | |
|---|---|---|---|
| **४.सरसफाइ र स्वस्थ जीवन** | • व्यक्तिगत सरसफाइको लागि आवश्यक सामग्रीको नाम भन्न<br>• सरसफाइ गर्नुपर्ने स्थानको सूची बनाउन<br>• आफ्नो र घरको सरसफाइको गर्नुपर्ने कारण बताउन र सरसफाइमा सहभागी हुन<br>• शरीरका अङ्गको सरसफाइ गर्न<br>• स्थानीय खेलहरु पहिचान गर्न र खेल्ने अभ्यास गर्न | • घर तथा विद्यालयको सरसफाइमा सहभागी हुन<br>• आफ्नो शरीरको सरसफाइ गर्न<br>• व्यक्ति सरसफाइको महत्व बताउन<br>• दैनिक रुपमा गरिने सरसफाइको सूची बनाउन<br>• स्थानीय खेलहरु खेल्ने अभ्यास गर्न र महत्व बताउन | • सरसफाइ गर्दा हुने फाइदा र नगर्दा हुने असरहरु पहिचान गर्न<br>• आफ्नो वरपरको वातावरणको सरसफाइमा सहभागी हुन<br>• स्वस्थ शरीरको लागि आवश्यक पर्ने तत्वहरु पहिचान गर्न<br>• भोजनको धारणा भन्न<br>• स्थानीय खेलहरु खेल्ने अभ्यास गर्न र खेल खेल्दा हुने फाइदाहरु पहिचान गर्न |
| **५.हाम्रो वातावरण र विपद् व्यवस्थापन** | • स्थानीय क्षेत्रमा पाइने बोट विरुवाहरुको नाम बताउन<br>• घर तथा विद्यालयमा गरिने वृक्षरोपणमा सहयोग गर्न<br>• घर तथा विद्यालयमा भएका बोटबिरुवाको संरक्षणमा सहयोग गर्न<br>• घर तथा स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरूको नाम बताउन<br>• स्थानीय स्तरमा हुन सक्ने विपदहरु पहिचान गर्न,जस्तै बाढी, आगलागी ,सितलहर आदि<br>• घर तथा विद्यालयको बगैंचामा भएका बिरुवाहरुको पहिचान गर्न<br>• फूलबारी तथा बोट बिरुवाहरूको हेरचाह गर्न<br>• स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरुको नाम बताउन<br>• व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाईमा सहभागी हुन<br>• फोहोरमैलाको पहिचान गर्न | • बगैंचाको परिचय दिन<br>• घर र विद्यालयमा वृक्षरोपणमा सहभागी हुन<br>• बोट बिरुवाको संरक्षणमा सहयोग गर्न<br>• वडामा भएका पानीका स्रोतहरुको परिचय दिन<br>• व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाईमा सहभागी हुन<br>• स्थानीय क्षेत्रमा पाइने बोटबिरुवाहरुको वर्गीकरण गर्न<br>• बाढी र आगलागीको परिचय दिन<br>• वडा भरिमा पाईने जीव जन्तु र चराहरुको नाम बताउन<br>• वरपरको वातावरण फोहोर हुने कारणहरू पहिचान गर्न | • घर र विद्यालयमा बगैंचाको निर्माणमा सहयोग र हेरचाह गर्न<br>• घर र विद्यालयमा पानीका स्रोतहरुको उपयोग गर्ने तरिका बताउन र सदुपयोग गर्न<br>• फोहोर मैला व्यवस्थापनको परिचय दिन<br>• विद्यालयमा फोहोर मैलाको वर्गीकरण र व्यवस्थापन (कुहिने, नकुहिने र तरल) मा सहयोग गर्न<br>• बाढी र आगलागी हुने कारणहरु बताउन<br>• गाउँपालिका भरिमा पाइने जीवजन्तु र चराहरु पहिचान गर्न<br>• स्थानीय बोटबिरुवाहरूको परिचय दिन<br>• स्थानीय बोटविरुवाको महत्व तथा उपयोग बताउन<br>• विद्यालयमा बगैंचाको आवश्यकता र महत्व बताउन<br>• घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागी हुन<br>• वरपरको वातावरण सफा राख्ने उपायहरु पहिचान र सरसफाइ कार्यमा सहभागी हुन |

| | | | |
|---|---|---|---|
| | | • फोहोर मैलाको परिचय र प्रकार ( कुहिने र नकुहिने) बताउन | |
| **६ मूल्यमा आधारित शिक्षा र जीवन उपयोगी सीप** | • स्वयम् व्यवस्थापन(Self Management) सीपको विकास गर्नसमूहमा मिलेर बस्न<br>• साथी र घर परिवारका सदस्यहरुलाई सामान्य सहयोग गर्न | • घर र विद्यालयमा अनुशासन र आचरणको पालना गर्न<br>• अभिभावक, शिक्षक र मान्यजन प्रति नम्र व्यवहार र सम्मान व्यक्त गर्न<br>• आफूले जानेका कुराहरुको सञ्चार गर्न | • आत्मनिर्भर हुने बानीको विकास गर्न<br>• अरुप्रति दया, माया, करुणाको भाव प्रकट गर्ने सीपको विकास गर्न<br>• सहयोगात्मक तथा सहकार्यात्मक सीपको प्रयोगगर्न |
| ७. **सामाजिक संघ संस्थाहरु र स्थानीय व्यक्तित्व** | • स्थानीय सामाजिक संस्थाहरुको पहिचान गर्न<br>• आफ्नो टोल र समुदायको नेत्तृत्व गर्ने व्यक्तिहरुको पहिचान गर्न<br>• आफ्नो विद्यालयको छोटो परिचय दिन | • वि.व्य.स. अध्यक्ष र सदस्यहरुको परिचय दिन<br>• सामुदायिक समूहको परिचय दिन आफ्नो टोल र समुदायको नेत्तृत्व गर्ने व्यक्तिहरुको परिचय दिन | • वडा अध्यक्ष र सदस्यहरुको नाम भन्न<br>• वडा भित्र संचालित स्वास्थ्य संस्थाका सेवाहरुको जानकारी प्राप्त गर्न<br>• आफ्नो टोल र समुदायको नेत्तृत्व गर्ने व्यक्तिहरुको योगदान बताउन<br>• गाउँ भित्र रहेका सामुदायिक समूह,आमा समूहको पहिचान गर्न र परिचय दिन |

**कक्षा ४-५**

| क्षेत्र/एकाइ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| १. **नवराजपुर गाउँपालिकाको परिचय** | • नवराजपुरको भौगालिक अवस्था (सिमाना, क्षेत्रफल) बताउन<br>• वडाहरुको संख्या, वडा कार्यालयहरुको ठेगाना भन्न<br>• गाउँपालिका भित्रका मुख्य बाटाघाटाहरु पहिचान गर्न<br>• गाउँपालिका भित्रहुने आर्थिक क्रियाकलापहरुहरुको सूची तयार गर्न<br>• गाउँपालिका भित्रको जनसंख्या (महिला र पुरुषको) तथ्याकं बताउन | • गाउँपालिका भित्रका वडा अनुसारको जनसंख्या (महिला र पुरुष) बताउन<br>• गाउँपालिकाको नामाकरण रहनको जानकारी दिन<br>• गाउँपालिका भित्र वडा अनुसारको घरधुरी संख्या र पेशागत विवरण बताउन<br>• आफू बस्ने वडाको नक्सा कोर्न र नक्सामा मुख्य मुख्य स्थानहरु देखाउन<br>• आयस्रोतहरु पहिचान गर्न |
| २. **नवराजपुर** | • सामाजिक शिष्टाचार तथा नियमहरुको पालना गर्न । | • आफ्नो समुदायको जन्म तथा मृत्यु संस्कारको परिचय दिन ।<br>• ब्रतबन्ध गर्ने तरिका र महत्व बताउन ।<br>• स्थानीय प्रचलित कुनै दुई लोकबाजाहरु बजाउने अभ्यास गर्न । |

| | | |
|---|---|---|
| **गाउँपालिकाको सामाजिक संस्कार र संस्कृति** | • आफूले मनाउने चाडपर्वहरु (दशैं, तिहार,**छठ,**जितिया आदि ) को परिचय दिन ।<br>• समुदायमा प्रचलित गीतमा हाउभाउ सहित लोक नृत्य गर्न ।<br>• आफूले मनाउने चाडपर्वको महत्वको बताउन ।<br>• समुदायमा प्रचलिन लोकगीत गाउने अभ्यास गर्न ।<br>• स्थानीय स्तरमा प्रचलित कुनै एक लोकबाजा तालमा बजाउन ।<br>• आफ्ना नातेदारहरु नाम, ठेगान र रीति रिवाज बताउन ।<br>• सामाजिक, सांस्कृतिक, धार्मिक तथा जातिगत अवस्थाको परिचय दिन । | • विवाह संस्कारको परिचय दिन र महत्व बताउन ।<br>• राजदेवी मेलाको एतिहासिक महत्वको छोटो जानकारी दिन र कृष्ण आष्टमिको परिचय र महत्व बताउन ।<br>• स्थानीयस्तरमा प्रचलित मुख्य लोकगीतहरुमा हाउभाउ सहित गाउन र नृत्य गर्न ।<br>• गाउँपालिका भित्रका समुदायको प्रचलित रीतिरिवाज र परम्पराको महत्व बताउन ।<br>• गाउँपालिका भित्रको सामाजिक, सांस्कृतिक, धार्मिक तथा जातिगत अवस्थाको महत्व बताउन । |
| **३. नवराजपुर गाउँपालिकाको पेसा, व्यवसाय र पर्यटन** | • स्थानीय परम्परागत प्रविधिको परिचय दिन (ढिकी, जाँतो)<br>• घर तथा स्थानीय समुदायमा उत्पादन हुने कृषिजन्य उत्पादनहरुको पहिचान गर्न ।<br>• घर तथा समुदायमा उत्पादन भएका वस्तुको बजारीकरण गर्ने तरीकासँग परिचित हुन ।<br>• स्थानीय स्तरमा निर्मित हस्तकलाका सामग्रीहरुका नाम र निर्माणका लागि आवश्यक सामग्री र प्रयोजन बताउन ( नाङ्लो, ढकिया, पटिया, कोनिया, मुजेला, डोरी, गोनैर, सपटा, बेना, डाला, चङेरी, जाबी आदि )<br>• वडा भित्रका धार्मिक स्थलहरुको सामान्य परिचय दिन । | • गाउँ भित्रका पर्यटकीय स्थलहरुको परिचय दिन (हजारी माता मन्दिर,सल्हेस मन्दिर, राम जानकी मन्दिर आदि) ।<br>• हाम्रा गाउँ भित्रका धार्मिक स्थलहरुको संक्षिप्त परिचय दिन ।<br>• गाउँपालिका भित्रका व्यापारिक केन्द्रहरु र विभिन्न सामग्री खरिद गर्ने स्थलहरुको परिचय दिन<br>• गाउँपालिका भित्रका कृषि पकेट क्षेत्रहरुको परिचय दिन<br>• मौसमी र बेमौसमी तरकारी खेतीको परिचय दिन र खेती गर्ने कार्यमा सहभागी हुन ।<br>• गाउँपालिका भित्र उत्पादन हुने नगदे बालीहरुको परिचय दिन र प्रयोग बताउन ।<br>• परम्परागत हस्तकला बनाउने सीपहरु (ढकीया,सुपा,मौनी आदि ) को अभ्यास गर्न । |
| **४.स्वस्थ जीवन** | • वडामा पाइने औषधि जन्य वनस्पतिहरुको नाम बताउन ।<br>• विद्यालयमा बगैंचा र वृक्षारोपणमा सहभागी हुन ।<br>• वातावरण र विकासको परिचय दिन ।<br>• बाढी र आगलागीबाट हुने असरहरु बताउन ।<br>• वस्थकर खाना प्रयोग गर्ने तरिका बताउन र प्रयोग गर्न ।<br>• सही किसिमले उठ्ने, बस्ने र सुत्ने तरिका बताउन र अभ्यास गर्न ।<br>• स्वस्थ र अस्वस्थ भोजन पहिचान गर्न र भिन्नता छुट्याउन । | • योगको महत्व बताउन र योगा-कपालभाति,अनुलोम विलोम गर्नविद्यालयमा स्वस्थ खाजा खान<br>• प्राकृतिक खाना र कृत्रिम खानाको पहिचान गर्न उपयुक्त खानाको सेवन गर्न<br>• विद्यालयमा ल्याइने/खाइने स्वस्थकर खाजा पहिचान गर्न |

| | | |
|---|---|---|
| | • योग (सूर्य नमस्कार) अभ्यास । | |
| **५.वातावरण संरक्षण र विपद् व्यवस्थापन** | • गाउँपालिकामा पाइने जीव जन्तु र चराहरुको परिचय दिन र महत्व बताउन ।<br>• गाउँपालिका क्षेत्रमा भएका पानीका स्रोतहरुको परिचय दिन,उपयोग बताउन र आवश्यकता अनुसार प्रयोग गर्न ।<br>• फोहोर मैलाले स्थानीय स्तरमा पारेको असर पहिचान गर्न ।<br>• वातावरण प्रदूषणको स्थानीय अवस्थाको पहिचान गर्न ।<br>• फोहोर मैलाको वर्गीकरण (ठोस,तरल र ग्याँस) र व्यवस्थापनमा सहयोग गर्न | • बाढी र आगलागीबाट बच्ने उपायहरु पहिचान गर्न र अवलम्बन गर्न ।<br>• गाउँपालिका क्षेत्रमा पाइने औषधी जन्य वनस्पतिहरुको उपयोग र महत्व वर्णन गर्न<br>• गाउँपालिका क्षेत्रमा जलस्रोतको प्रदूषणका कारण र असरहरु पहिचान गर्न ।<br>• घर र विद्यालयमा उपयोग हुने उर्जाको परिचय दिन ।<br>• विद्यालय तथा घरमा स्थानीय औषधीजन्य वनस्पति र फलफूल बगैंचाको निर्माणमा सहभागी हुन ।<br>• गाउँपालिका क्षेत्रमा पाइने वनस्पति र जीवजन्तुको संरक्षणमा विद्यार्थी, विद्यालय, समुदायको भूमिका पहिचान गर्न र अवलम्बन गर्न<br>• वातावरण संरक्षणको परिचय दिन ।<br>• विद्यालय तथा स्थानीय क्षेत्रमा फोहोर मैलाको व्यवस्थापनका उपायहरुको खोजी गरी अवलम्बन गर्न । |
| **६.मूल्यमा आधारित शिक्षा र जीवन उपयोगी सीप** | • समाजका असल मानिसहरुले गरेका कार्यहरु पहिचान गर्न र उक्त कार्यको अनुसरण गर्ने सीप र आचरणको अभ्यास गर्न ।<br>• समाजको असल नागरिक हुनका लागि आवश्यक पर्ने सीपहरु पहिचान गर्न र सीप विकासको अभ्यास गर्न ।<br>• जीवनमा लक्ष्य किटान गरी अघि बढ्ने सीप र बानीको अभ्यास गर्न । | • असल मानिसहरुले गरेका कार्यहरु पहिचान गर्न र उक्त कार्यको अनुसरण गर्ने सीप र आचरणको विकास गर्न ।<br>• परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने स्वभाव र आचरणको पहिचान र अभ्यास गर्न ।<br>• आफू सँग भएका संभावनाहरुको स्वमूल्याङ्कन गरी सही लक्ष्यका साथ अघि बढ्ने क्षमताको अभ्यास गर्न । |
| **७.सामाजिक संघ संस्थाहरु र स्थानीय व्यक्तित्व** | • आफ्नो विद्यालयको स्थापना गर्ने व्यक्तित्वहरुको परिचय दिन (संस्थापक अध्यक्ष र प्र.अं) दिन ।<br>• संचालित स्वास्थ्य संस्थाहरुको सामान्य परिचय दिन र ती संस्थाहरुबाट प्राप्त हुने सेवाहरुसँग परिचित हुन र सेवा लिन ।<br>• वडा भित्र संचालित शैक्षिक संस्थाहरुको परिचय दिन ।<br>• शैक्षिक व्यक्तित्वहरुको जीवनी ) भन्न र त्यसबाट शिक्षा ग्रहण गर्न । | • संचालन भएको पहिलो शैक्षिक संस्था स्थापना गर्ने व्यक्तित्वहरुको परिचय दिन ।<br>• मुख्य सहकारी सस्थाहरुको छोटो परिचय दिन ।<br>• वित्तीय संस्था तथा सहकारी संस्थाहरुको परिचय दिन ।<br>• वडा भित्रको सहकारी संस्थाले गर्ने कार्यहरु पहिचान गर्न ।<br>• स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने स्वास्थ्य सेवाहरुका प्रकारहरु उल्लेख गर्न । |

## कक्षागत सिकाइ उपलब्धि (कक्षा ६-८)

| क्षेत्र/एकाइ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| **१.नवराजपुर गाउँपालिकाको परिचय** | • सुरक्षा निकाय र अवस्थिति थाहा पाउन साथै तिनले प्रदान गर्ने सेवाहरु र सेवा लिने तरिकाहरु थाहा पाउन ।<br>• वडाले शिक्षा, बालबालिका तथा युवाहरुका लागि तय गरेका कार्यक्रमहरुबारे जानकारी हासिल गर्न गाउँपालिकाको नक्सा कोर्न र मुख्य मुख्य स्थानहरु देखाउन ।<br>• वडा कार्यालयबाट प्रदान गरिने सेवा सुविधाहरुको जानकारी प्राप्त गर्न ।<br>• वडा कार्यालयबाट बालबालिकालाई प्रदान गर्ने सेवा सुविधाको जानकारी लिन ।<br>• गाउँपालिकाको जन प्रतिनिधिहरु नाम र पद बताउन । | • गौरवका आयोजना मध्ये आफ्नो गाउँ तथा टोलमा संचालनमा आयोजनाको जानकारी बताउन<br>• शैक्षिक अवस्था वर्णन गर्न<br>• शिक्षा, बालबालिका तथा युवाहरुका लागि तय गरेका कार्यक्रमहरुबारे जानकारी प्राप्त गर्न<br>• सिराहा जिल्लाको नक्सा कोर्न र आफ्नो गाउँ पालिका तथा अन्य मुख्य मुख्य स्थान, नदी, धार्मिक स्थल देखाउन<br>• गौरवका आयोजनाहरुको परिचय दिन<br>• गाउँपालिका बाट प्रदान गरिने सेवा सुविधाहरुको बारेमा बताउन ।<br>• गाउँ कार्यपालिका, व्यवस्थापिका र न्यायिक समितिको गठन प्रक्रिया बताउन | • गाउँ सभाको बैठक बस्ने तरिका काम कर्तव्य र अधिकार बताउन<br>• गाउँ कार्यपालिका, व्यवस्थापिका र न्यायिक समितिको काम कर्तव्य र अधिकारको जानकारी लिन<br>• मधेस प्रदेशको नक्सा कोर्न र आफ्नो जिल्ला, गाउँ पालिका र मुख्य मुख्य घटनाहरु देखाउन<br>• गाउँपालिकाले जारी गरेको मुख्य ऐन र नियमावलीको संक्षिप्त जानकारी दिन<br>(शिक्षा,विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन आदि ) |
| **२.नवराजपुर गाउँपालिकाको सामाजिक संस्कार र संस्कृति** | • मधेसी जातीले गाउने लोकगीत गाउन<br>• मधेसी जातीहरुले बजाउने बाजाहरुको पहिचान गर्न र बजाउन<br>• मधेसीहरुको भेषभूषा र चार्डपर्वको परिचय दिन<br>• मधेसी जातिहरुको रितिरिवाज र धर्म संस्कृतिको परिचय दिन<br>• मधेसी जातीले बर्ष भरी गर्ने पूजा पाठहरुको संक्षिप्त परिचय दिन | • मधेसीहरुको इतिहास, भेषभुषा र चाडपर्वको परिचय दिन<br>• मधेसी समुदायले गाउने गीतहरुको अभ्यास गर्न<br>• मधेसी समुदायले बजाउने बाजाहरुको परिचय दिन र बजाउने अभ्यास गर्न | • परम्परागत संगठन प्रणालीको परिचय, काम, महत्व र प्रवर्धनका उपायहरु बताउन<br>• मधेशीहरुको संस्कार, संस्कृतिको परिचय, महत्व र प्रबर्धनका उपायहरु बताउन<br>• मुस्लिम समुदायको संस्कार, संस्कृतिको परिचय, महत्व र प्रर्वद्धनका उपायहरु बताउन<br>• हाम्रा सामाजिक समस्या र समाधानका उपायहरु बताउन<br>• असल संस्कृति हस्तान्तरणका उपायहरु बताउन |

| | | | |
|---|---|---|---|
| | • मधेसी जातिहरुको लोकनृत्य प्रर्दशन गर्न ( अल्लाह रुदल,सितबसंत,झिझिया लगायत अन्य)<br>• धामिर्क स्थलको परिचय दिन(हजारी माता मन्दिर, राजदेवी मन्दिर,शिव मन्दिर,डिहीबार मन्दिर, सल्हेश मन्दिर, ईदगाह,कबुरगाह, मस्जिद दिनाभद्री मन्दिर आदि) | • मधेसी जातिहरुको रितिरिवाज र धर्म संस्कृतिको संक्षिप्त जानकारी दिन<br>• मधेसी जातिहरुले गर्ने लोक नृत्यहरुको अभ्यास गर्न | |
| **३.नवराजपुर गाउँपालिकाको पेसा,व्यवसाय र पर्यटन** | • कृषि ( धान, मकै, जौ, मडुवा, गहुँ, तोरी, आलस, बदाम, लहरी, मास, खेसारी, मुसरी, काँक्रा, करेला, फर्सी, सिमी, आलु, धनियाँ, कोबी, बैगन, बदाम, मटर, केराउ, खिरा आदि खेती वारे जानकारी दिन ।<br>• उन्नत भैसी, बाख्रा,कुखुरा पालनको परिचय दिन<br>• पर्यटन व्यवसायको संभावना र प्रर्वद्धनका उपायहरु बताउन<br>• स्थानीय परम्परागत हस्तकलाका सामग्री निर्माण गर्न (रसी बाटने, रसीका प्रकारहरु र प्रयोजन, हाते पंखा) आदि | • स्थानीय बीउ बिजन भण्डारणका परास्पागत शैलीहरुको पहिचान गर्न र अवलम्बन गर्न<br>• स्थानीय कृषि उत्पादन (धान प्रशोधन उद्योग, मसला खेती, कृषि उपकरण) विधिहरु जान्न र व्यवाहारमा उतार्न<br>• स्थानीय बीउ बिजन संरक्षण गर्ने तरिकाहरु बताउन र अवलम्बन गर्न<br>• स्थानीय परम्परागत हस्तकलाका सामग्रीहरु निर्माण गर्न | • गाउँपालिकामा पर्यटन व्यवसाय विकासका अवसर र चुनौती पहिचान गर्न<br>• परम्परागत पेशा, व्यवसाय र प्रविधिको परिचय दिन र महत्व बताउन<br>• स्थानीय परम्परागत हस्तकलाका सामग्रीहरु निर्माण गर्न<br>• पर्यटन व्यवसाय प्रर्वद्धन, व्यवसाय विस्तार, कृषिको आधुनिकीकरणका लागि गाउँको योजना बताउन |
| **४.मानव स्वास्थ्य र खेलकुद** | • स्थानीय स्वास्थ्य सेवा प्रदायक संस्थाहरुले प्रदान गर्ने सेवाहरुको परिचय दिन | • स्थानीय स्वास्थ्य सेवा प्रदायक संस्थाहरुले प्रदान गर्ने सेवाहरुको परिचय दिन र सेवा लिन | • स्वास्थ्य परियोजनाहरुको जानकारी बताउन<br>• सुनौला हजार दिनको परिचय र महत्व बताउन<br>• अन्य स्वास्थ्य सेवा र परियोजनाहरुको जानकारी बताउन |
| **५.हाम्रो वातावरण र विपद् व्यवस्थापन** | • नदी कटान व्यवस्थापनमा गरिएका प्रयासहरु पहिचान गर्न ।<br>• विपद् जोखिम न्यूनीकरणको परिचय दिन ।<br>• विपद् पूर्व अपनाइने सजगताको जानकारी दिन ।<br>• घर तथा विद्यालयमा जडीबुटी खेती गर्न र यसको महत्व बताउन । | • स्थानीय स्तरमा हुने विपद् जोखिम न्यूनीकरणका उपायहरु बताउन<br>• वडास्तरमा विपद् व्यवस्थापनका लागि गरिएका प्रयासहरु बताउन र सहभागी हुन<br>• घरायसी उपयोग भईसकेको पानीको व्यवस्थापन अन्तर्गत सोकपिट | • विपद् व्यवस्थापनमा रेडक्रसको भूमिका<br>• स्थानीय स्तरमा हुने विपद् व्यवस्थापनमा सहभागिता हुन<br>• प्रकोप व्यवस्थापनका लागि गरिएका अभ्यासहरुको जानकारी हासिल गर्न र सहभागी हुन<br>• खाली जग्गा, घर र विद्यालयमा वृक्षारोपण गर्न<br>• आकासे पानी संकलन विधि बताउन, संकलन गर्न र उपयोग गर्न |

| | | | |
|---|---|---|---|
| | • गाउँपालिका क्षेत्रमा खानेपानीको स्रोत, वितरण र पानी शुद्धीकरणका स्थानीय उपायहरु पहिचान गरी अभ्यास गर्न ।<br>• गाउँपालिका स्तरबाट पूरा गर्न सकिने दिगो विकासका लक्ष्यहरु पहिचान गर्न ।<br>• वडा क्षेत्रमा वृक्षारोपणमा सहभागी हुन ।<br>• हरियाली प्रबर्द्धनको परिचय, महत्व, तरिका बताउन र हरियाली प्रबर्द्धनमा सहभागिता हुन ।<br>• हरित घर तथा विद्यालयको अवधारणा बताउन ।<br>• विद्यालयमा करेसावारीको निर्माणमा सहभागी हुन ।<br>• घर, विद्यालय र स्थानीय क्षेत्रमा हुन सक्ने फोहोर तथा प्रदूषण न्यूनीकरणका उपायहरू पहिचान गर्न र अवलम्बन गर्न ।<br>• गाउँपालिका क्षेत्रमा दिगो विकास र वातावरण संरक्षण तरिकाहरु ब्ताउन । | निर्माण गर्न र करेसाबारीमा उपयोग गर्न<br>• घरायसी ठोस फोहोरको व्यवस्थापन अन्तर्गत गड्यौले मल बनाउन र उपयोग गर्न<br>• गाउँ स्तरमा प्रकोप व्यवस्थापनमा संलग्न सामाजिक संस्थाहरुले गरेका कार्यहरु बताउन<br>• हरित घर तथा विद्यालय आवश्यकता तथा महत्व बताउन<br>• घर र विद्यालयमा करेसावारी र पुष्प बगैंचाको निर्माण, उत्पादन, बजारीकरण गर्न<br>• दिगो विकास र हरित विद्यालयको अन्तर सम्बन्ध वर्णन गर्न<br>• दिगो विकास र वातावरण संरक्षणका लागि विद्यार्थी, विद्यालय र समुदायको भूमिका पहिचान गर्न र अवलम्बन गर्न | • घरायसी ठोस फोहोरको व्यवस्थापनअन्तर्गत बिन कम्पोष्टिङ तथा पिट कम्पोष्टिङ गर्ने प्रक्रियाको अभ्यास गर्न<br>• गाउँपालिका क्षेत्रमा वातावरण प्रदूषणको न्यूनीकरण र फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय, संघसंस्थाहरू र गाउँपालिका**को** भूमिका बताउन, घर तथा विद्यालयमा जडीबुटी खेती गर्न, उपयोग बताउन र प्रयोग गर्न तथा यसको बजारीकरण गर्न<br>• हरित घर तथा विद्यालय निर्माणका लागि आवश्यक आधारभूत पक्षहरु पहिचान गर्न<br>• हरित विद्यालयको प्रवर्धन गर्ने उपायहरुको खोजी गरी ती उपायहरु अवलम्बन गर्न<br>• स्थानीय क्षेत्रमा पानीको दिगो व्यवस्थापनको उपायहरु खोजी गर्न<br>• दिगो विकासका लक्ष्यहरु प्राप्तिका लागि स्थानीय सरकारले गर्दै आएका कार्यहरु पहिचान गरी प्रभावकारी बनाउने उपायहरुको खोजी गर्न |
| **६. ममूल्यमा आधारित शिक्षा र जीवन उपयोगी सीप** | • असल बोल्ने स्वभावको प्रयोग गर्दै खुसी र सुखी हुने बानीको अभ्यास गर्न<br>• सामाजिक सञ्जालको सामान्य परिचय दिन<br>• प्रभावकारी सञ्चार सीपको विकास गर्न<br>• आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गर्न<br>• आफूसँग भएका प्रतिभा र क्षमताका आधारमा आफ्नो लक्ष्य किटान गर्न | • असल नागरिक हुन आवश्यक सीपहरु पहिचान गरी प्रयोग गर्न<br>• सामाजिक सञ्जालको महत्व र उचित प्रयोग गर्न<br>• घर/विद्यालयमा हुने सामान्य विवाद र झगडामा मध्यस्थता गर्ने सीपको विकास गर्न<br>• आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्यका | • सामाजिक सञ्जालको दुरुपयोग,यसका प्रभाव र बच्ने उपायहरुको खोजी गर्न<br>• हाम्रो समुदाय र गाउँपालिका प्रति आफ्नो कर्तव्य र जवाफदेहिताको बोध गर्न<br>• जीवनमा असल र सफल बन्ने उपायहरुको खोजी गर्न<br>• आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्य र प्रतिबद्धताका साथ अघि बढ्ने क्षमताको अभ्यास गर्न<br>• आत्मविश्वास र निर्णय लिन सक्ने क्षमताको विकास गर्न |

| | | | |
|---|---|---|---|
| | • परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने आचरणको पहिचान र अभ्यास गर्न | साथ अघि बढ्ने क्षमताको अभ्यास गर्न<br>• असल स्वभावको प्रयोग गर्दै खुशी र सुखी हुने बानीको अभ्यास गर्न<br>• परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने आचरणको पहिचान गरी सोको अभ्यास र प्रदर्शन गर्न | • असल स्वभावको प्रयोग गर्दै खुशी र सुखी हुने बानीको अभ्यास गर्न<br>• परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने आचरणको अभ्यास र प्रदर्शन गर्न |
| **७.सामाजिक संघ संस्थाहरु र स्थानीय व्यक्तित्व** | • गाउँ भित्रको पहिलो माध्यमिक तह संचालन भएको विद्यालयको स्थापना गर्ने व्यक्तित्वहरुको चिनारी र जीवनी भन्न ।<br>• प्राविधिक विद्यालय श्री जनता नमुना प्राविधिकधार माध्यमिक बिद्यालय सोनबर्साको सामान्य परिचय,सेवाहरुबारे जानकारी प्राप्त गर्न ।<br>• खेलाडीहरुको जीवनीबाट प्राप्त शिक्षा लिन । | • गाउँ भित्रका शहिदहरुको परिचय र उनीहरुको योगदान बारे चार्चा गर्न<br>• गाउँ भित्र पहिलो विद्यालयको परिचय दिन र पुर्‍याएको योगदान वर्णन गर्न | • सहकारीको परिचय दिन र उत्पादित वस्तुहरुको जानकारी लिन<br>• स्थानीय ख्याती प्राप्त व्यक्तिहरुको जीवनी र योगदान बताउन |

## ४. विषयवस्तुको क्षेत्र र क्रम (कक्षा १-३)

| क्षेत्र/थिम | कक्षा १ | कार्य घण्टा | कक्षा २ | कार्य घण्टा | कक्षा ३ | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| **१ नवराजपुर गाउँपालिकाको परिचय** | • हाम्रो गाँउटोलमा रहेको धार्मिक स्थलको नाम (हजारी माता मन्दिर, राजदेवी मन्दिर शिव मन्दिर, डिहीबार मन्दिर, सल्हेश मन्दिर, ईदगाह, कबुरगाह, मस्जिद दिनाभद्री मन्दिर आदि)<br>• आफ्नो घर नजिकै रहेका बजार ( किनमेल गर्ने ठाउँ )<br>• आफु पढने विद्यालय र छिमेकी विद्यालयको नाम | ३० | • आफ्ना वडा भित्र रहेका नदी, खोला र बाटाको अवस्थिति<br>• आफु बस्ने वडा भित्रका गाउँ/टोलको नाम भन्न र तिनको अवस्थिति<br>• आफु बस्ने वडाको वडा नं. र वडा कार्यालयको ठेगाना<br>• नवराजपुर गाउँपालिकाको नाम, गाउँ कार्यपालिका रहेको ठेगाना र स्थापना भएको साल वताउन | ३० | • गाउँ भित्रका मुख्य मुख्य सडकहरुको नाम र अवस्थिति<br>• नवराजपुर गाउँपालिकाको भौगोलिक अवस्थाको सामान्य जानकारी<br>• प्रदेशको नक्सामा नवराजपुर गाउँ पालिका<br>• आफु बसोबास गर्ने वडाका वडा अध्यक्ष र सदस्यहरुको नाम | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • आफ्नो परिवार तथा आफू बसेको गाउँ/ टोलको नाम<br>• आफ्नो गाउँ/टोलको वरिपरिको गाउँ/ टोलको नाम<br>• आफ्ना गाउँ वरपर रहेको नदी,खोला र बाटाको नाम<br>• आफ्नो गाउँ/टोलको स्वास्थ्य स्वयम् सेविकाको नाम र चिनारी | | • जिल्लाको नक्सामा नवराजपुर गाउँपालिका देखाउन ।<br>• गाउँ/टोल नजिक रहेका स्वास्थ्य प्रदायक सस्था, क्लिनिकहरुको नाम र ठेगाना बताउन । | | • आफु बसोबास गर्ने वडा भित्र रहेका स्वास्थ्य प्रदायक सस्था, क्लिनिकको नाम र ठेगाना | |
| **२.नवराजपुर गाँउपालिकाको**<br><br>**सामाजिक संस्कार र संस्कृति** | • गाँउ टोलमा बोलिने मुख्य भाषाहरु<br>• पोशाकहरुको नाम र लगाउने तरिका<br>• गहनाको नाम र लगाउने तरिका<br>• आफ्नो गाँउ टोलमा बसोबास गर्ने जातजातिको नाम<br>• गाउँ टोलका जातजातिबिचको सांस्कृतिक भिन्नता बारे सामान्य जानकारी<br>• घरमा बनाईने खानाका परिकारहरु र स्थानीय लोक बाजाहरु<br>• स्थानीय लोकगीतहरु | ३० | • वडा भित्रका जातजातिले लगाउने पोशाकहरु<br>• स्थानीय भेषभूषाको परिचय<br>• स्थानीय चाडपर्वहरुको नाम र मनाउने जाति र नाम<br>• वडा भित्रका जातजातिहरुको थर<br>• आफु र आफ्नो साथीले बोल्ने भाषाको जानकारी<br>• वडा भित्र बोलिने भाषाहरु<br>• स्थानीय लोकगीत गाउने जातजातिहरुको पहिचान र ती जातजातिले गाउने मुख्य लोकगीतहरु गाउने अभ्यास<br>• स्थानीय लोकबाजाहरु मध्ये कुनै मुख्य एक बाजा बजाउने अभ्यास | ३० | • स्थानीय जातिहरुले गर्ने पूजाहरुको परिचय दिन र महत्व<br>• स्थानीय लोकगीतहरु गाउने अभ्यास<br>• स्थानीय लोकबाजाहरु जस्तै **ढोलक** हरमुनिया,झ्याईल, आदि बजाउने अभ्यास,गाउँ भित्रका जातजातिहरु,गाउँ भित्र बोलिने भाषाहरु<br>• गाउँ भित्रका जातजातिले लगाउने पोशाकहरु<br>• स्थानीय लोक नृत्यहरुको पहिचान<br>• कुनै एक स्थानीय लोकगीतमा नृत्य अभ्यास | ३० |
| **३.नवराजपुर गाउँपालिकाको पेसा,व्यवसाय र पर्यटन** | • आफ्नो अभिभावकले गर्ने मुख्य कामहरुको नाम<br>• आफ्नो घरमा वर्ष भरि उत्पादन हुने बालीको नाम<br>• गाँउटोलमा घुम्नलायक स्थानहरुको नाम<br>• घरमा उत्पादन भएका वस्तुहरु बिक्री गर्ने स्थान पहिचान | ३० | • गाँउटोलका व्यक्तिहरुले गर्ने मुख्य पेशा तथा व्यवसायको नाम<br>• आफ्नो घरमा बर्षभरि उत्पादन सकिने तरकारी तथा फलफूलको नाम<br>• वडामा घुम्नलायक स्थानहरुको नाम<br>• दैनिक किनमेल गर्ने स्थानको नाम र तिनीहरुको सामान विवरण | ३० | • गाँउ टोलमा प्रचलित हस्तकलाका सामग्रीहरु पहिचान<br>• स्थानीय स्तरमा उत्पादन हुने सिजन अनुसारको तरकारी र फलफूल पहिचान र तिनको महत्व<br>• गाँउ भित्र घुम्नलायक स्थानहरु पहिचान र तिनको सामान्य विवरण | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | • गाँउ टोलमा उत्पादित वस्तुहरु बिक्री गर्ने स्थानको परिचय | |
| **४.खेलकुद र स्वस्थ जीवन र खेलकुद** | • शरीरका अङ्गको सरसफाइ<br>• व्यक्तिगत सरसफाइको लागी आवश्यक सामग्रीको नाम<br>• सरसफाइ गर्नुपर्ने स्थान<br>• आफ्नो र घरको सरसफाइ गर्नुपर्ने कारण र सरसफाइमा सहभागी<br>• स्थानीय खेलहरु पहिचान र खेल्ने अभ्यास | १० | • आफ्नो शरीरको सरसफाइ<br>• व्यक्ति सरसफाइको महत्व<br>• दैनिक रुपमा गरिने सरसफाइ<br>• घर तथा विद्यालयको सरसफाइमा सहभागी<br>• स्थानीय खेलहरु खेल्ने अभ्यास र महत्व | १० | • स्वस्थ शरीरको लागि आवश्यक पर्ने तत्वहरु<br>• सरसफाइ गर्दा हुने फाइदा र नगर्दा हुने असरहरु पहिचान<br>• आफ्नो वरपरको वातावरणको सरसफाइमा सहभागी<br>• भोजनको परिचय<br>• स्थानीय खेलहरु खेल्ने अभ्यास र खेल खेल्दा हुने फाइदाहरु पहिचान | १० |
| **५.हाम्रो वातावरण र विपद् व्यवस्थापन** | • फूलबारी तथा बोटबिरुवाहरूको हेरचाह<br>• स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरु<br>• व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिका स्थानीय क्षेत्रमा पाइने बोटविरुवाहरुको नाम<br>• स्थानीयस्तरमा हुन सक्ने विपदहरु पहिचान (बाढी, आगलागी)<br>• घर तथा स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरूको नाम<br>• घर तथा विद्यालयको बगैंचामा भएका बिरुवाहरुको पहिचान<br>• घर तथा विद्यालयमा भएका बोटबिरुवाको संरक्षणमा सहयोग<br>• घर तथा विद्यालयमा गरिने वृक्षरोपणमा सहयोग<br>• वातावरणको सरसफाईमा सहभागी<br>• फोहोर मैलाको पहिचान | ४० | • घर र विद्यालयमा वृक्षरोपणमा सहभागी<br>• बोट बिरुवाको संरक्षणमा सहयोग<br>• वडामा भएका पानीका स्रोतहरुको परिचय<br>• बाढी र आगलागीको परिचय<br>• स्थानीय क्षेत्रमा पाइने बोटबिरुवाहरुको वर्गीकरण<br>• बगैंचाको परिचय<br>• व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाईमा सहभागी<br>• वरपरको वातावरण फोहोर हुने कारणहरू पहिचान<br>• फोहोर मैलाको परिचय र प्रकार (कुहिने र नकुहिने) | ४० | • घर र विद्यालयमा बगैंचाको निर्माणमा सहयोग र हेरचाह<br>• घर र विद्यालयमा पानीका स्रोतहरुको उपयोग गर्ने तरिका बताउन र सदुपयोग<br>• घर,छरछिमेक,विद्यालय तथा समुदायको सरसफाइमा सहभागी<br>• बाढी र आगलागी हुने कारणहरु<br>• स्थानीय बोटबिरुवाहरूको परिचय<br>• स्थानीय बोट विरुवाको महत्व तथा उपयोग<br>• विद्यालयमा बगैंचाको आवश्यकता र महत्व<br>• फोहोरमैला व्यवस्थापनको परिचय<br>• विद्यालयमा फोहोर मैलाको वर्गीकरण र व्यवस्थापन(कुहिने,नकुहिने र तरल)मा सहयोग<br>• वरपरको वातावरण सफा राख्ने उपायहरु पहिचान र सरसफाइ कार्यमा सहभागी | ४० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **६.मूल्यमा आधारित शिक्षा र जीवन उपयोगी सीप** | • समूहमा मिलेर बस्ने अभ्यास गर्न<br>• साथी र घर परिवारका सदस्यहरुलाई सामान्य सहयोग गर्न<br>• स्वयं व्यवस्थापन सीपको विकास गर्न | १० | • घर र विद्यालयमा अनुशासन र आचरणको पालना गर्न ।<br>• अभिभावक, शिक्षक र मान्यजन प्रति नम्र व्यवहार र सम्मान व्यक्त<br>• आफूले जानेका कुराहरुको सञ्चार गर्न | १० | • आत्मनिर्भर हुने बानीको विकास गर्न<br>• अरुप्रति दया, माया, करुणाको भाव प्रकट गर्ने सीपको विकास गर्न<br>• सहयोगात्मक तथा सहकार्यात्मक सीपको प्रयोग गर्न | १० |
| **७.सामाजिक संघ संस्थाहरु र स्थानीय व्यक्तित्व** | • स्थानीय सामाजिक संस्थाहरुको पहिचान<br>• आफ्नो टोल र समुदायको नेतृत्व गर्ने व्यक्तिहरुको पहिचान<br>• आफ्नो विद्यालयको छोटो परिचय | १० | • वि.व्य.स. अध्यक्षको परिचय<br>• आफ्नो टोल र समुदायको नेतृत्व गर्ने व्यक्तिहरुको परिचय<br>• मुख्य उपभोक्ता समूह,सामूदायिक समूहहरुको परिचय | १० | • वडा भित्र संचालित स्वास्थ्य संस्थाका सेवाहरुको जानकारी<br>• आफ्नो टोल र समुदायको नेतृत्व गर्ने व्यक्तिहरुको योगदान<br>• वडा अध्यक्ष र सदस्यहरुको नाम<br>• गाउँ भित्र रहेका आमा समूहको पहिचान गर्न र परिचय दिन । | **१०** |
| जम्मा | | १६० | | १६० | | **१६०** |

## विषयवस्तुको क्षेत्र र क्रम (कक्षा ४-५)

| **क्षेत्र/एकाइ** | **कक्षा ४** | **कार्य घण्टा** | **कक्षा ५** | **कार्य घण्टा** |
|---|---|---|---|---|
| **१ नवराजपुर गाउँपालिकाको परिचय** | • गाउँपालिका भित्रको जनसंख्या (महिला र पुरुषको) तथ्याकं<br>• गाउँपालिका भित्रका मुख्य बाटाघाटाहरु पहिचान<br>• नवराजपुरको भौगालिक अवस्था (सिमाना, क्षेत्रफल)<br>• गाउँपालिका भित्रका वडाहरुको संख्या,वडा कार्यालयहरुको ठेगाना<br>• गाउँपालिका भित्र हुने आर्थिक क्रियाकलापहरु | १५ | • गाउँपालिका भित्र वडा अनुसारको घरधुरी संख्या र पेशागत विवरण<br>• गाउँपालिका भित्रका वडा अनुसारको जनसंख्या (महिला र पुरुष)<br>• गाउँपालिकाको नामाकरण रहनुको जानकारी<br>• आफू बस्ने वडाको नक्सा कोर्न र नक्सामा मुख्य मुख्य स्थानहरु<br>• गाउँपालिकाको आयस्रोतहरु | १५ |
| **२.नवराजपुर गाँउपालिकाको** | • आफूले मनाउने चाडपर्वहरु (दशै ,तिहार, माघी, दाहामेला, ईन्द्र मेला, तिलासंक्रान्ति, लक्ष्मी पूजा, फगुवा | २५ | • आफ्नो समुदायको जन्म तथा मृत्यु संस्कारको परिचय<br>• गाउँपालिका भित्रका समुदायको प्रचलित रीतिरिवाज र परम्पराको महत्व | २५ |

| | | | | |
|---|---|---|---|---|
| **सामाजिक संस्कार र संस्कृति** | पर्व, छैठ पर्व, चौरचन,सोमबारी, झिझिया, ईद, बकरिद आदि )<br>• आफ्ना नातेदारहरु नाम, ठेगान र रीति रिवाज<br>• सामाजिक शिष्टाचार तथा नियमहरु<br>• आफूले मनाउने चाडपर्वको महत्व,मेलाको परिचय<br>• समुदायमा प्रचलिन लोकगीत गाउने अभ्यास<br>• स्थानीय स्तरमा प्रचलित कुनै एक लोकबाजा तालमा<br>• समुदायमा प्रचलित गीतमा हाउभाउ सहित लोक नृत्य<br>• गाउँपालिका भित्रको सामाजिक, सांस्कृतिक, धार्मिक तथा जातिगत अवस्थाको परिचय<br>• वडा भित्रका धार्मिक स्थलहरुको सामान्य परिचय | | • हाम्रा गाउँ भित्रका धार्मिक स्थलहरुको संक्षिप्त परिचय दिन (हजारी माता मन्दिर, राजदेवी मन्दिर शिव मन्दिर, डिहीबार मन्दिर,सल्हेश मन्दिर, ईदगाह, कबुरगाह, मस्जिद,दिनाभद्री मन्दिर आदि)विवाह संस्कारको परिचय दिन र महत्व<br>• मेलाको एतिहासिक महत्वको छोटो जानकारी<br>• कृष्णाष्टमी, आइतवारी, अन्य व्रतको परिचय र महत्व<br>• स्थानीयस्तरमा प्रचलित मुख्य लोकगीतहरुमा हाउभाउ सहित गाउन र नृत्य (अल्लाहरुदल ,सलहेस नाच,गोपिचन,लोरिक,सितबसन्त आदि) स्थानीय प्रचलित कुनै दुई लोकबाजाहरु बजाउने अभ्यास<br>• गाउँपालिका भित्रको सामाजिक, सांस्कृतिक, धार्मिक तथा जातिगत अवस्थाको महत्व | |
| **३. नवराजपुर गाउँपालिकाको पेसा, व्यवसाय र पर्यटन** | • स्थानीय परम्परागत प्रविधिको परिचय (ढिकी, जाँतो, कोल)<br>• घर तथा स्थानीय समुदायमा उत्पादन हुने कृषिजन्य उत्पादनहरुको पहिचान<br>• स्थानीय स्तरमा निर्मित हस्तकलाका सामग्रीहरुका नाम र निर्माणका लागि आवश्यक सामग्री र प्रयोजन( नाङ्ला/सुपा,खल,सिलौट,लोरही, उखैर,भाथी हथौरी, आरी,डाली,ढकिया, पटिया, कोनिया, मुजेला, डोरी, गोनेर,सपटा, बेना, डाला, चङेरी, जाबी, आदि )<br>• घर तथा समुदायमा उत्पादन भएका वस्तुको बजारीकरण गर्ने तरीका सँग परिचित | २५ | • मौसमी र बेमौसमी तरकारी खेतीको परिचय दिन र खेती गर्ने कार्यमा सहभागी<br>• गाउँपालिका भित्र उत्पादन हुने नगदे बालीहरुको परिचय दिन र प्रयोग<br>• गाउँ भित्रका पर्यटकीय स्थलहरुको परिचय)हजारी माता मन्दिर, राजदेवी मन्दिर शिव मन्दिर, डिहीबार मन्दिर, सल्हेश मन्दिर, ईदगाह, कबुरगाह, मस्जिद,दिनाभद्री मन्दिर आदि (<br>• गाउँपालिका भित्रका कृषि पकेट क्षेत्रहरुको परिचय<br>• गाउँपालिका भित्रका व्यापारिक केन्द्रहरु र विभिन्न सामग्री खरिद गर्ने स्थलहरुको परिचय<br>• परम्परागत हस्तकला बनाउने सीपहरुको अभ्यास | २५ |
| **४.स्वस्थ जीवन** | • स्वस्थ र अस्वस्थ भोजन पहिचान गर्न र भिन्नता<br>• स्वस्थकर खाना प्रयोग गर्ने तरिका बताउन र प्रयोग<br>• सही किसिमले उठ्ने, बस्ने र सुत्ने तरिका र अभ्यास<br>• योग (सूर्य नमस्कार ) अभ्यास | १० | • प्राकृतिक खाना र कृत्रिम खानाको पहिचान गर्न उपयुक्त खानको सेवन<br>• विद्यालयमा ल्याइने/खाइने स्वस्थकर खाजा पहिचान<br>• विद्यालयमा स्वस्थ खाजा<br>• योगको महत्व बताउन र योगाभ्यास (कपालभाँति, अनुलोम विलोम) | १० |

| | | | | |
|---|---|---|---|---|
| **५.हाम्रो वातावरण र विपद् व्यवस्थापन** | • गाउँपालिकामा पाइने जीव जन्तु र चराहरुको परिचय दिन र महत्व<br>• बाढी र आगलागीबाट हुने असरहरु<br>• विद्यालयमा बगैंचा र वृक्षारोपणमा सहभागी<br>• वातावरण र विकासको परिचय<br>• गाउँपालिका क्षेत्रमा भएका पानीका स्रोतहरुको परिचय, उपयोग र आवश्यकता अनुसार प्रयोग<br>• फोहोर मैलाले स्थानीय स्तरमा पारेको असर पहिचान<br>• वातावरण प्रदूषणको स्थानीय अवस्थाको पहिचान<br>• फोहोरमैलाको वर्गीकरण (ठोस, तरल, शिशाजन्य र ग्याँस) व्यवस्थापनमा सहयोग | ३३ | • विद्यालय तथा घरमा स्थानीय औषधिजन्य वनस्पति र फलफूल बगैंचाको निर्माणमा सहभागी<br>• गाउँपालिका क्षेत्रमा पाइने वनस्पति र जीवजन्तुको संरक्षणमा विद्यार्थी, विद्यालय, समुदायको भूमिका पहिचान र अवलम्बन<br>• गाउँपालिका क्षेत्रमा जलस्रोतको प्रदूषणका कारण र असरहरु पहिचान<br>• बाढी र आगलागीबाट बच्ने उपायहरु पहिचान गर्न र अवलम्बन<br>• गाउँपालिका क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरुको उपयोग र महत्व<br>• घर र विद्यालयमा उपयोग हुने उर्जाको परिचय<br>• वातावरण संरक्षणको परिचय<br>• विद्यालय तथा स्थानीय क्षेत्रमा फोहोर मैलाको व्यवस्थापनका उपायहरुको खोजी गरी अवलम्बन | ३३ |
| **६. मूल्यमा आधारित शिक्षा र जीवन उपयोगी सीप** | • समाजको असल नागरिक हुनका लागि आवश्यक पर्ने सीपहरु पहिचान र सीप विकासको अभ्यास<br>• समाजका असल मानिसहरुले गरेका कार्यहरु पहिचान र उक्त कार्यको अनुसरण गर्ने सीप र आचरणको अभ्यास<br>• जीवनमा लक्ष्य किटान गरी अघि बढ्ने सीप र बानीको अभ्यास | १० | • परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने स्वभाव र आचरणको पहिचान र अभ्यास<br>• जिल्ला भित्रका असल मानिसहरुले गरेका कार्यहरु पहिचान र उक्त कार्यको अनुसरण गर्ने सीप र आचरणको विकास<br>• आफू सँग भएका संभावनाहरुको स्वमूल्याङ्कन गरी सही लक्ष्यका साथ अघि बढ्ने क्षमताको अभ्यास | १० |
| **७.सामाजिक संघ संस्थाहरु र स्थानीय व्यक्तित्व** | • गाउँ भित्र संचालित स्वास्थ्य संस्थाहरुको सामान्य परिचय र ती संस्थाहरुबाट प्राप्त हुने सेवाहरु<br>• आफ्नो विद्यालयको स्थापना गर्ने व्यक्तित्वहरुको परिचय (संस्थापक अध्यक्ष र प्र.अं)<br>• वडा भित्र संचालित शैक्षिक संस्थाहरुको परिचय<br>• शैक्षिक व्यक्तित्वको जीवनी र त्यसबाट शिक्षा ग्रहण | १० | • गाउँपालिका भित्रका वित्तिय संस्था तथा सहकारी संस्थाहरुको परिचय<br>• वडा भित्रको सहकारी संस्थाले गर्ने कार्यहरु पहिचान<br>• गाउँ भित्र संचालन भएको पहिलो शैक्षिक संस्था स्थापना गर्ने व्यक्तित्वहरुको परिचय<br>• गाउँ भित्रका मुख्य सहकारी संस्थाहरुको छोटो परिचय<br>• गाउँ भित्रका स्वास्थ्य संस्थाहरु बाट प्रदान गरिने स्वास्थ्य सेवाहरुका प्रकारहरु | १० |
| जम्मा | | १२८ | | १२८ |

## विषयवस्तुको क्षेत्र र क्रम (कक्षा ६-८)

| क्षेत्र/एकाइ | कक्षा ६ | का.घ. | कक्षा ७ | का.घ. | कक्षा ८ | का.घ. |
|---|---|---|---|---|---|---|
| **१ नवराजपुर गाउँपालिकाको परिचय** | • गाउँ पालिकाको नक्सा कोर्न र मुख्य मुख्य स्थानहरु<br>• वडा कार्यालयबाट प्रदान गरिने सेवा सुविधाहरुको जानकारी<br>• वडा कार्यालयबाट बालबालिकालाई प्रदान गर्ने सेवा सुविधाको जानकारी<br>• गाउँ भित्र रहेका सुरक्षा निकाय र अवस्थिति साथै तिनले प्रदान गर्ने सेवाहरु र सेवा लिने तरिकाहरु<br>• वडाले शिक्षा, बालबालिका तथा युवाहरुका लागि तय गरेका कार्यक्रमहरुबारे जानकारी<br>• गाउँपालिकाको जन प्रतिनिधिहरुको नाम र पद | २० | • जिल्लाको नक्सा कोर्न र आफ्नो गाउँ पालिका तथा अन्य मुख्य मुख्य स्थान, नदी, धार्मिक स्थल<br>• गाउँका गौरव आयोजनाहरुको परिचय<br>• गाउँका गौरवका आयोजना मध्ये आफ्नो गाउँ तथा टोलमा संचालनमा आयोजनाको जानकारी<br>• गाउँको शैक्षिक अवस्था, गाउँपालिकाले पालिकाले शिक्षा, बालबालिका तथा युवाहरुका लागि तय गरेका कार्यक्रमहरुबारे जानकारी<br>• गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधाहरु<br>• गाउँ कार्यपालिका, व्यवस्थापिका र न्यायिक समितिको गठन प्रक्रिया | २० | • प्रदेशको नक्सा निर्माण र आफ्नो जिल्ला, गाउँ पालिका र मुख्य मुख्य घटनाहरुको अवस्थिति<br>• गाउँ सभाको बैठक बस्ने तरिका काम कर्तव्य र अधिकार<br>• गाउँ कार्यपालिका, व्यवस्थापिका र न्यायिक समितिको काम कर्तव्य र अधिकारको जानकारी<br>• गाउँ पालिकाले जारी गरेको मुख्य ऐन र नियमावलीको संक्षिप्त जानकारी | २० |
| **२.नवराजपुर गाउँपालिकाको सामाजिक संस्कार र संस्कृति** | • मधेसीहरुले बजाउने बाजाहरुको पहिचान<br>• मधेसीहरुको लोकनृत्य प्रर्दशन<br>• मधेसीहरुको रितिरिवाज चार्डपर्वको र धर्म संस्कृतिको परिचय | २० | • मधेसीहरुले गाउने गीतहरुको अभ्यास<br>• मधेसीहरुले बजाउने बाजाहरुको परिचय दिन र बजाउने अभ्यास<br>• मधेसीहरुको इतिहास, भेषभुषा र चाडपर्वको परिचय<br>• मधेसीहरुको रितिरिवाज र धर्म संस्कृतिको संक्षिप्त जानकारी | २० | • थारु मुस्लिम समुदायको संस्कार, संस्कृतिको परिचय, महत्व र प्रर्वद्धनका उपायहरु<br>• परम्परागत संगठन प्रणालीको परिचय, काम, महत्व र प्रवर्धनका उपायहरु<br>• मधेशी समुदायको संस्कार, संस्कृतिको परिचय, महत्व र प्रबर्धनका उपायहरु | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • मधेसीहरुले बर्ष भरि गर्ने पूजापाठहरुको संक्षिप्त परिचय<br>• मधेसीहरुले गाउने लोकगीत<br>• धामिर्क स्थलको परिचय(हजारी माता मन्दिर, राजदेवी मन्दिर शिव मन्दिर, डिहीबार मन्दिर, सल्हेश मन्दिर, ईदगाह, कबुरगाह, दिनाभद्री मन्दिर मस्जिद आदि ) | | • मधेसीहरुले गर्ने लोकनृत्यहरुको अभ्यास<br>• थारु जातिहरुको संस्कार र संस्कृति | | • हाम्रा समाजिक समस्याहरु,जस्तै बालविवाह, बोक्सी लगायत अन्य र समाधानका उपायहरु<br>• असल संस्कृति हस्तान्तरणका उपायहरु | |
| **३. नवराजपुर गाउँपालिकाको पेसा, व्यवसाय र पर्यटन** | • नवराजपुर गाँउपालिकामा पर्यटन व्यवसायको संभावना र प्रर्वद्धनका उपायहरु<br>• कृषि र पशुपालनको परिचय<br>• स्थानीय परम्परागत हस्तकलाका सामग्री निर्माण (रसी बाटने, रसीका प्रकारहरु र प्रयोजन, हाते पंखा आदि ) | २५ | • स्थानीय कृषी उत्पादन विधिहरु<br>• स्थानीय विउ विजन भण्डारणका पराम्पागत शैलीहरुको पहिचान र अवलम्बन<br>• स्थानीय विउ विजन संरक्षण गर्ने तरिकाहरु<br>• स्थानीय परम्परागत हस्तकलाका सामग्रीहरु निर्माण | २५ | • स्थानीय परम्परागत हस्तकलाका सामग्रीहरु निर्माण<br>• पर्यटन व्यवसाय विकासका अवसर र चुनौती पहिचान<br>• परम्परागत पेशा, व्यवसाय र प्रविधिको परिचय र महत्व<br>• आरन(भाथी) र कलको परिचय र कार्यप्रक्रिया बताउन<br>• पर्यटन व्यवसाय प्रर्वद्धन, व्यवसाय विस्तार, कृषिको आधुनिकीकरणका लागि गाउँको योजना | २० |
| **४.स्वस्थ जीवन** | • स्थानीय स्वास्थ्य सेवा प्रदायक संस्थाहरुले प्रदान गर्ने सेवाहरुको परिचय र सेवाको जानकारी | ५ | स्थानीय स्वास्थ्य सेवा प्रदायक संस्थाहरुले प्रदान गर्ने सेवाहरुको परिचय र सेवा | ५ | • सुनौला हजार दिनको परिचय र महत्व<br>• स्वास्थ्य र पोषण सम्बधि जानकारी | ५ |
| **५.हाम्रो वातावरण र विपद् व्यवस्थापन** | . नदी कटान व्यवस्थापनमा गरिएका प्रयासहरु पहिचान<br>. घर तथा विद्यालयमा जडीबुटी खेती गर्न र यसको महत्व<br>. विपद् जोखिम न्यूनीकरणको परिचय<br>. विपद् पूर्व अपनाइने सजगताको जानकारी<br>. वडा क्षेत्रमा वृक्षारोपणमा सहभागी | ३८ | . गाउँ स्तरमा प्रकोप व्यवस्थापनमा संलग्न सामाजिक संस्थाहरुले गरेका कार्यहरु<br>. स्थानीय स्तरमा हुने विपद् जोखिम न्यूनीकरणका उपायहरु<br>. वडा स्तरमा प्रकोप व्यवस्थापनका लागि गरिएका प्रयासहरु र सहभागी | ३८ | . स्थानीय स्तरमा हुने विपद् व्यवस्थापनमा सहभागिता<br>. गाउँ स्तरमा प्रकोप व्यवस्थापनका लागि गरिएका अभ्यासहरुको जानकारी र सहभागी<br>. प्रकोप व्यवस्थापनमा रेडक्रसको भूमिका<br>. खाली जग्गा, घर र विद्यालयमा वृक्षारोपण<br>. घर तथा विद्यालयमा जडीबुटी खेती गर्न, उपयोग र प्रयोग गर्न तथा यसको बजारीकरण | २८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • हरीयाली प्रवर्धनको परिचय, महत्व, तरिका बताउन र हरियाली प्रवर्धनमा सहभागिता<br>• हरित घर तथा विद्यालयको अवधारणा<br>• विद्यालयमा करेसावारीको निर्माणमा सहभागी<br>• घर, विद्यालय र स्थानीय क्षेत्रमा हुन सक्ने फोहोर तथा प्रदूषण न्यूनीकरणका उपायहरू पहिचान र अवलम्बन<br>• गाउँपालिका क्षेत्रमा खानेपानीको स्रोत, वितरण र पानी शुद्धिकरणका स्थानीय उपायहरु पहिचान र अभ्यास<br>• गाउँपालिका स्तरबाट पूरा गर्न सकिने दिगो विकासका लक्ष्यहरु पहिचान<br>• गाउँपालिका क्षेत्रमा दिगो विकास र वातावरण संरक्षण तरिकाहरु | | • हरित घर तथा विद्यालय आवश्यकता तथा महत्व<br>• घर र विद्यालयमा करेसावारी र पुष्प बगैंचाको निर्माण, उत्पादन, बजारीकरण<br>• घरायसी उपयोग भईसकेको पानीको व्यवस्थापन अन्तर्गत सोकपिट निर्माण र करेसाबारीमा उपयोग<br>• घरायसी ठोस फोहोरको व्यवस्थापन अन्तर्गत गड्यौले मल निर्माण र उपयोग<br>• दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध<br>• दिगो विकास र वातावरण संरक्षणका लागि विद्यार्थी, विद्यालय र समुदायको भूमिका पहिचान | | • घरायसी ठोस फोहोरको व्यवस्थापन अन्तर्गत बिन कम्पोष्टिङ तथा पिट कम्पोष्टिङ गर्ने प्रक्रियाको अभ्यास<br>• गाउँपालिका क्षेत्रमा वातावरण प्रदूषणको न्यूनीकरण र फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय, संघसंस्थाहरू र गाउँ पालिकाको भूमिका<br>• हरित घर तथा विद्यालय निर्माणका लागि आवश्यक आधारभूत पक्षहरु पहिचान<br>• हरित विद्यालयको प्रवर्द्धन गर्ने उपायहरुको खोजी गरी ती उपायहरु<br>• स्थानीय क्षेत्रमा पानीको दिगो व्यवस्थापनको उपायहरु खोजी<br>• आकासे पानी संकलन विधि बताउन, संकलन र उपयोग<br>• दिगो विकासका लक्ष्यहरु प्राप्तिका लागि स्थानीय सरकारले गर्दै आएका कार्यहरु पहिचान तथा प्रभावकारी बनाउने उपायहरुको खोजी | |
| **मूल्यमा आधारित शिक्षा र जीवन उपयोगी सीप** | • आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन<br>• आफूसँग भएका प्रतिभा र क्षमताका आधारमा आफ्नो लक्ष्य किटान<br>• सामाजिक सञ्जालको सामान्य परिचय<br>• प्रभावकारी सञ्चार सीपको विकास<br>• असल बोल्ने स्वभावको प्रयोग गर्दै खुसी र सुखी हुने बानीको अभ्यास<br>• परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने आचरणको पहिचान र अभ्यास | १० | • घर/विद्यालयमा हुने सामान्य विवाद र झगडामा मध्यस्थता गर्ने सीपको विकास<br>• सामाजिक सञ्जालको महत्व र उचित प्रयोग<br>• असल नागरिक हुन आवश्यक सीपहरु पहिचान गरी प्रयोग<br>• असल स्वभावको प्रयोग गर्दै खुशी र सुखी हुने बानीको अभ्यास<br>• आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित | १० | • जीवनमा असल र सफल बन्ने उपायहरुको खोजी<br>• आत्मविश्वास र निर्णय लिन सक्ने क्षमताको विकास<br>• सामाजिक सञ्जालको दुरुपयोग, यसका प्रभाव र बच्ने उपायहरुको खोजी<br>• हाम्रो समुदाय र गाउँपालिका प्रति आफ्नो कर्तव्य र जवाफदेहिताको बोध<br>• असल स्वभावको प्रयोग गर्दै खुशी र सुखी हुने बानीको अभ्यास<br>• आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्य र | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | लक्ष्यकासाथ अघि बढ्ने क्षमताको अभ्यास<br>• परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने आचरणको पहिचान गरी सोको अभ्यास र प्रदर्शन | | प्रतिबद्धताका साथ अघि बढ्ने क्षमताको अभ्यास<br>• परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने आचरणको अभ्यास र प्रदर्शन | |
| सामाजिक संघ संस्थाहरु र स्थानीय व्यक्तित्व | • प्राविधिक विद्यालयको सामान्य परिचय, सेवाहरुबारे जानकारी<br>• गाउँ भित्रको पहिलो माध्यमिक तह संचालन भएको विद्यालयको स्थापना गर्ने व्यक्तित्वहरुको चिनारी र जीवनी<br>• खेलाडीहरुको जीवनीबाट प्राप्त शिक्षा | १० | • गाउँपालिका भित्रको पहिलो माध्यमिक विद्यालयको परिचय र पुर्‍याएको योगदान<br>• नवराजपुर गाउँपालिका भित्रका शहिद रमेश महतो लगायत अन्य व्यक्तिको परिचय र योगदान<br>• अस्पतालको परिचय दिन र यसले प्रदान गर्दै आएका सेवाहरु | १० | • सहकारीको परिचय र उत्पादित वस्तुहरुको जानकारी,सामान्य परिचय र कार्यहरु<br>• स्थानिय ख्याति प्राप्त व्यक्तित्वहरुको जीवनी र योगदान | १० |
| जम्मा | | १२८ | | १२८ | | १२८ |

## ४.१ विषयवस्तुको विस्तृतीकरण, सम्भावित शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कन प्रक्रिया

**कक्षा १**

| क्रस | क्षेत्र/एकाइ/थिम | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घन्टा. |
|---|---|---|---|---|---|---|
| १ | **नवराजपुर गाउँपालिकाको परिचय** | • आफ्नो गाउँ/टोलको वरिपरिको गाउँ/ टोलको नाम भन्न<br>• आफ्नो परिवार तथा आफू बसेको गाउँ/ टोलको नाम बताउन<br>• आफ्ना गाउँ वरपर रहेको नदी, | • आफ्नो परिवार तथा आफू बसेको गाउँ/ टोलको नाम<br>• आफ्नो गाउँ/टोलको वरिपरिको गाउँ/ टोलको नाम<br>• आफ्ना गाउँ वरपर रहेको नदी, खोला र बाटाको नाम<br>• आफु पढने विद्यालय र छिमेकी विद्यालयको नाम | • बालबालिकाहरुलाई आफू बसोबास गरेको गाउँ वा टोलको नाम भन्न लगाउने<br>• विद्यार्थीहरुलाई आफू बसोबास गर्ने स्थान वरपरका नदीनालाहरु, खोलाहरु,बाटाघाटाहरु के के छन् ? भन्न लगाउने, छलफल गराउने र चित्र, चार्ट, नक्सा, श्रव्यदृश्य सामग्रीको प्रयोग गरी तिनको जानकारी गराउने<br>• साथीको गाँउ चिन्ने खेल खेलाउने<br>• आफ्नो गाउँ टोलमा रहेका धार्मिक स्थलको भ्रमण गराई उक्त स्थलको परिचय गराउने | • आफू बसोबास गरेको गाउँ टोलको नाम भन्न लगाएर<br>• आफू बसोबास वरपर भएका नदीनाला, खोलाहरु, बाटाघाटाहरुको नाम सोधेर<br>• आफ्नो घर नजिकैको किनमेल गर्ने ठाउँ | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | खोला र बाटाको नाम बताउन<br>• हाम्रो गाँउटोलमा रहेको धार्मिक स्थलको नाम बताउन<br>• आफ्नो घर नजिकै रहेका बजार ( किनमेल गर्ने ठाउँ) बताउन<br>• आफु पढने विद्यालय र छिमेकी विद्यालयको नाम भन्न<br>• आफ्नो गाउँ/टोलको स्वास्थ्य स्वयम् सेविकाको नाम भन्न र चिन्न | • हाम्रो गाँउटोलमा रहेको धार्मिक स्थलको नाम<br>• आफ्नो घर नजिकै रहेका बजार (किनमेल गर्ने ठाउँ)<br>• आफ्नो गाउँ/टोलको स्वास्थ्य स्वयम् सेविकाको नाम र चिनारी | • आफ्नो घर नजिकै रहेको बजार, किनमेल गर्ने ठाउ, को भ्रमण गराई त्यहाँ गरिने क्रियाकलापको जानकारी गराउन नजिकको गाँउ वा टोलको अवलोकन गराउने<br>• आफू पढ्ने विद्यालय र छिमेकी विद्यालयको नाम बताउन लगाउने<br>• आफ्नो गाँउटोलको स्वास्थ्य सेविकाको चिनारी गराउनको लागि स्वास्थ्य स्वयम् सेविकालाई आमन्त्रण गरी परिचय गराउने र उनले गर्ने कार्यको जानकारी गराउन लगाउने | अर्थात् बजारको नाम सोधेर<br>• आफूले पढ्ने विद्यालय र छिमेकी विद्यालयको नाम सोधेर<br>• आफ्नो गाउँटोलमा रहेको धार्मिक स्थलेको नाम बताउन लगाएर<br>• आफ्नो गाउँ टोलको स्वास्थ्य स्वयम् सेविकाको नाम सोधेर | |
| २ | **नवराजपुर गाउँपालिकाको सामाजिक संस्कार र संस्कृति** | • गाउँटोलका जात जाति बिचको सांस्कृतिक भिन्नता बारे सामान्य जानकारी बटुल्न ।<br>• गाँउ टोलमा बोलिने मुख्य भाषाहरु पहिचान गर्न र पोशाकहरुको नाम | • गाँउटोलमा बोलिने मुख्य भाषाहरु<br>• पोशाकहरुको नाम र लगाउने तरिका र गहनाको नाम र लगाउने तरिका<br>• घरमा बनाईने खानाका परिकारहरु<br>• आफ्नो गाँउ टोलमा बसोबास गर्ने जातजातिको नाम | • विद्यार्थीहरुलाई उनीहरुको आफ्नो आफ्नो जातजातिमा कुन कुन संस्कृतिमा के के गरिन्छ सोध्ने र छलफल गराउने<br>• गाउँ टोलमा रहेका जातजातिले गर्ने सांस्कृतिक क्रियाकलापहरु झल्कने चित्र, श्रव्यदृश्य सामग्रीको माध्यमबाट जानकारी दिने<br>• प्रत्येक बालबालिकालाइ आफ्नो मातृभाषा बोल्न लगाउने र बोलेको भाषामा फरक छुट्याउने र तुलना गर्न लगाउने<br>• आफ्नो गाउँ टोलमा बस्ने जातजातिको नाम पहिचान गर्न लगाउने र यसको लागि गाउँ टोलमा | • गाउँ टोलमा रहेका जातजातिले गर्ने सांस्कृतिक क्रियाकलापहरु सोधेर<br>• मातृभाषामा बोलेको अवलोकन गरेर<br>• लगाउने पोशाक, गहना बताउन लगाएर<br>• घरमा बनेका खानाका परिकारहरु बताउन लगाएर | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | भन्न र लगाउने तरिका बताउन<br>• आफ्नो गाँउ टोलमा बसोबास गर्ने जातजातिको नाम भन्न<br>• गहनाको नाम भन्न र लगाउने तरिका बताउन<br>• घरमा बनाईने खानाका परिकारहरुको नाम भन्न<br>• स्थानीय लोक बाजाहरु पहिचान गर्न<br>• स्थानीय लोकगीतहरु पहिचान गर्न र सामान्य गाउने अभ्यास गर्न | • गाउँटोलका जात जाति बिचको सांस्कृतिक भिन्नता बारे सामान्य जानकारी<br>• स्थानीय लोक बाजाहरु<br>• स्थानीय लोकगीतहरु | बस्ने जातजातिको चित्र, पोष्टरको माध्यमको साथै श्रव्यदृश्य सामग्रीको प्रयोग गरी जातजातिको पहिचान गर्न लगाउने<br>• भाषा फरक भएका बालबालिकाको समूह बनाउने र एक अर्काको भाषाको अनुकरण गर्न लगाउने<br>• मधेसीले लगाउने पोशाक, गहना प्रदर्शन गरी जानकारी गराउने<br>• मधेसी जातिहरुको एक जना पुरुष र एक जना महिला बोलाई उनीहरुले लगाउने पोशाक र गहना प्रदर्शन गर्न लगाई जानकारी दिन लगाउने<br>• घरमा बनाईने गरेका खानाका परिकारहरु बताउन लगाउने र चित्र वा श्रव्यदृश्य वा परिकारहरु नै ल्याएर प्रदर्शन गर्ने र ती परिकारहरुको नाम बताउन लगाउने<br>• स्थानीय लोकबाजाहरु ल्याइ ती बाजाहरुको पहिचान गराउने<br>• गाइने लोकगीतहरु पहिचान गर्न लगाउने र मुख्य लोकगीतहरु गाउने सामान्य अभ्यास गराउने | • आफ्नो गाउँ टोलमा बस्ने जातजातिको नाम बताउन लगाएर<br>• स्थानीय लोकबाजाहरु ल्याइ ती बाजाहरुको पहिचान गर्न लगाएर<br>• स्थानीयस्तरमा गाइने लोकगीतहरु पहिचान गर्न लगाएर<br>• स्थानीय लोकगीत गाएको अवलोकन गरेर | |
| ३ | **नवराजपुर गाउँपालिकाको पेसा, व्यवसाय र पर्यटन** | • अभिभावकले गर्ने मुख्य कामहरुको नाम बताउन<br>• घरमा वर्ष भरि उत्पादन हुने बालीको नाम बताउन<br>• गाँउ टोलमा घुम्नलायक स्थानहरुको नाम | • अभिभावकले गर्ने मुख्य कामहरुको नाम<br>• आफ्नो घरमा वर्ष भरि उत्पादन हुने बालीको नाम<br>• गाँउ टोलमा घुम्नलायक स्थानहरुको नाम<br>• घरमा उत्पादन भएका वस्तुहरु बिक्री गर्ने स्थान पहिचान | • विद्यार्थीहरुलाई पालैपालो आफ्नो अभिभावकले गर्ने पेसा र व्यवसाय बताउन लगाउने<br>• घरमा वर्ष भरि उत्पादन गरिने अन्नबाली, तरकारी, फलफूल वा अन्य कुन कुन उत्पादन हुने गर्दछ ? छलफल गराउने र उक्त गाउँ टोलमा उत्पादन गरिने बालीहरु लगायतका अन्य वस्तुको उत्पादनको बारेमा जानकारी दिने<br>• टोल समुदायमा रहेको घुम्न लायक ठाउँको नाम भन्न लगाइ टिपोट गर्ने | • अभिभावकले गर्ने पेसा र व्यवसाय बताउन लगाएर<br>• घरमा वर्ष भरि उत्पादन गरिने अन्न बाली,तरकारी, फलफूलको नाम बताउन लगाएर | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | बताउन (हजारी माता मन्दिर, राजदेवी मन्दिर शिव मन्दिर, डिहीबार मन्दिर, सल्हेश मन्दिर, ईदगाह, कबुरगाह,दिनाभद्री मन्दिर, मस्जिद आदि )<br>• घरमा उत्पादन भएका वस्तुहरु बिक्री गर्ने स्थान पहिचान गर्न | | • विद्यार्थीहरुलाई गाउँटोलमा भएका विभिन्न स्थानहरु मध्ये कुनै एक स्थलको भ्रमण गराई उक्त स्थलमा के के अवलोकन गरियो ? प्रतिविम्बन गर्न लगाउने<br>• खेतबारीमा उत्पादन गएका वस्तु कहाँ लगेर बेच्नुहुन्छ ? भनी सामूहक प्रश्न सोध्ने र व्यक्तिगत रुपमा उत्तर दिन लगाउने<br>• घर तथा गाउँ टोलमा उत्पादन गरिएका वस्तुको बिक्री गरिने स्थानको जानकारी दिने र सम्भव भए भ्रमण गराई उक्त स्थानको बारेमा जानकारी दिने | • टोल समुदायमा रहेको घुम्न लायक ठाउँको नाम भन्न लगाएर<br>• खेत बारीमा उत्पादन गएका वस्तुहरुको बिक्री गर्ने स्थान बताउन लगाएर | |
| ४ | **स्वस्थ जीवन र र खेलकुद** | • सरसफाइ गर्नुपर्ने स्थानको सूची बनाउन<br>• आफ्नो र घरको सरसफाइको गर्नुपर्ने कारण बताउन र सरसफाइमा सहभागी हुन<br>• शरीरका अङ्गको सरसफाइ गर्न<br>• व्यक्तिगत सरसफाइको लागि आवश्यक सामग्रीको नाम भन्न | • सरसफाइ गर्नुपर्ने स्थान ( घर आँगन, बाटोघाटो, कक्षाकोठा, खेलकुद मैदान, शौचालय, धारा आदि)<br>• आफ्नो र घरको सरसफाइको गर्नुपर्ने कारण र सरसफाइमा सहभागी<br>• शरीरका अङ्गको सरसफाइ<br>• व्यक्तिगत सरसफाइको लागी आवश्यक सामग्रीको नाम<br>• स्थानीय खेलहरु पहिचान र खेल्ने अभ्यास | • बालबालिकाहरू सफा भए नभएको हेरी सफा गर्नका लागि सहजीकरण गर्ने<br>• सरसफाइ गर्दा चाहिने सामग्रीहरु पहिचान गर्न लगाउने र सामग्रीहरुको प्रदर्शन गरी प्रयोग गर्ने तरिका सिकाउने<br>• सरसफाइ गर्नुपर्ने स्थानहरु पहिचान गर्न लगाउने<br>• घर वरपर, बाटोघाटो, धारा, कक्षा कोठा, खेलकुद मैदान, शौचालय आदिको सरसफाइ गर्ने तरिकामा छलफल गराउने र सरसफाइ कार्यमा सहभागी गराउने<br>• कक्षाकोठा तथा विद्यालयको सरसफाइ गर्नुपर्ने कारणका बारेमा छलफल गर्ने र स्वस्थ रहन, स्वस्थ वातावरण बनाउन र रोग लाग्न बाट बच्न सरसफाइ गर्नुपर्ने कुराको जानकारी गराउने<br>• सफा र फोहोरी बालकको फोटो देखाई दाँज्न लगाउने र किन सरसफाइ गर्नुपर्छ ? छलफल गराउने | • सरसफाइ गर्दा चाहिने सामग्रीहरु बताउन लगाई ती सामग्रीको प्रयोगको अवलोकन गरेर<br>• सरसफाइ गर्नुपर्ने स्थानहरु पहिचान गर्न लगाएर<br>• घर वरपर, बाटोघाटो, धारा, कक्षाकोठा, खेलकुद मैदान, शौचालय आदिको सरसफाइमा सहभागी भए नभएको अवलोकन गरेर<br>• शरीरको सरसफाइको अवलोकन गरेर | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • स्थानीय खेलहरु पहिचान गर्न र खेल्ने अभ्यास गर्न | | • शरीरका अंगहरुको सरसफाइ गर्ने तरिका बताउने र ती अंगहरु मध्ये विद्यालयमा सरसफाइ गर्न सकिने अंगहरुको सरसफाइ गर्ने अभ्यास गराउने<br>• नियमित रुपमा घर, कक्षाकोठा र विद्यालय सरसफाइ गर्नुपर्ने कुरा बताउन र सरसफाइमा सहभागी गराउने<br>• विद्यार्थीहरुले खेल्ने स्थानीय खेलहरु बताउन लगाउने, खेल खेल्ने लगाउने<br>• स्थानीयस्तरमा खेल्ने अन्य खेलहरुको बारेमा जानकारी गराई मुख्य मुख्य खेलहरु खेल्ने अभ्यास गराउने | • शरीरका अंगहरुको सरसफाइ गर्ने तरिका बताउन लगाएर<br>• कक्षाकोठा तथा विद्यालयको सरसफाइ गर्नुपर्ने कारणका बताउन लगाएर<br>• स्थानीय स्तरमा खेलिने खेलको नाम बताउन लगाएर तथा खेलेको अवलोकन गरेर | |
| ५ | **हाम्रो वातावरण र विपद् व्यवस्थापन** | • घर तथा स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरूको नाम बताउन<br>• घर तथा विद्यालयको बगैंचामा भएका बिरुवाहरुको पहिचान गर्न<br>• स्थानीय क्षेत्रमा पाइने बोटविरुवाहरुको नाम बताउन<br>• घर तथा विद्यालयमा गरिने वृक्षरोपणमा सहयोग गर्न<br>• स्थानीय स्तरमा हुन सक्ने विपदहरु | • घर तथा विद्यालयको बगैंचामा भएका बिरुवाहरुको पहिचान<br>• स्थानीय क्षेत्रमा पाइने बोट विरुवाहरुको नाम<br>• घर तथा विद्यालयमा गरिने वृक्षरोपणमा सहयोग<br>• घर तथा विद्यालयमा भएका बोटबिरुवाको सरक्षणमा सहयोग<br>• स्थानीय स्तरमा हुन सक्ने विपद्हरु पहिचान (बाढी, आगलागी आदि )<br>• घर तथा स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरूको नाम<br>• फूलबारी तथा बोटबिरुवाहरूको हेरचाह<br>• स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरु | • यस्ता विपद्हरुको जानकारी दिँदा चित्र वा श्रव्यदृश्य सामग्रीको प्रयोग गर्ने र यस्ता विपद्बाट बच्न गर्नुपर्ने सावधानीको बारेमा सामान्य जानकारी गराउने<br>• विद्यार्थीहरुलाई घरमा पालिएका जनावरहरुको नाम भन्न लगाउने<br>• घरमा पालिएका बाहेक अन्य स्थानीयस्तरमा पालिएका जनावहरु भन्न लगाउने<br>• स्थानीय स्तरमा (विभिन्न प्रयोजनले पालन गरिएका) पालन गरिएका जनावहरुको अवलोकन गराउने<br>• चित्रको माध्यमबाट स्थानीय स्तरमा पालन गरिएका जनावरहरुको परिचय गराउने<br>• घर वरपर भएका, घरको बगैंचामा भएका बिरुवाको नाम बताउन लगाउने<br>• स्थानीय स्तरमा हुने विपद्हरुको बारेमा छलफल गराउने र विशेषतः बाढी र आगलागी जस्ता विपद्हरुको जानकारी दिने<br>• विद्यालयको बगैँचा तथा विद्यालय वरपर भएका बिरुवाहरुको अवलोकन गराइ तिनीहरुको नाम पहिचान गर्न लगाउने | • स्थानीय स्तरमा पालन गरिएका जनावरहरुको नाम बताउन लगाएर<br>• घरमा भएका बिरुवाहरुको नाम बताउन लगाएर<br>• विद्यालयको बँगैचा तथा विद्यालय वरपर भएका बिरुवाहरुको नाम पहिचान गर्न लगाएर<br>• स्थानीय स्तरमा हुने विपद्हरु बताउन लगाएर<br>• घरमा पालन गरेका जनावरहरुको नाम सोधेर<br>• आफ्नो घर वरपर भएका बिरुवाहरुको नाम बताउन लगाएर | ४० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | पहिचान गर्न ( बाढी, आगलागी आदि)<br>• घर तथा विद्यालयमा भएका बोटबिरुवाको संरक्षणमा सहयोग गर्न<br>• फूलबारी तथा बोटबिरुवाहरूको हेरचाह गर्न<br>• स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरुको नाम बताउन<br>• व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाईमा सहभागी हुन<br>• फोहोरमैलाको पहिचान गर्न | • व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाईमा सहभागी<br>• फोहोरमैलाको पहिचान | • घर वरपर समुदाय स्तरमा भएका बिरुवाको अवलोकन गरी तिनीहरुको नाम पहिचान गर्न लगाउने<br>• शिक्षकले आफ्नो घर वरपर, विद्यालय वरपर भएका बिरुवाहरुको चित्र देखाइ तिनीहरुको पहिचान गर्न लगाउने<br>• घरको बँगैचा वा खेतवारीको छेउछाउमा वृक्षरोपण गर्ने सम्बन्धमा विद्यार्थीहरुलो सोध्ने र खाली ठाउँमा वृक्षरोपण गर्नुपर्ने कुरा बताउने<br>• घरमा वृक्षरोपण गर्ने कार्यमा सहयोग गर्ने कुरा बताउने र अनुभव सुनाउन लगाउने<br>• विद्यालयको खाली ठाउँमा वृक्षारोपण कार्यमा सहभागी, पानीका प्राकृतिक स्रोतहरुको समेत जानकारी गराउने<br>• कक्षाकोठामा विद्यार्थीहरुलाई उभिन लगाउने र व्यक्तिगत सरसफाइ गरे नगरेको अवलोकन गर्ने<br>• विद्यार्थीहरु मध्ये व्यक्तिगत सरसफाइ राम्रो गरेका विद्यार्थीहरुलाई कक्षाकोठाको अगाडि बोलाइ उनले व्यक्तिगत सरसफाइ गर्दा अवलम्बन गरेका तरिकाहरु सुनाउन लगाउने<br>• व्यक्तिगत सरसफाइ अन्तर्गत गरिने कार्यहरुको जानकारी गराउने,जस्तै नुहाउने, कपाल कोर्ने, कपडा सफा गर्ने, हात धुने, नङ काट्ने, जुत्ता सफा गर्ने आदि ।<br>• गराउने (बेर्ना हरु वृक्षरोपण गर्ने ठाउमा पुर्‍याउने, पानी सिँचाइ गर्ने आदि)<br>• घर तथा विद्यालयमा भएका बोटबिरुवाहरुको संरक्षण गर्नुपर्ने कुरा बताउने र संरक्षण तथा हेरचाह गर्ने कार्यमा सहभागी गराउने<br>• आफ्नो घर वरपर भएका पानीका स्रोतहरु पहिचान गर्न लगाउने | • वृक्षरोपण सम्बन्धी अनुभव बताउन लगाएर<br>• वृक्षरोपणमा सहयोग गरेको अवलोकन गरेर<br>• विद्यालयमा बिरुवाहरुको संरक्षण तथा हेरचाहमा सहभागी भए नभएको अवलोकन गरेर<br>• स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरुको नाम बताउन लगाएर<br>• व्यक्तिगत सरसफाइ गरे नगरेको अवलोकन गरेर<br>• घर तथा विद्यालय वरिपरिको वातावरण सफा राख्ने कार्यमा सहभागी भए नभएको अवलोकन गरेर<br>• घर, विद्यालय वरपरि हुने फोहोरमैलाहरुको पहिचान गर्न सके नसकेको अवलोकन तथा प्रश्नोत्तर गरेर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • चित्रको माध्यमबाट आफ्नो वरपर भएका पानीका स्रोतहरुको जानकारी दिने<br>• समुदाय स्तरमा भएका पानीका स्रोतहरुको अवलोकन गराई पहिचान गर्न लगाउने<br>• व्यक्तिगत सरसफाइ अन्तर्गत गर्न सकिने केही कार्यहरुको प्रदर्शन गर्ने र विद्यार्थीहरुलाई ती कार्यमा सरिक गराउने,जस्तै साबुन पानीले हात खुट्टा धुने, नङ काट्ने आदि ।<br>• स्वस्थताको लागि घर आँगन, विद्यालय वरिपरिको वातावरण सफा राख्नुपर्ने कारण बताउने र छलफल गर्ने<br>• घर आँगन तथा वरिपरिको वातावरण सफा गर्ने कुरा बताउने र उक्त सरसफाइ कार्यमा सहभागी भए नभएको कुरा अभिभावक सँग प्रतिक्रिया लिने<br>• विद्यालयको कक्षाकोठा, कक्षाकोठा बाहिर, खेल मैदान, शौचालय, धारा वरपरको सरसफाइमा सहभागी गराउने र सरफाइ पश्चात साबुन पानीले हात धुने कार्य गर्ने गराउने<br>• घर, कक्षाकोठा, कक्षाकोठा बाहिर हुने फोहोरमैलाको चित्र द्वारा पहिचान गराउने<br>• कक्षाकोठा भित्र तथा कक्षाकोठा बाहिरका फोहोरमैलाहरुको अवलोकन गराई फोहोरमैलाको पहिचान गर्न लगाउने | | |
| ६ | **मूल्यमा आधारित शिक्षा र जीवन उपयोगी सीप** | • साथी र घर परिवारका सदस्यहरुलाई सामान्य सहयोग गर्न<br>• समूहमा मिलेर बस्न | • साथी र घर परिवारका सदस्यहरुलाई सामान्य सहयोग<br>• समूहमा मिलेर बस्ने अभ्यास<br>• स्व-व्यवस्थापन सीपको विकास | • समूहमा मिलेर खेल्ने र पढ्ने तथा आफूले जानेका कुराहरु एकले अर्कोलाई सिकाउनुपर्ने कुराको जानकारी गराउने र यस कार्यमा उत्प्रेरित गर्ने<br>• उनीहरुले दैनिक रुपमा गर्ने कामहरु उठेर पालैपालो भन्न लगाउने ।<br>• उनीहरुलाई साथीहरु र घरका ठूलाबडालाई केके सहयोग गर्छौ भनेर पालैपालो भन्न लगाउने । | • विद्यार्थीले साथीलाई घर परिवारका सदस्यलाई सकेको कार्यमा मदत गरेको, सहयोग गरेको अवलोकन गरेर<br>• दैनिक रुपमा गर्ने कार्यहरु गरे नगरेको | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • स्व-व्यवस्थापन सीपको विकास गर्न | | • साथी तथा घरपरिवारका सदस्यलाई सहयोग गर्ने सम्बन्धी छोटा कथाहरु सुनाउने<br>• कक्षा कोठामा उनीहरुको सामान मिलाएर राख्न लगाउने<br>• सामानको महत्व र हिफाजतको नियमहरुको बारेमा छलफल गराउने<br>• समूहमा मिलेर गर्ने खालका कार्यहरु दिने र यसरी समूह मिलेर कार्य गर्दा के के फाइदा हुन्छ ? छलफल गराउने<br>• शरीरको सफाइ गर्ने, घर आँगन सफा गर्ने, कक्षाकोठा सफा गर्ने, कपी कलम, झोलाको हिफाजत गर्ने जस्ता स्व-व्यवस्थापन गर्ने कार्यहरुको जानकारी गराई अभ्यास गर्न लगाउने | अवलोकन तथा अभिभावकको प्रतिक्रिया लिएर<br>• समूहमा मिलेर काम गरेको अवलोकन गरेर<br>• शरीरको सफाइ गर्ने, घर आँगन सफा गर्ने, कक्षाकोठा सफा गर्ने, कपी कलम, झोलाको हिफाजत गर्ने जस्ता स्व-व्यवस्थापन गर्ने कार्यहरुको गरे नगरेको अवलोकन तथा अभिभावकको प्रतिक्रिया लिएर | |
| ७ | **सामाजिक संघ संस्थाहरु र स्थानीय व्यक्तित्व** | • आफ्नो टोल र समुदायको नेत्तृत्व गर्ने व्यक्तिहरुको पहिचान गर्न<br>• स्थानीय सामाजिक संस्थाहरुको पहिचान गर्न<br>• आफ्नो विद्यालयको छोटो परिचय दिन | • आफ्नो टोल र समुदायको नेत्तृत्व गर्ने व्यक्तिहरुको पहिचान<br>• स्थानीय सामाजिक संस्थाहरुको पहिचान<br>• आफ्नो विद्यालयको छोटो परिचय | • टोल तथा समुदायको नेतृत्व गर्ने व्यक्तिलाई आमन्त्रण गरी परिचय गराउने<br>• चित्र वा सामाजिक संस्थामा कार्य गर्ने व्यक्तिलाई आमन्त्रण गरी वा सामाजिक संस्थाको भ्रमण गराएर स्थानीय सामाजिक संस्थाहरुको परिचय गराउने<br>• आफ्नो विद्यालयको नाम, ठेगाना, पढाइ हुने कक्षाहरु र विषयहरु, शिक्षकहरुको नाम बताउन लगाउने | • आफ्नो टोल र समुदायको नेत्त्व गर्ने<br>• स्थानीय सामाजिक संस्थाको नाम बताउन लगाएर<br>• आफ्नो विद्यालयको परिचय दिन लगाएर | १० |

## कक्षा २

| क्रस | क्षेत्र/एकाइ | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | **नवराजपुर गाउँपालिकाको परिचय** | • नवराजपुर गाउँपालिकाको नाम, गाउँ कार्यपालिका रहेको ठेगाना र स्थापना भएको साल भन्न<br>• जिल्लाको नक्सामा नवराजपुर गाउँ पालिका छुट्याउन<br>• आफू बस्ने वडाको वडा नं. र वडा कार्यालयको ठेगाना बताउन<br>• आफु बस्ने वडा भित्रका गाउँ/टोलको नाम भन्न र तिनको अवस्थिति बताउन<br>• आफ्ना वडा भित्र रहेका नदि, खोला र बाटाको अवस्थिति बताउन | • जिल्लाको नक्सामा नवराजपुर<br>• आफु बस्ने वडा भित्रका गाउँ/टोलको नाम भन्न र तिनको अवस्थिति<br>• आफू बस्ने वडाको वडा नं. र वडा कार्यालयको ठेगाना<br>• नवराजपुर गाउँपालिकाको नाम, गाउँ कार्यपालिका रहेको ठेगाना र स्थापना भएको साल<br>• आफ्ना वडा भित्र रहेका नदी, खोला र बाटाको अवस्थिति<br>• गाउँ/टोल नजिक रहेका स्वास्थ्य प्रदायक संस्था, क्लिनिकको नाम र ठेगाना | • गाउँपालिकाको नक्सा देखाउँदै गाउँपालिकाको नाम, वडाहरु, गाउँपालिकाको ठेगाना र स्थापना भएको साल बताउने<br>• पालिकाहरु झल्कने जिल्लाको नक्सा देखाउँदै नवराजपुर गाउँपालिका पहिचान गर्न लगाउने<br>• आफू बस्ने वडाभित्रका गाउँ टोल अवस्थिति पहिचान गर्न लगाउने<br>• वडामा रहेको स्वास्थ्य सेवा प्रदायक संस्थाको कहाँ कहाँ छन परियोजना कार्य दिने<br>• आफू बसोबास गर्ने गाउँपालिकाको वडा भित्र पर्ने गाउँको नाम पत्ता लगाउने परियोजना कार्य दिने वा सामूहिक कार्य गर्न लगाउने<br>• विद्याथीहरुलाई आफू बस्ने गाँउ टोलको नाम बताउन लगाउने,नजानेमा समूह बनाइ छलफल गर्न लगाउने र भन्न तथा लेख्न लगाउने<br>• विद्यार्थीहरुलाई उनीहरु बस्ने वडा नं. सोध्ने र गाउँ पालिकाको नक्सा देखाउदै आफ्नो गाउँ भएको वडा चिन्न लगाउने<br>• चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट आफ्ना वडा भित्र रहेका नदी, खोला, बाटाको अवस्थिति बताउन लगाउने<br>• आफ्ना वडा भित्र रहेका नदी, खोला र बाटाको भ्रमण गराइ ती सम्पदाहरुको जानकारी गराउने<br>• गाउँ/टोल नजिक रहेका स्वास्थ्य प्रदायक सस्था, क्लिनिकको नाम र ठेगाना बताउन लगाउने<br>• नजिकमा रहेका स्वास्थ्य प्रदायक संस्था, क्लिनिकको भ्रमण गराई तिनको जानकारी गराउने र उक्त | • जिल्लाको नक्सामा नवराजपुर गाउँपालिका पहिचान गर्न सके नसकेको अवलोकन गरेर<br>• आफू बस्ने वडाभित्रका गाउ टोल अवस्थिति पहिचान गरे गाउँको अवलोकन गरेर<br>• आफ्ना वडा भित्र रहेका नदी, खोला र बाटाको अवस्थिति बताउन लगाएर<br>• आफू बस्ने गाँउ टोलको नाम बताउन लगाएर<br>• आफू बस्ने वडा नं. बताउन लगाउने र गाउँपालिकाको नक्सामा आफ्नो गाउँ भएको वडा चिन्न सके नसकेको अवलोकन गरेर<br>• गाउँपालिकाको नाम, वडाहरु, ठेगाना र स्थापना भएको साल बताउन लगाउने<br>• गाउँ/टोल नजिक रहेका स्वास्थ्य प्रदायक सस्था, क्लिनिकको नाम र ठेगाना बताउन लगाएर<br>• उक्त स्वास्थ्य संस्थाबाट प्राप्त हुने सेवाहरु बताउन लगाएर | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • गाउँ/टोल नजिक रहेका स्वास्थ्य प्रदायक सस्था, क्लिनिकको नाम र ठेगाना बताउन | | संस्थाबाट प्राप्त गर्न सकिने सेवाहरुको जानकारी गराउने | | |
| २ | **नवराजपुर गाँउपालिकाको सामाजिक संस्कार र संस्कृति** | • आफु र आफ्नो साथीले बोल्ने भाषामा परिचित हुन<br>• वडा भित्र बोलिने भाषाहरु बताउन<br>• वडा भित्रका जातजातिले लगाउने पोशाकहरु पहिचान गर्न<br>• वडा भित्रका जातजातिहरुको थर भन्न<br>• स्थानीय भेषभुषाको परिचय दिन<br>• स्थानीय चाडपर्वहरुको नाम भन्न र मनाउने जाति र नाम बताउन<br>• स्थानीय लोकगीत गाउने जातजातिहरुको पहिचान गर्न र ती | • वडा भित्र बोलिने भाषाहरु<br>• वडा भित्रका जातजातिले लगाउने पोशाकहरु<br>• स्थानीय भेषभुषाको परिचय<br>• वडा भित्रका जातजातिहरुको थर<br>• आफु र आफ्नो साथीले बोल्ने भाषाको जानकारी<br>• स्थानीय चाडपर्वहरुको नाम र मनाउने जाति र नाम<br>• स्थानीय लोकगीत गाउने जातजातिहरुको पहिचान र ती जातजातिले गाउने मुख्य लोकगीतहरु गाउने अभ्यास<br>• स्थानीय लोकबाजाहरु मध्ये | • कक्षामा भएका सबै विद्यार्थीहरुलाई आफूले घरमा बोल्ने मातृभाषा बोल्न लगाउने र एकले अर्काको भाषाको अनुकरण गर्ने र अर्थ बुझ्न सहयोग गर्ने<br>• वडा भित्र बोलीने भाषाहरुको जानकारी गराउने र नमुनाको रुपमा ती भाषा बोल्ने अभ्यास गराउने<br>• विद्यार्थीहरुलाई उनीहरुले लगाउने पोशाकहरु बताउन लगाउने र वडा भित्रका जातजातिले लगाउने पोशाकहरु प्रदर्शन गरी ती पोशाकहरुको चिनाउने<br>• आफ्नो गाउँ टोल तथा स्थानीय स्तरमा भएका भेषभुषाको परिचय जानकारी दिने<br>• विद्यार्थीहरुलाई आआफ्नो जातजाति र थर पहिचान गर्न लगाउने र यसको आधारमा वडा भित्रका जातजातिहरुको थर भन्न लगाउने<br>• विद्यार्थीहरुलाई उनीहरुले मनाउने चाडपर्वहरु बताउन लगाउने र ती चाडपर्वमा गरिने क्रियाकलापहरु, लगाइने पोशाक, खाइने परिकार तथा भेषभेषाको बारेमा छलफल गराउने<br>• स्थानीय चाडपर्वहरुको बारेमा थप जानकारीका लागि चित्र वा पोष्टर वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट गाउँपालिकामा मनाइने चाडपर्व र ती चाडपर्वमा गरिने क्रियाकलापहरुको जानकारी गराउने<br>• कुन कुन जातिले कुन कुन चाडपर्वहरु मनाउने गर्दछन्? सोको जानकारी गराउने<br>• विद्यार्थीहरुले उनीहरुले जानेको स्थानीय लोकगीतहरु गाउन लगाउने | • आफु र आफ्नो साथीले बोल्ने भाषा बताउन लगाएर बोल्ने अभ्यास गरेको अवलोकन गरेर<br>• वडा भित्र बोलीने भाषाहरु बताउन लगाएर<br>• वडा भित्रका जातजातिले लगाउने पोशाकहरु चिन्न लगाएर<br>• स्थानीय भेषभुषाको परिचय दिन लगाएर<br>• स्थानीय चाडपर्वहरुको नाम र मनाउने जाति र नाम बताउन लगाएर<br>• वडा भित्रका जातजातिहरुको थर भन्न लगाएर<br>• स्थानीय लोकगीत गाएको अवलोकन गरेर<br>• स्थानीय लोकबाजाहरुको नाम बताउन लगाएर<br>• स्थानीय लोकबाजा बजाएको अवलोकन गरेर | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | जातजातिले गाउने मुख्य लोकगीतहरु गाउने अभ्यास गर्न<br>• स्थानीय लोकबाजाहरु मध्ये कुनै मुख्य एक बाजा बजाउने अभ्यास गर्न | कुनै मुख्य एक बाजा बजाउने अभ्यास | • स्थानीय लोकगीत गाउने जातजातिहरुको पहिचान गर्न र ती जातजातिले गाउने मुख्य लोकगीतहरु गाउने अभ्यास गराउने<br>• विद्यार्थीहरुलाई आफ्नो घर, गाउँ टोलमा बजाइने स्थानीय लोकबाजाहरु के के छन् ? बताउन लगाउने<br>• ती लोकबाजाहरु मध्ये उपलब्ध हुने लोकबाजा बजाउने अभ्यास गराउने | | |
| ३ | **नवराजपुर गाउँपालिकाको पेसा, व्यवसाय र पर्यटन** | • वडामा घुम्नलायक स्थानहरुको नाम भन्न<br>• आफ्नो घरमा बर्षभरि उत्पादन गर्न सकिने तरकारी तथा फलफूलको नाम भन्न र सामान्य चित्र कोर्न<br>• गाँउ टोलका व्यक्तिहरुले गर्ने मुख्य पेशा तथा व्यवसायको नाम बताउन<br>• दैनिक किनमेल गर्ने स्थानको नाम भन्न र तिनीहरुको | • वडामा घुम्नलायक स्थानहरुको नाम<br>• गाँउटोलका व्यक्तिहरुले गर्ने आफ्नो घरमा बर्षभरि उत्पादन सकिने तरकारी तथा फलफूलको नाम<br>• मुख्य पेशा तथा व्यवसायको नाम<br>• दैनिक किनमेल गर्ने स्थानको नाम र तिनीहरुको सामान विवरण | • दैनिक किनमेल गर्ने स्थानको नाम भन्न र तिनीहरुको सामान्न विवरण बताउन लगाउन घरमा अभिभावकले गर्ने कार्य (पेसा तथा व्यवसायहरु) बताउन लगाउने<br>• गाउँटोलका मानिसले अपनाएका पेशा तथा व्यवसायहरुको पहिचान गराउने<br>• वडामा घुम्नलायक स्थानहरु पहिचान गर्न लगाउने<br>• वडामा घुम्नलायक स्थानहरु मध्ये कुनै स्थानको भ्रमण गराउने र भ्रमण गरिएको स्थलको बारेमा प्रस्तुत गर्न लगाउने<br>• आफ्नो घरमा बर्ष भरि उत्पादन गर्न सकिने तरकारी तथा फलफूलको नाम भन्न लगाउने र सामान्य रेखांकन गर्ने अभ्यास गराउने<br>• दैनिक किनमेल गर्ने स्थानमा भ्रमण गराउने गर उक्त स्थानमा किनमेल गरिएका वस्तुहरुको विवरणको टिपोट गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने | • वडामा घुम्नलायक स्थानहरु बताउन लगाएर<br>• घरमा अभिभावकले गर्ने पेशा तथा व्यवसायहरु बताउन लगाएर<br>• आफ्नो घरमा बर्ष भरि उत्पादन गर्न सकिने तरकारी तथा फलफूलको नाम भन्न लगाएर र ती वस्तुको सामान्य रेखांकन गरेको अवलोकन गरेर<br>• गाउँ टोलका मानिसले अपनाएका पेसा तथा व्यवसायहरुको भन्न लगाएर<br>• दैनिक किनमेल गर्ने स्थानको नाम र तिनीहरुको सामान विवरण बताउन लगाएर<br>• | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सामान्न विवरण बताउन | | | | |
| ४ | **स्वस्थ जीवन र खेलकुद** | • दैनिक रुपमा गरिने सरसफाइको सूची बनाउन<br>• घर तथा विद्यालयको सरसफाइमा सहभागी हुन<br>• व्यक्तिगत सरसफाइको महत्व आफ्नो शरीरको सरसफाइ गर्न,बताउन<br>• स्थानीय खेलहरु खेल्ने अभ्यास गर्न र महत्व बताउन | • दैनिक रुपमा गरिने सरसफाइ<br>• घर तथा विद्यालयको सरसफाइमा सहभागी<br>• आफ्नो शरीरको सरसफाइ<br>• व्यक्तिगत सरसफाइको महत्व<br>• स्थानीय खेलहरु खेल्ने अभ्यास र महत्व | • शरीरका अङ्गहरूको सरसफाइ गर्ने विधि र सरसफाइको महत्व दर्साउने भिडियो कक्षाकोठामा प्रदर्शन गरी छलफल गराउने<br>• हातमुख धुने, नुहाउने, ब्रश गर्ने, कपडा धुने, नङ काट्ने, कपाल कोर्ने अभ्यास गराउने<br>• व्यक्ति सरसफाइ गर्ने सामग्रीको प्रयोग सम्बन्धी जोडी अन्तर्क्रिया गराइ भन्न लगाउने<br>• शरीर सरसफाइ गरेको चित्र देखाउँदै छलफल गराउने<br>• स्थानीय खेलहरु, जस्तै : लुकामारी, रुमाल लुकाइ, चुङ्गी, गट्टा खेल्न शिक्षकले विद्यार्थीहरूलाई अभ्यास गराउने र समूहगत रूपमा खेल खेल्न लगाउने | • शारीरका अङ्ग सफाइ गरेको अवलोकन गरेर<br>• शरीरका अङ्गहरू, जस्तै : हात, खुट्टा, दाँत सरसफाइ गर्ने तरिका भन्न लगाएर<br>• लुकामारी, रुमाल लुकाइ, चुङ्गी, गट्टा खेलेको अवलोकन गरेर | १० |
| ५ | **हाम्रो वातावरण र विपद् व्यवस्थापन** | • बाढी र आगलागीको परिचय दिन<br>• वडामा पाईने जन्तु र चराहरुको नाम बताउन<br>• स्थानीय क्षेत्रमा पाइने बोटबिरुवाहरुको वर्गीकरण गर्न | • बाढी र आगलागीको परिचय<br>• वडा भित्रका वनमा पाईने वन्यजन्तु र चराहरुको नाम<br>• स्थानीय क्षेत्रमा पाइने बोटबिरुवाहरुको वर्गीकरण<br>• बगैंचाको परिचय | • चित्र तथा श्रव्यदृश्य सामग्रीको प्रयोग गरी बाढी र आगलागीको परिचय दिने<br>• आफ्नो गाउँ टोलमा बाढी जान सक्ने सम्भाव्य स्थानहरुको नाम उल्लेख गर्न लगाई बोर्डमा टिपोट गरी छलफल गर्न लगाउने<br>• विद्यार्थीहरुलाई आफूले थाहा पाएका जन्तु तथा चराहरुको नाम भन्न लगाउने<br>• चराहरुको चित्र तथा श्रव्यदृश्य सामग्रीबाट पहिचान गर्न लगाउने<br>• विद्यार्थीहरुलाई आफ्नो घर तथा विद्यालय वरपर रहेका बोटबिरुवाहरुको नाम बताउन लगाउने | • बाढी र आगलागीको परिचय दिन लगाएर<br>• वद्यार्थीहरुलाई जन्तु तथा चराहरुको नाम सोधेर<br>• घर तथा विद्यालय वरपर भएका बोटबिरुवाहरुको नाम सोधेर<br>• अवलोकन गरेका बोटबिरुवाहरुको नाम भन्न लगाएर | ४० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • बगैँचाको परिचय दिन<br>• घर र विद्यालयमा वृक्षरोपणमा सहभागी हुन<br>• बोटबिरुवाको संरक्षणमा सहयोग गर्न<br>• वडामा भएका पानीका स्रोतहरुको परिचय दिन<br>• व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाईमा सहभागी हुन<br>• वरपरको वातावरण फोहोर हुने कारणहरू पहिचान गर्न<br>• फोहोरमैलाको परिचय र प्रकार ( कुहिने र नकुहिने) बताउन | • घर र विद्यालयमा वृक्षरोपणमा सहभागी<br>• बोटबिरुवाको संरक्षणमा सहयोग<br>• वडामा भएका पानीका स्रोतहरुको परिचय<br>• व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाईमा सहभागी<br>• वरपरको वातावरण फोहोर हुने कारणहरू पहिचान<br>• फोहोरमैलाको परिचय र प्रकार ( कुहिने र नकुहिने) | • विद्यालय वरपर भएका बोटबिरुवाहरुको अवलोकन गराउने र तिनीहरुको सूची तयार गर्न लगाउने<br>• बोट बिरुवाहरुलाई झार, बुट्यान र रुखमा वर्गीकरण गर्न लगाउने र सहजीकरण गर्ने<br>• घर वरपर भएका बोट बिरुवाहरुको अवलोकन गरी ती बोटबिरुवाहरुलाई वर्गीकरण गर्न ल्याउने परियोजना कार्य दिने<br>• बगैँचाको चित्र तथा भिडियो प्रदर्शन गर्ने र बँगैचाको परिचय दिने<br>• विद्यालयमा बगैँचा भए त्यसको अवलोकन गराउने<br>• घर तथा विद्यालयमा बगैँचा निर्माण गर्नुपर्ने र यसको महत्व बताउने<br>• घरको बँगैचा वा खेतवारीको छेउछाउमा वृक्षरोपण गर्ने सम्बन्धमा विद्यार्थीहरुलो सोध्ने र खाली ठाउँमा वृक्षरोपण गर्नुपर्ने कुरा बताउने<br>• घरमा वृक्षरोपण गर्ने कार्यमा सहयोग गर्ने कुरा बताउने र अनुभव सुनाउन लगाउने<br>• विद्यालयको खाली ठाउँमा वृक्षरोपण कार्यमा सहभागी गराउने (बेर्नहरु वृक्षरोपण गर्ने ठाउमा पुर्‍याउने, पानी सिँचाइ गर्ने आदि)<br>• घर तथा विद्यालयमा भएका बोट बिरुवाहरुको संरक्षण गर्नुपर्ने कुरा बताउने र संरक्षण तथा हेरचाह गर्ने कार्यमा सहभागी गराउने<br>• आफू बस्ने वडाभित्रका पानीका स्रोतहरु पहिचान गर्न लगाउने<br>• भिडियो वा चित्रको माध्यमबाट वडामा भएका पानीका स्रोतहरुको जानकारी दिने<br>• वडामा भएका पानीका स्रोतहरुको अवलोकन गराई पहिचान गर्न लगाउने | • अवलोकन गरेका बिरुवाहरुलाई झार, बुट्यान, रुखमा वर्गीकरण गर्न सके नसकेको सोधेर<br>• बगैँचाको परिचय दिन लगाएर<br>• वृक्षरोपण सम्बन्धी अनुभव बताउन लगाउने<br>• वृक्षरोपणमा सहयोग गरेको अवलोकन गरेर<br>• विद्यालयमा बिरुवाहरुको संरक्षण तथा हेरचाहमा सहभागी भए नभएको अवलोकन गरेर<br>• वडामा भएका पानीका स्रोतहरुको नाम बताउन लगाएर<br>• वडामा भएका पानीको स्रोतहरुको प्रकार र उपयोगिता बताउन लगाएर<br>• व्यक्तिगत सरसफाइ गरे गाउँको अवलोकन गरेर<br>• घर तथा विद्यालय वरिपरिको वातावरण सफा राख्ने कार्यमा सहभागी भए नभएको अवलोकन गरेर<br>• घर, विद्यालय वरपरि हुने फोहोरमैलाहरुलाई कुहिने र नकुहिने गरी दुई छुट्टा छुट्टै स्थानमा राखे नराखेको अवलोकन गरेर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • वडामा भएका पानीका स्रोतहरुको प्रकार बताउन लगाउने र उपयोग के के मा गर्न सकिन्छ ? छलफल गराउने<br>• पानीका स्रोतहरुलाई पिउन, खाना बनाउन, सफा गर्न, सिँचाइ गर्न प्रयोग गर्न सकिने कुरा बताउने<br>• व्यक्तिगत सरसफाइ गर्दा ध्यान दिनुपर्ने कुराहरुको पुनरावलोकन गराउने र व्यक्तिगत सरसफाइ गरे गाउँको अवलोकन गर्ने र आवश्यक पृष्ठपोषण दिने<br>• स्वस्थताको लागि घर आँगन, विद्यालय वरिपरिको वातावरण सफा राख्नुपर्ने कारण बताउने र छलफल गर्ने<br>• घर आँगन तथा वरिपरिको वातावरण सफा गर्ने कुरा बताउने र उक्त सरसफाइ कार्यमा सहभागी भए नभएको कुरा अभिभावकसँग प्रतिक्रिया लिने<br>• विद्यालय तथा घर वरपरको वातावरण फोहोर हुने कारणहरुलाई चित्र, भिडियो, अवलोकनबाट प्रष्ट पार्ने<br>• जथाभावी फोहोरहरु फाल्नु, फोहोरहरुको व्यवस्थापन नगर्नु लगायत कारणहरुले वरपरको वातावरण फोहोर हुने कारण बताउने र फोहोर गर्न नहुने कुराको जानकारी गराउने<br>• घर तथा विद्यालयबाट निस्कने यस्ता फोहोरहरुलाई कुहिने र नकुहिने वस्तुहरुमा वर्गीकरण गर्न सकिने कुराको जानकारी दिने<br>• विद्यालयको कक्षाकोठा, कक्षाकोठा बाहिर, खेलमैदान, शौचालय, धारा वरपरको सरसफाइमा सहभागी गराउने<br>• घर, कक्षाकोठा बाहिर हुने फोहोरमैलाको चित्रद्वारा पहिचान गराउने<br>• घर तथा विद्यालयमा विभिन्न कार्यको लागि वस्तुहरु प्रयोग गर्दा निस्केका नचाहिने वस्तुहरुलाई फोहोरमैलाको रुपमा परिचय गराउने | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • यसरी सरसफाइ गर्दा निस्केका वस्तुहरुलाई कुहिने र नकुहिने गरी दुई भागमा वर्गीकरण गर्न लगाउने र छुट्टाछुट्टै भाँडोमा (डस्टविन)मा राख्ने राख्न लगाउने र सरफाइ पश्चात साबुन पानीले हात धुने कार्य गर्ने गराउने | | |
| ६ | **मूल्यमा आधारित शिक्षा र जीवन उपयोगी सीप** | • घर र विद्यालयमा अनुशासन र आचरणको पालना गर्न<br>• अभिभावका, शिक्षक र मान्यजनप्रति नम्र व्यवहार र सम्मान व्यक्त गर्न<br>• आफूले जानेका कुराहरुको सञ्चार गर्न | • घर र विद्यालयमा अनुशासन र आचरणको पालना<br>• अभिभावक, शिक्षक र मान्यजनप्रति नम्र व्यवहार र सम्मान व्यक्त<br>• आफूले जानेका कुराहरुको सञ्चार | • अनुशासन र आचरणसँग सम्बन्धित कथा वाचन गर्ने र गराउने<br>• घर र विद्यालयमा पालना गर्नु पर्ने आचरणबारे छलफल गराउने<br>• शिष्ट र मर्यादित बोलीसँग सम्बन्धित कार्टुन,भिडियो, एनिमेसन देखाउने<br>• राम्रो बोली, खराब बोली बीचको फरक बारे छलफल गराउने<br>• विद्यार्थीहरुलाई सम्बोधन गर्दा आदरार्थी शब्दहरुको प्रयोग गरी उनीहरुलाई पनि प्रयोग गर्न उत्प्रेरित गर्ने<br>• विद्यार्थीहरुलाई आफूले जानेका, थाहा पाएका अनुभवहरुको एक आपसमा आदान-प्रदान गर्न लगाउने<br>• विद्यार्थीहरुलाई आफूले जानेको कुरा साथीलाई सिकाउन लगाउने अभ्यास गराउने | • घर र विद्यालयमा पालना गर्नु पर्ने आचरणहरुको अवलोकन तथा अभिभावकको प्रतिक्रिया लिएर<br>• विद्यार्थीहरुलाई आफूले जानेका, थाहा पाएका अनुभवहरुको एक आपसमा आदान प्रदान गरेको अवलोकन गरेर<br>• शिष्ट र मर्यादित बोलेको अवलोकन गरेर<br>• विद्यार्थीहरुलाई आफूले जानेको कुरा साथीलाई सिकाएको अवलोकन गरेर | १० |
| ७ | **सामाजिक संघ संस्थाहरु र स्थानीय व्यक्तित्व** | • आफ्नो टोल र समुदायको नेत्तृत्व गर्ने व्यक्तिहरुको परिचय दिन<br>• वि.व्य.स. अध्यक्षको परिचय दिन<br>• समुदाय भित्र रहेका मुख्य मुख्य समूहहरुको परिचय दिन | • आफ्नो टोल र समुदायको नेत्तृत्व गर्ने व्यक्तिहरुको परिचय<br>• वि.व्य.स. अध्यक्षको परिचय<br>• सामुदायिक ,उपभोक्ता समूहको परिचय | • विद्यार्थीलाई आफ्नो गाउँ, टोल र समुदायको नेतृत्व गर्ने व्यक्तिको परिचय दिन लगाउने र यसको लागि नेतृत्व गर्ने व्यक्तिलाई कक्षामा आमन्त्रण गरी परिचय दिन लगाउने<br>• विद्यालय व्यवस्थापन समितिको अध्यक्षलाई आमन्त्रण गरी उनको बारेमा परिचय दिने<br>• आफ्नो गाउँ टोलमा रहेको समूहको परिचय नाम र ठेगाना बताउन लगाउने<br>• समुदाय भित्र रहेका मुख्य मुख्य समूहहरुको परिचय गराउने र यसको लागि समुदायिक समूहको | • आफ्नो गाउँ, टोल र समुदायको नेतृत्व गर्ने व्यक्तिको परिचय दिन लगाएर<br>• विद्यालय व्यवस्थापन समितिको परिचय दिन लगाएर<br>• आफ्नो गाउँ टोलमा रहेको समुदायिक समूहको नाम र ठेगाना बताउन लगाएर | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | पदाधिकारीलाई आमन्त्रण गरी उक्त संस्थाले गरेका कार्यहरुको बारेमा जानकारी दिन लगाउने | • समुदायिक समूहको परिचय दिन लगाएर | |

## विषयवस्तुको विस्तृतीकरण

## कक्षा ३

| क्र | क्षेत्र/एकाइ | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विषयवस्तुको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | **नवराजपुर गाउँपालिकाको परिचय** | • गाउँभित्रका मुख्य मुख्य सडकहरुको नाम र अवस्थिति बताउन<br>• आफु बसोबास गर्ने वडाका वडा अध्यक्ष र सदस्यहरुको नाम बताउन<br>• नवराजपुर गाउँ पालिकाको भौगोलिक अवस्थाको सामान्य जानकारी दिन<br>• मधेस प्रदेशको नक्सामा नवराजपुर गाउँ पालिका छुट्याउन | • मधेस प्रदेशको नक्सामा नवराजपुर गाउँपालिका<br>• नवराजपुर गाउँ पालिकाका भौगोलिक अवस्थाको सामान्य जानकारी<br>• गाउँभित्रका मुख्य मुख्य सडकहरुको नाम र अवस्थिति<br>• आफु बसोबास गर्ने वडाका वडा अध्यक्ष र सदस्यहरुको नाम<br>• आफु बसोबास गर्ने वडा भित्र रहेका स्वास्थ्य प्रदायक सस्था,क्लिनिकको नाम र ठेगाना | • नक्सामा गाउँभित्रका मुख्य मुख्य सडकहरुको नाम र अवस्थितिमा छलफल गराउने<br>• आफु बसोबास गर्ने वडाका वडा अध्यक्ष र सदस्यहरुको नाम नवराजपुर गाउँपालिकाको नक्सा देखाई भौगोलिक अवस्था पहिचान गर्न लगाउने<br>• प्रदेशको नक्सा प्रदर्शन गरी नवराजपुर गाउँपालिका पहिचान गर्न लगाउने<br>• बताउन लगाउने र सम्बन्धी वडाका पदाधिकारीहरुलाई आमन्त्रण गरी परिचय दिन लगाउने<br>• आफु बसोबास गर्ने वडा भित्र रहेका स्वास्थ्य प्रदायक सस्था, क्लिनिकको नाम र ठेगाना बताउने<br>• वडाभित्र रहेका स्वास्थ्य सेवा प्रदायक संस्थामा भ्रमण गराउने र उक्त संस्थाबाट प्राप्त हुने सेवाहरुको विवरणको जानकारी गराउन लगाउने | • नक्सामा गाउँ भित्रका मुख्य मुख्य सडकहरुको नाम र अवस्थिति देखाउन लगाएर<br>• आफु बसोबास गर्ने वडाका वडा अध्यक्ष र सदस्यहरुको नाम बताउन लगाएर<br>• नवराजपुर गाउँपालिकाको नक्सामा भौगोलिक अवस्था पहिचान गरे नगरेको अवलोकन गरेर<br>• प्रदेशको नक्सामा नवराजपुर गाउँ पालिका पहिचान गरे गाउँको अवलोकन गरेर<br>• आफु बसोबास गर्ने वडा भित्र रहेका स्वास्थ्य प्रदायक सस्था, क्लिनिकको | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • आफु बसोबास गर्ने वडा भित्र रहेका स्वास्थ्य प्रदायक सस्था, क्लिनिकको नाम र ठेगाना बताउन | | | नाम र ठेगाना बताउन लगाएर | |
| २ | **नवराजपुर गाँउपालिकाको सामाजिक संस्कार र संस्कृति** | • गाउँ भित्रका जातजातिहरु पहिचान गर्न<br>• गाउँ भित्र बोलिने भाषाहरु पहिचान गर्न<br>• गाउँ भित्रका जातजातिले लगाउने पोशाकहरु पहिचान गर्न<br>• स्थानीय जातिहरुले गर्ने पूजा (कूल पूजा)हरुको परिचय दिन र महत्व बताउन<br>• स्थानीय लोकगीतहरु गाउने अभ्यास गर्न<br>• स्थानीय लोकबाजाहरु ( मादल, **ढोलक** ,हरमुनिया र खौजडी) बजाउने अभ्यास गर्न | • गाउँ भित्रका जातजातिहरु<br>• गाउँ भित्र बोलिने भाषाहरु<br>• गाउँ भित्रका जातजातिले लगाउने पोशाकहरु<br>• स्थानीय जातिहरुले गर्ने पुजाहरुको परिचय दिन र महत्व<br>• स्थानीय लोकगीतहरु गाउने अभ्यास<br>• स्थानीय लोकबाजाहरु(मादल, खैजडी) बजाउने अभ्यास<br>• स्थानीय लोक नृत्यहरुको पहिचान<br>• कुनै एक स्थानीय लोकगीतमा नृत्य अभ्यास | • विद्यार्थीहरुलाई आआफ्नो जातको पहिचान गर्न लगाउने<br>• शिक्षकले गाउँभित्रका जातजातिहरुको चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट जानकारी गराउने<br>• विद्यार्थीहरुलाई उनीहरुले घरमा बोल्ने मातृभाषाहरु बोल्न लगाउने<br>• एक आपसमा एकले अर्को भाषाको अनुकरण गर्न लगाउने र शिक्षकले सहजीकरण गर्ने<br>• विद्यार्थीहरुलाई उनीहरुको अभिभावकले लगाउने पोसाकहरु बताउन लगाउने<br>• चित्र वा पोष्टरको माध्यमबाट गाउँ भित्रका जातजातिले लगाउने पोशाकहरुको जानकारी गराउने<br>• विद्यार्थीहरुलाई उनीहरुको अभिभावकले गर्ने पूजा ( कुलपुजा लगायत) को बारेमा बताउन लगाउने र उक्त पुजामा गरिने क्रियाकलापहरु बताउन लगाउने<br>• श्रव्यदृश्य सामग्रीको माध्यमबाट स्थानीय जातिहरुले गर्ने पुजा (कूल पूजा लगायत) को परिचय तथा महत्व बताउने<br>• विद्यार्थीहरुमध्ये जसलाई गीत गाउन आउँछ तिनीहरुलाई गाउन लगाउने<br>• स्थानीय स्तरमा गाइने मुख्य मुख्य लोकगीतहरु गाउने अभ्यास गराउने | • विद्यार्थीहरुलाई आआफ्नो जात बताउन लगाएर<br>• गाउँभित्रका जातजातिहरु पहिचान गर्न लगाएर<br>• घरमा बोल्ने मातृभाषाहरु बोल्न लगाएर<br>• अभिभावकले लगाउने पोशाकहरु बताउन लगाएर<br>• गाउँ भित्रका जातजातिले लगाउने पोशाकहरु बताउन लगाएर<br>• स्थानीय जातिहरुले गर्ने पुजा (कूल पूजा लगायत) को परिचय तथा महत्व बताउन लगाएर<br>• गीत गाएको अवलोकन गरेर<br>• स्थानीय लोकबाजाहरु ( मादल, **ढोलक** ,हरमुनिया खैंजडी बजाएको अवलोकन गरेर<br>• स्थानीय लोकगीतमा नाचेको अवलोकन गरेर | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • स्थानीय लोक नृत्यहरुको पहिचान गर्न<br>• कुनै एक स्थानीय लोक गीतमा नृत्य अभ्यास गर्न | | • स्थानीय लोकबाजाहरु (मादल,खैंजडी लगायत अन्य मुख्य लोकबाजा) बजाउने अभ्यास गराउने<br>• नाच्न आउने विद्यार्थीहरुलाई नृत्य गर्न लगाउने र यसको लागि आवश्यक संगीतको लागि मोबाइलको प्रयोग गर्ने<br>• स्थानीय लोक नृत्यहरुको जानकारी गराउने र कुनै एक मुख्य लोकनृत्यको अभ्यास गराउने | | |
| ३ | **नवराजपुर गाउँपालिकाको पेसा, व्यवसाय र पर्यटन** | • गाँउ टोलमा प्रचलित हस्तकलाका सामग्रीहरु पहिचान गर्न<br>• स्थानीय स्तरमा उत्पादन हुने सिजन अनुसारको तरकारी र फलफूल पहिचान गर्न र तिनको महत्व बताउन<br>• गाउँ भित्र घुम्नलायक स्थानहरु पहिचान गर्न र तिनको सामान्य विवरण बताउन<br>• गाउँ घरमा उत्पादित वस्तुहरु बिक्री गर्ने स्थानको परिचय दिन | • गाँउ टोलमा प्रचलित हस्तकलाका सामग्रीहरु पहिचान<br>• स्थानीय स्तरमा उत्पादन हुने सिजन अनुसारको तरकारी र फलफूल पहिचान र तिनको महत्व<br>• गाउँ भित्र घुम्नलायक स्थानहरु पहिचान र तिनको सामान्य विवरण<br>• गाँउघरमा उत्पादित वस्तुहरु बिक्री गर्ने स्थानको परिचय | • विद्यार्थीहरुलाई घरमा प्रयोग भएका सामग्रीहरु बताउन लगाउने र शिक्षकले शैक्षणिक पाटीमा लेख्ने<br>• सबै विद्यार्थीहरुले प्रस्तुत गरेका सामग्रीहरु मध्ये हस्तकलाको माध्यमबाट बनेका स्थानीय सामग्रीहरुको वर्गीकरण गराउने<br>• गाँउ टोलमा प्रचलित हस्तकलाका सामग्रीहरु वा तिनको चित्रको माध्यमबाट ती सामग्रीहरुको जानकारी गराउने र प्रयोग बताउने<br>• विद्यार्थीहरुलाई घरमा उत्पादन गरिने तरकारी तथा फलफूलहरु बताउन लगाउने र तिनको प्रयोग बताउन लगाउने<br>• चित्रको माध्यमबाट स्थानीय स्तरमा उत्पादन हुने सिजन अनुसारको तरकारी र फलफूल पहिचान गराउने र तिनको महत्व बताउने<br>• स्थानीय स्तरमा कुनै एक तरकारी तथा फलफूल खेती गरिएको स्थानको भ्रमण गराउने र उत्पादन गरिएका तरकारी तथा फलफूलको बारेमा सम्बन्धित व्यक्तिलाई जानकारी दिन लगाउने<br>• गाउँ भित्र घुम्नलायक स्थानहरु पहिचान गराउने कुनै एक स्थानको भ्रमण गराई तिनको सामान्य विवरण तयार गर्न लगाउने र कक्षामा प्रस्तुत गर्न लगाउने<br>• गाउँ घरमा उत्पादित वस्तुहरु बिक्री गर्ने स्थानको पहिचान गर्न लगाउने र कुनै एक स्थानको भ्रमण | • घरमा प्रयोग भएका सामग्रीहरु बताउन लगाएर<br>• हस्तकलाको माध्यमबाट बनेका स्थानीय सामग्रीहरु बताउन लगाएर<br>• घरमा उत्पादन गरिने तरकारी तथा फलफूलहरु र तिनको प्रयोग सोधेर<br>• गाउँ भित्र घुम्नलायक स्थानहरु बताउन लगाएर | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | गराई उक्त स्थानमा बिक्री गर्न लाएका सामग्रीको विवरण तयार गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने | | |
| ४ | **स्वस्थ जीवन र खेलकुद** | • स्वस्थ शरीरको लागि आवश्यक पर्ने तत्वहरु पहिचान गर्न<br>• सरसफाइ गर्दा हुने फाइदा र नगर्दा हुने असरहरु पहिचान गर्न<br>• आफ्नो वरपरको वातावरणको सरसफाइमा सहभागी हुन<br>• स्थानीय खेलहरु खेल्ने अभ्यास गर्न र खेल खेल्दा हुने फाइदाहरु पहिचान गर्न | • स्वस्थ शरीरको लागि आवश्यक पर्ने तत्वहरु<br>• सरसफाइ गर्दा हुने फाइदा र नगर्दा हुने असरहरु पहिचान<br>• आफ्नो वरपरको वातावरणको सरसफाइमा सहभागी<br>• स्थानीय खेलहरु खेल्ने अभ्यास र खेल खेल्दा हुने फाइदाहरु पहिचान | • भोजनको अर्थ लेखिएको चार्ट र भोजन तालिका देखाउँदै छलफल गर्ने<br>• विद्यालयमा स्थानीय रूपमा पाइने अन्न,तरकारी, फलफूलबाट बन्ने भोजनको प्रकारको तालिका बनाउने र भोजन तालिका अनुसार घर तथा विद्यालयमा प्रयोग गर्दा पुग्ने फाइदाका बारेमा बताउने<br>• भोजनको आवश्यकता र महत्वका बारेमा गीत बनाएर गाउने, गाउने लगाउने<br>• सरसफाइको अर्थ र परिचय बताई आवश्यकताका बारेमा छलफल गराउने<br>• डन्डीबियो बाघचाल, कबड्डी खेलको अभ्यास गराउने<br>• खेलको महत्व छलफल गराउने<br>• विद्यालय रहेको समुदायमा उपलब्ध हुने खेलाडी तथा प्रशिक्षकहरूसँग विद्यार्थीहरूको अन्तरक्रिया गराउने | • भोजनको अर्थ भन्न र लेख्न लगाएर<br>• भोजनको आवश्यकता बताउन लगाएर<br>• दैनिक रूपमा घरमा प्रयोग गरिने भोजन तालिका बनाउन लगाएर<br>• सरसफाइको परिचय दिन लगाएर<br>• खेलको महत्व बताउन लगाएर<br>• विद्यार्थीले डन्डीबियो बाघचाल, कवर्दी खेल खेलेको अवलोकन गरेर | १० |
| ५ | **हाम्रो वातावरण र विपद् व्यवस्थापन** | • बाढी र आगलागी हुने कारणहरु बताउन<br>• गाउँपालिकामा पाइने जीव जन्तु र चराहरु पहिचान गर्न<br>• स्थानीय बोट बिरुवाहरूको परिचय दिन | • बाढी र आगलागी हुने कारणहरु<br>• गाउँपालिकामा पाइने जीव जन्तु र चराहरु पहिचान<br>• स्थानीय बोटबिरुवाहरूको परिचय<br>• स्थानीय बोटविरुवाको महत्व तथा उपयोग | • बाढी र आगलागीको सम्बन्धमा विद्यार्थीहरुलाई उनीहरुले जानेको अनुभव बताउन लगाउने<br>• चित्र तथा श्रव्यदृश्य सामग्रीको माध्यमबाट बाढी आउने र आगलागी हुने कारणहरु बताउने<br>• आफ्नो वडा तथा गाउँपालिका भित्रका जन्तु तथा चराहरुको नाम बताउन लगाउने<br>• उक्त क्षेत्रमा हुने जीव जन्तु र चराहरुको बारेमा अवलोकन/ चित्र/ भिडियो सामग्रीको माध्यमबाट पहिचान पहिचान गर्न लगाउने<br>• जीव जन्तु र चराहरुको बारेमा सोधखोज गरी प्रस्तुत गर्न लगाउने | • बाढी आउने र आगलागी हुने कारणहरु बताउन लगाएर<br>• स्थानीयस्तरमा भएका जीव जन्तु र चराहरुको नाम बताउन लगाएर<br>• घर तथा विद्यालय वरपर भएका बोट बिरुवाहरुको नाम सोधेर | ४० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • स्थानीय बोट विरुवाको महत्व तथा उपयोग बताउन<br>• विद्यालयमा बगैंचाको आवश्यकता र महत्व बताउन<br>• घर र विद्यालयमा बगैंचाको निर्माणमा सहयोग र हेरचाह गर्न<br>• घर र विद्यालयमा पानीका स्रोतहरुको उपयोग गर्ने तरिका बताउन र सदुपयोग गर्न<br>• फोहोरमैला व्यवस्थापनको परिचय दिन<br>• विद्यालयमा फोहोर मैलाको वर्गीकरण र व्यवस्थापन (कुहिने, नकुहिने र तरल) मा सहयोग गर्न<br>• घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागी हुन | • विद्यालयमा बगैंचाको आवश्यकता र महत्व<br>• घर र विद्यालयमा बगैंचाको निर्माणमा सहयोग र हेरचाह<br>• घर र विद्यालयमा पानीका स्रोतहरुको उपयोग गर्ने तरिका बताउन र सदुपयोग<br>• फोहोरमैला व्यवस्थापनको परिचय<br>• विद्यालयमा फोहोरमैलाको वर्गीकरण र व्यवस्थापन (कुहिने, नकुहिने र तरल) मा सहयोग<br>• घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागी<br>• वरपरको वातावरण सफा राख्ने उपायहरु पहिचान र सरसफाइ कार्यमा सहभागी | • विद्यार्थीहरुलाई आफ्नो घर तथा विद्यालय वरपर रहेका बोटबिरुवाहरुको परिचय दिन लगाउने (नाम, पाइने स्थान, महत्व, उपयोग, वर्गीकरण)<br>• विद्यालय वरपर भएका बोटबिरुवाहरुको अवलोकन गराउने र तिनीहरुको सूची तयार गरी परिचय दिने/दिन लगाउने<br>• विद्यालयमा बगैंचा निर्माणको महत्व र आवश्यकतामा छलफल गराउने (वातावरण स्वस्थ राख्न, सौन्दर्य, अध्ययन, जडीबुटी आदि)<br>• विद्यालयमा बगैंचा निर्माण गर्ने तरिकाको जानकारी दिई बगैचा निर्माणमा सहभागी गराउने<br>• सम्भव भए सम्म घरमा बगैंचा निमाण गर्ने परियोजना कार्य दिने र घरको अभिभावकलाई समेत यसको जानकारी दिई सहयोग गर्न लगाउने<br>• आफ्नो घर वरपर भएका पानीका स्रोतहरु पहिचान गर्न लगाउने<br>• चित्रको माध्यमबाट आफ्नो वरपर भएका पानीका स्रोतहरुको जानकारी दिने<br>• घर तथा विद्यालय वरपर भएका पानीका स्रोतहरुको अवलोकन गराई तिनीहरुको परिचय (प्राकृतिक, कृत्रिम, वर्षा, नदी)<br>• घर तथा विद्यालय वरपर भएका पानीका स्रोतहरुको उपयोग के के मा गर्न सकिन्छ ? छलफल गराउने<br>• पानीका स्रोतहरुलाई पिउन, खाना बनाउन, सफा गर्न,सिँचाइ गर्न प्रयोग गर्न सकिने कुरा बताउने<br>• घर तथा विद्यालयमा पानीको मितव्ययी तरिकाले सदुपयोग गर्नुपर्ने कुराको जानकारी दिने<br>• व्यक्ति, घर परिवार, विद्यालय तथा वातावरण स्वस्थ राख्नको लागि गरिने कार्यहरुको रुपमा सरसफाइलाई परिचित गराउने | • अवलोकन गरेका बोट बिरुवाहरुको नाम भन्न लगाएर<br>• विद्यालयको बगैँचा निर्माणमा सहभागी भए नभएको अवलोकन गरेर<br>• घरमा बगैँचा निर्माण गरे नगरेको अभिभावक सँग प्रतिक्रिया लिएर<br>• स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरुको उपयोग बताउन लगाएर<br>• घर तथा विद्यालयमा पानीको मितव्ययी तरिकाले प्रयोग गरे नगरेको अवलोकन गरेर<br>• पानीलाई आवश्यकता अनुसार घर तथा विद्यालयका विभिन्न कार्यमा प्रयोग गरे नगरेको अवलोकन गरेर<br>• सरसफाइको परिचय दिन लगाएर<br>• व्यक्तिगत सामग्रीको हिफाजत गर्ने तरिका सोधेर<br>• फोहोरमैला व्यवस्थापन गर्दा गर्नुपर्ने कुराहरु बताउन लगाएर<br>• घर तथा विद्यालय वरपर भएका फोहोरहरुलाई ठोस (कुहिने र नकुहिने) र | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • वरपरको वातावरण सफा राख्ने उपायहरु पहिचान र सरसफाइ कार्यमा सहभागी हुन | | • सरसफाइ गर्दा प्रयोग गरिने व्यक्तिगत सामग्रीको हिफाजत गर्ने कुराको बारेमा छलफल गर्ने र नमूना अभ्यास गराउने<br>• घर, विद्यालयबाट निस्कने फोहोरलाई सही तरिकाले विसर्जन र व्यवस्थापन गर्न गर्ने कार्यहरु नै फोहोरमैलाको व्यवस्थापनमा पर्ने कुरा बताउने<br>• घर परिवार, विद्यालय, अस्पताल, कारखाना आदिबाट निस्कने फोहोरहरु ठोस (कुहिने र नकुहिने) तथा तरल फोहोर हुने र यी फोहोरहरुलाई व्यवस्थापन गर्नको लागि सही ठाउँमा विसर्जन गर्ने, मल बनाउने, प्रशोधन गर्ने आदि जस्ता उपायहरु अपनाउनुपर्ने कुराहरुमा छलफल गराउने<br>• घर, कक्षाकोठा, कक्षाकोठा बाहिर हुने फोहोर मैलाको चित्रद्धारा पहिचान गराउने<br>• घर, छरछिमेक, विद्यालय तथा समुदाय स्तरमा सरसफाइ गर्दा नै वातावरण स्वस्थ हुने र यस कार्यले गर्दा रोगहरु नलाग्ने जस्ता फाइदाहरु हुने कुरा बताउने र छलफल गराउने<br>• घर वरपर, विद्यालय, छरछिमेक, समुदायको वातावरण सफा राख्ने उपायहरुमा छलफल गराउने र सरसफाइमा सहभागी गराउने र आफूले पनि सरसफाइमा सहभागी हुने<br>• घरवरपर, समुदाय तथा विद्यालयमा सरसफाइ गरेको असल अभ्यासहरु श्रव्यदृश्य तथा चित्रको माध्यमबाट प्रष्ट पार्ने | तरलमा वर्गीकरण गर्न लगाएर<br>• फोहोरमैलको व्यवस्थापनमा सहभागी भए नभएको अवलोकन गरेर<br>• घर वरपरको वातावरण सफा गरे नगरेको अभिभावक सँग प्रतिक्रिया लिएर<br>• विद्यालयको वातावरण सफा राख्ने कार्यमा सहभागी भए नभएको अवलोकन गरेर | |
| ६ | **मूल्यमा आधारित शिक्षा र जीवन उपयोगी सीप** | • अरुप्रति दया, माया, करुणाको भाव प्रकट गर्ने सीपको विकास गर्न | • अरुप्रति दया, माया, करुणाको भाव प्रकट गर्ने सीपको विकास<br>• आत्मनिर्भर हुने बानीको विकास | • कथाको माध्यमबाट दया, माया, करुणाको भावना जगाउने<br>• विद्यार्थीहरुलाई उनीहरुले घरमा आफैले गरेका कार्यहरु बताउन लगाउने | • दया, माया, करुणाको भावनाको अवलोकन गरेर<br>• घरमा आफैले गरेका कार्यहरु बताउन लगाएर | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • आत्मनिर्भर हुने बानीको विकास गर्न<br>• सहयोगात्मक तथा सहकार्यात्मक सीपको प्रयोग गर्न | • सहयोगात्मक तथा सहकार्यात्मक सीपको प्रयोग | • शरीरको सफाइ (दाँच माझ्ने, कपाल कोर्ने, कपडा सफा लगाउने, कापी,कलम, झोलाको हिफाजत गर्ने), फूल तथा तरकारी रोप्ने र मल राख्ने र सिँचाइ गर्ने जस्ता आफैले गर्न सक्ने कार्यको जानकारी दिने र आफूले सकेको कार्य आफैले गर्नुपर्ने जानकारी गराउने<br>• आफूले गर्न सक्ने कार्य आफैले गरेको श्रव्यदृश्य सामग्री प्रदर्शन गर्ने र विद्यार्थीहरुलाई आत्मनिर्भर बन्न उत्प्रेरित गर्ने<br>• सफल जीवन व्यतित गरेका व्यक्तिहरुको जीवनी अध्ययन तथा भिडियो प्रदर्शन गर्ने<br>• घर तथा विद्यालय, कक्षाकोठामा आफूले सकेको कार्यमा सहयोग गर्ने र जानेको कुराहरु अर्कोलाई सिकाउने कुराको जानकारी गराउन<br>• कक्षामा कुनै विषयवस्तु सँग सम्बन्धित सिकाइ कार्यको लागि सहयोगात्मक र सहकार्यात्मक सीपको अभ्यास गराउने | • शरीरको सफाइ (दाँत माझ्ने, कपाल कोर्ने, कपडा सफा लगाउने, कापी,कलम, झोलाको हिफाजत गर्ने), फूल तथा तरकारी रोप्ने र मल राख्ने र सिँचाइ गर्ने जस्ता कार्यको अवलोकन तथा अभिभावकको प्रतिक्रिया लिएर<br>• विद्यालय, कक्षा कोठामा आफूले सकेको कार्यमा सहयोग र जानेको कुराहरु अर्कोलाई सिकाउने गरे नगरेको अवलोकन गरेर | |
| ७ | **सामाजिक संघ संस्थाहरु र स्थानीय व्यक्तित्व** | • आफ्नो टोल र समुदायको नेत्तृत्व गर्ने व्यक्तिहरुको योगदान बताउन<br>• वडा अध्यक्ष र सदस्यहरुको नाम भन्न<br>• वडा भित्र संचालित स्वास्थ्य संस्थाका सेवाहरुको | • आफ्नो टोल र समुदायको नेत्तृत्व गर्ने व्यक्तिहरुको योगदान<br>• वडा अध्यक्ष र सदस्यहरुको नाम<br>• वडा भित्र संचालित स्वास्थ्य संस्थाका सेवाहरुको जानकारी | • चार्टको माध्यमबाट वडा अध्यक्ष र सदस्यहरुको जानकारी गराउने<br>• सम्भव भए वडा समितिका पदाधिकारीहरुलाई आमन्त्रण गरी उनीहरुको परिचय गराउने र उनीहरुले गर्ने कार्यहरु बताउन लगाउने<br>• वडा भित्र संचालित स्वास्थ्य संस्थाको भ्रमण गराई उक्त संस्थाहरुबाट प्रदान हुने सेवाहरुको जानकारी गराउने | • वडा अध्यक्ष र सदस्यहरुको नाम बताउन लगाएर<br>• वडा भित्र संचालित स्वास्थ्य संस्थाको नाम र उक्त संस्थाबाट प्रदान हुने सेवाहरु बताउन लगाएर | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | जानकारी प्राप्त गर्न<br>• गाउँ भित्र रहेका आमा समूहको पहिचान गर्न र परिचय दिन | • गाउँ भित्र रहेका आमा समूह को पहिचान गर्न र परिचय | • गाउँ भित्र रहेका आमा समूहको जानकारी गराउने र आमा समूहको पदाधिकारी बोलाइ उक्त समूहको जानकारी दिन लगाउने | • गाउँ भित्र रहेका आमा समूहको परिचय दिन लगाएर | |

**कक्षा ४**

| क्र | क्षेत्र/एकाइ | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | **नवराजपुर गाउँपालिकाको परिचय** | • नवराजपुरको भौगोलिक अवस्था ( सिमाना, क्षेत्रफल) बताउन<br>• गाउँपालिका भित्रका वडाहरुको संख्या, वडा कार्यालयहरुको ठेगाना भन्न<br>• गाउँपालिका भित्रको जनसंख्या (महिला र पुरुषको) तथ्याकं बताउन<br>• गाउँपालिका भित्रका मुख्य बाटा घाटाहरु पहिचान गर्न<br>• गाउँपालिका भित्र हुने आर्थिक | • नवराजपुरको भौगालिक अवस्था ( सिमाना, क्षेत्रफल)<br>• गाउँपालिका भित्रका वडाहरुको संख्या, वडा कार्यालयहरुको ठेगाना<br>• गाउँपालिका भित्रको जनसंख्या (महिला र पुरुषको) तथ्याकं<br>• गाउँ पालिका भित्रका मुख्य बाटाघाटाहरु पहिचान<br>• गाउँपालिका भित्रहुने आर्थिक क्रियाकलापहरुहरु | • नेपाल र सिराहा जिल्लाको नक्शामा नवराजपुर गाउँ पालिका पत्ता लगउन लगाउने<br>• नवराजपुरको नक्शामा विभिन्न तथ्यहरु खोजी गर्न लगाउने । विभिन्न वडाहरु नक्शामा प्रर्दशन गर्ने<br>• नवराजपुर गाउँ पालिकाको क्षेत्रफल तथा सीमाना बताउने<br>• गाउँपालिका भित्रको जनसंख्याको तथ्याकं प्रस्तुत गर्दे कक्षामा छलफल गर्ने<br>• नवराजपुर गाउँपालिकाको नक्सा प्रदर्शन गरी वडाहरुको अवस्थिति, वडाको संख्या र वडा कार्यालयको ठेगाना बताउने<br>• गाउँपालिका भित्रको जनसंख्या (महिला र पुरुषको) तथ्याकं बताउने<br>• गाउँपालिका भित्रका मुख्य बाटा घाटाहरु पहिचान गराउने<br>• विद्यार्थीहरुलाई उनीहरुको घरमा कुन कुन सामग्रीको उत्पादनबाट के के आम्दानी हुन्छ ? बताउन लगाउने | • नेपाल र सिराहा जिल्लाको नक्शामा नवराजपुर गाउँ पालिका पहिचान गर लगाएर<br>• गाउँपालिकाको नक्सामा वडाहरु पहिचान गर्न लगाएर<br>• नवराजपुर गाउँपालिकाको क्षेत्रफल तथा सीमाना भन्न लगाएर<br>• वडाहरुको अवस्थिति, वडाको संख्या र वडा कार्यालयको ठेगाना बताउन लगाएर<br>• गाउँपालिका भित्रको जनसंख्या (महिला र पुरुषको) बताउन लगाएर | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | क्रियाकलापहरुहरुको सूची तयार गर्न | | • गाउँपालिका भित्र कुन कुन कार्यहरु गर्दा आर्थिक पक्षमा टेवा पुगेको छ ? छलफल गराउने,जस्तै अन्नबाली उत्पादन, तरकारी खेती,फलफूल खेती, पर्यटकीय स्थल आदि । | • गाउँपालिका भित्रका मुख्य बाटा घाटाहरु बताउन लगाएर<br>• गाउँपालिका भित्र आम्दानी हुने स्रोतहरु बताउन लगाएर | |
| २ | **नवराजपुर गाँउपालिकको सामाजिक संस्कार र संस्कृति** | • आफ्ना नातेदारहरु नाम, ठेगाना र रीति रिवाज बताउन<br>• सामाजिक शिष्टाचार तथा नियमहरुको पालना गर्न<br>• आफूले मनाउने चाडपर्वहरु (दशै, तिहार, दाहा मेला,ईन्द्र मेला, तिला संक्रान्ति, लक्ष्मी पूजा, फगुवा पर्व, छैठ पर्व, सोमबारी, झिझिया, ईद, बकरिद, मस्जिद, चौरचन,**श्रीकृष्ण अस्टमी**,नागपंचमी ,महाशिब**रात्री**,जितिय | • आफ्ना नातेदारहरु नाम, ठेगान र रीति रिवाज<br>• सामाजिक शिष्टाचार तथा नियमहरु<br>• आफूले मनाउने चाडपर्वहरु (दशै, तिहार, दाहा मेला,ईन्द्र मेला, तिला संक्रान्ति, लक्ष्मी पूजा, फगुवा पर्व, छैठ पर्व, सोमबारी, झिझिया, ईद, बकरिद, **श्रीकृष्ण अस्टमी**, नागपंचमी ,महाशिब**रात्री** ,जितिया आदि आफूले मनाउने चाडपर्वको महत्व | • विद्यार्थीहरुलाई आ आफ्नो नातेदार को को हुनुहुन्छ ? बताउन लगाउने<br>• आफ्ना नातेदारहरु नाम, ठेगाना र रीति रिवाज बताउन लगाउने<br>• सामाजिक शिष्टाचार तथा नियमहरुको जानकारी गराउने र पालना गर्न लगाउने<br>• आफूले मनाउने चाडपर्वहरुमा गरिने क्रियाकलापहरु बताउन लगाउन<br>• चित्र तथा श्रव्यदृश्य सामग्रीको प्रयोग गरी उल्लिखित चाडपर्वको जानकारी दिने र तिनको महत्व प्रष्ट पार्ने<br>• आफूले मनाउने चाडपर्वको महत्वको बताउन<br>• समुदायमा प्रचलिन लोकगीतहरु पहिचान गराउने र मुख्य मुख्य लोकगीतहरु गाउने अभ्यास गराउने<br>• स्थानीय स्तरमा प्रचलित लोकबाजाहरु पहिचान गराउने र ती बाजाहरु मध्ये बढी प्रचलित लोकबाजा तालमा बजाउने अभ्यास गराउने<br>• समुदायमा प्रचलित गीतमा हाउभाउ सहित लोक नृत्य गर्ने अभ्यास गराउने<br>• गाउँपालिका भित्रको सामाजिक, सांस्कृतिक, धार्मिक तथा जातिगत अवस्थाको बारेमा चित्र, श्रव्यदृश्य सामग्रीको माध्यमबाट जानकारी गराउने | • आफ्ना नातेदारहरु नाम, ठेगाना र रीति रिवाज बताउन लगाएर<br>• सामाजिक शिष्टाचार तथा नियमहरुको पालना गरे गाउँको अवलोकन गरेर<br>• आफूले मनाउने चाडपर्वह आफूले मनाउने चाडपर्वहरु (दशै, तिहार, दाहामेला, ईन्द्र मेला, तिला संक्रान्ति, लक्ष्मीपूजा, फगुवा पर्व, छैठ पर्व, सोमबारी, झिझिया, ईद, बकरिद, **श्रीकृष्ण अस्टमी**, नागपंचमी, महाशिब**रात्री**, जितिया आदिमा गरिने क्रियाकलापहरु बताउन लगाएर | २५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ा आदि को परिचय दिन<br>• आफूले मनाउने चाडपर्वको महत्वको बताउन<br>• समुदायमा प्रचलिन लोकगीत गाउने अभ्यास गर्न<br>• स्थानीय स्तरमा प्रचलित कुनै एक लोकबाजा तालमा बजाउन<br>• समुदायमा प्रचलित गीतमा हाउभाउ सहित लोक नृत्यगर्न<br>• गाउँपालिका भित्रको सामाजिक, सांस्कृतिक, धार्मिक तथा जातिगत अवस्थाको परिचय दिन | • समुदायमा प्रचलिन लोकगीत गाउने अभ्यास<br>• स्थानीय स्तरमा प्रचलित कुनै एक लोकबाजा तालमा<br>• समुदायमा प्रचलित गीतमा हाउभाउ सहित लोक नृत्य<br>• गाउँ पालिका भित्रको सामाजिक, सांस्कृतिक, धार्मिक तथा जातिगत अवस्थाको परिचय | | • चाडपर्वको महत्वको बताउन लगाएर<br>• मेलामा गरिने क्रियाकलापहरु बताउन लगाएर<br>• प्रचलिन लोकगीत गाएको अवलोकन गरेर<br>• बढी प्रचलित लोकबाजा बजाएको अवलोकन गरेर<br>• हाउभाउ सहित लोक नृत्य गरेको अवलोकन गरेर<br>• गाउँपालिका भित्रको सामाजिक, सांस्कृतिक, धार्मिक तथा जातिगत अवस्थाको जानकारी बताउन लगाएर | |
| ३ | **नवराजपुर गाउँपालिकाको पेसा, व्यवसाय र पर्यटन** | • स्थानीय स्तरमा निर्मित हस्तकलाका सामग्रीहरुका नाम र निर्माणका लागि आवश्यक सामग्री र प्रयोजन बताउन ( नाङ्**लो**/सुपा, ठेक, | • स्थानीय स्तरमा निर्मित हस्तकलाका सामग्रीहरुका नाम र निर्माणका लागि आवश्यक सामग्री र प्रयोजन(नाङ्**लो**/ सुपा,ठेक,कोठी | • विद्यार्थीहरुलाई आआफ्नो घरमा हस्तकलाको माध्यमबाट बनेका सामग्रीहरु बताउन लगाउने<br>• चित्र द्वारा स्थानीय स्तरमा निर्मित हस्तकलाका सामग्रीहरुका नाम र निर्माणका लागि आवश्यक सामग्री र प्रयोजन बताउने(नाङ्**लो**/सुपा, ठेक, कोठी ,गुरचला, चल्नी, गरदामी ,डलीया, झाडु,बरनी ढकिया, पटिया, | • स्थानीय हस्तकलाका सामग्रीहरुको सूची निर्माण गर्न लगाएर<br>• आफ्नो घरमा भएका हस्तकलाका सामग्रीहरुको सूची बनाउन लगाएर | २५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | कोठी ,गुरचला, चल्नी, गरदामी ,डलीया, झाडु, बरनी ढकिया, पटिया, कोनिया, मुजेला, डोरी, गोनेर, सपटा, बेना, डाला, चडेरी, जाबी आदि ।)<br>• स्थानीय परम्परागत प्रविधिको परिचय दिन (ढिकी, जाँतो, आदि )<br>• घर तथा स्थानीय समुदायमा उत्पादन हुने कृषिजन्य उत्पादनहरुको पहिचान गर्न<br>• घर तथा समुदायमा उत्पादन भएका वस्तुको बजारीकरण गर्ने तरीकासँग परिचित हुन<br>• वडा भित्रका धार्मिक स्थलहरुको सामान्य परिचय दिन । | ,गुरचला,चल्नी, गरदामी ,डलीया,झाडु,बरनी ढकिया, पटिया, कोनिया, मुजेला, डोरी, गोनेर, सपटा, बेना, डाला, चडेरी, जाबी आदि)स्थानीय परम्परागत प्रविधिको परिचय (ढिकी, जाँतो आदि )<br>• घर तथा स्थानीय समुदायमा उत्पादन हुने कृषिजन्य उत्पादनहरुको पहिचान<br>• घर तथा समुदायमा उत्पादन भएका वस्तुको बजारीकरण गर्ने तरीकासँग परिचित<br>• वडा भित्रका धार्मिक स्थलहरुको सामान्य परिचय | कोनिया, मुजेला, डोरी, गोनेर, सपटा, बेना, डाला, चडेरी, जाबी आदि ।)<br>• हस्तकलाबाट स्थानीय स्तरमा निर्माण गर्न सकिने उल्लिखित साामग्रीहरु निर्माण गर्ने स्थानीय स्रोत व्यक्तिहरुलाई आमन्त्रण गरी उक्त सामग्री निर्माण गर्न लगाउने र विद्यार्थीहरुलाई अवलोकन गर्न लगाउने ।<br>• कुन सामग्री कसरी निर्माण गरिँदो रहेछ ? विवरण तयार तथा रेखांकन गर्न लगाई प्रस्तुत गर्न लगाउने<br>• स्थानीय परम्परागत प्रविधिको परिचय दिने (ढिकी, जाँतो आदि )<br>• विद्यार्थीहरुलाई परम्परागत प्रविधि भएको स्थानमा भ्रमण गराई तिनीहरुको बारेमा जानकारी गराउने<br>• घर तथा स्थानीय समुदायमा उत्पादन हुने कृषिजन्य उत्पादनहरुको पहिचान गराउने<br>• घर तथा समुदायमा उत्पादन भएका वस्तुको बजारीकरण गर्ने तरीकामा छलफल गराउने र बिक्री वितरण गर्ने स्थानको जानकारी गराउने<br>• वडा भित्रका धार्मिक स्थलहरुको सामान्य जानकारी गराउने र कुनै एक धार्मिक स्थलको भ्रमण गराइ उक्त धार्मिक स्थलको अवलोकन गराई सिकेका कुराहरुलाई कक्षामा प्रस्तुत गर्न लगाउने | • समान्य हस्तकलाको सीप प्रर्दशन गरेको अवलोकन गरेर<br>• स्थानीय धार्मिक स्थलहरुको नाम र अवस्थिति झल्किने तालिका निर्माण गर्न लगाएर<br>• आफ्नो घर नजिकै रहेको धार्मिक स्थलको बारेमा लेखेको लेख परीक्षण गरेर<br>• कुनै नजिकको धार्मिक स्थलको बारेमा सिकेको कुराहरु प्रतिविम्बन गर्न लगाएर | |
| ४ | **सरसरसफाइ र स्वस्थ जीवन** | • स्वस्थ र अस्वस्थ भोजन पहिचान गर्न र भिन्नता छुट्याउन | • स्वस्थ र अस्वस्थ भोजन पहिचान गर्न र भिन्नता<br>• स्वस्थकर खाना प्रयोग गर्ने तरिका बताउन र प्रयोग | • स्वस्थ भोजनका फाइदा र अस्वस्थकर भोजनले पुऱ्याउने नोक्सान बारे छलफल गराउने<br>• हामीले खाने कुन कुन खानामा भिटामिन, प्रोटिन, कार्बोहाइड्रेट पाइन्छ ? भनी छलफल गराउने | • स्वस्थ र अस्वस्थ भोजनका फाइदा बेफाइदा बताउन लगाएर<br>• स्वस्थ र अस्वस्थ भोजनको सूची बनाउन लगाएर | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • स्वस्थकर खाना प्रयोग गर्ने तरिका बताउन र प्रयोग गर्न<br>• सही किसिमले उठ्ने, बस्ने र सुत्ने तरिका बताउन र अभ्यास गर्न<br>• योग (सूर्य नमस्कार) अभ्यास गर्न | • सही किसिमले उठ्ने, बस्ने र सुत्ने तरिका र अभ्यास<br>• कक्षाकोठाको सरसफाइ योगना निर्माण र कार्यान्वयन<br>• योग (सुर्य नमस्कार ) अभ्यास | • स्वस्थकर खानाका फाइदा र अस्वस्थकर खानाका बेफादाको सूची बनाई छलफल गराउने ।<br>• कस्ता कस्ता खानेकुराले शारीरिक, मानसिक वृद्धि गराउँछ भनी छलफल गराइ बुदा टिपोर्ट गर्न लगाउने<br>• ताजा खाने कुराले पुर्‍याउने फाइदा र बासी खाने कुराले पुर्‍याउने बेफाइदाका बारेमा छलफल गराउने<br>• खानालाइ कसरी सुरक्षित राख्ने बताउने<br>• उठ्ने, बस्ने र सुत्ने तरिका,जस्तै उत्तानो,देब्रे,दाहिने, घोप्टो आसनका चित्रहरू देखाई अभ्यास गराउने<br>• कक्षाकोठाको सफाइ गर्न लगाउने<br>• योगको महत्वको बारेमा समूहमा छलफल र अभ्यास गर्न लगाउने | • खानालाई सुरक्षित राख्ने तरिका बताउन लगाएर<br>• कार्बोहाइड्रेट, भिटामिन, प्रोटिन पाइने खानेकुरा बताउन लगाएर<br>• सुत्ने आसनको अभ्यासको अवलोकन गरेर<br>• कक्षकोठा सरसफाइमा सहभागी भएको अवलोकन गरेर | |
| ५ | **हाम्रो वातावरण र विपद् व्यवस्थापन** | • बाढी र आगलागीबाट हुने असरहरु बताउन<br>• गाउँपालिका भित्र पाइने जीव जन्तु र चराहरुको परिचय दिन र महत्व बताउन<br>• विद्यालयमा बगैंचा र वृक्षारोपणमा सहभागी हुन<br>• वातावरण र विकासको परिचय दिन<br>• गाउँपालिका क्षेत्रमा भएका पानीका स्रोतहरुको परिचय दिन, उपयोग बताउन र आवश्यकताअनुसार प्रयोग गर्न | • बाढी र आगलागीबाट हुने असरहरु<br>• गाउँपालिका भित्रका जीव जन्तु र चराहरुको परिचय दिन र महत्व<br>• विद्यालयमा बगैंचा र वृक्षारोपणमा सहभागी<br>• वातावरण र विकासको परिचय<br>• गाउँपालिका क्षेत्रमा भएका पानीका स्रोतहरुको परिचय, उपयोग र आवश्यकता अनुसार प्रयोग<br>• फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर पहिचान | • नक्सा प्रयोग गरी प्रकोप जोखिमका स्थानीय क्षेत्रहरु पहिचान गर्न लगाउने र बाढी तथा आगलागीबाट हुने असरहरुको बारेमा चित्र तथा श्रव्यदृश्य सामग्रीको माध्यमबाट जानकारी दिने<br>• विद्यार्थीहरुलाई स्थानीयस्तरमा देखेका जीव जन्तु र चराहरुको नाम बताउन लगाउने<br>• गाउँपालिका भित्रका जन्तु तथा चराहरुको बारेमा अवलोकन, चित्र, भिडियो प्रदर्शन आदिको माध्यमबाट परिचय दिने<br>• वडामा पाइने औषधिजन्य वनस्पतिहरुको बारेमा चित्र, भिडियो, अवलोकनद्धारा पहिचान गराउने र तिनीहरुको उपयोगमा छलफल गराउने<br>• विद्यार्थीहरुलाई विद्यालयमा बगैंचा निर्माणमा सहभागी गराउने<br>• विद्यालय भित्र तथा विद्यालय वरपर वृक्षारोपणमा विद्यार्थीहरुलाई सहभगी गराउने र वृक्षरोपण गर्दा हुने फाइदाहरुको बारेमा जानकारी दिने | • बाढी तथा आगलानीबाट हुने असरहरु बताउन लगाएर<br>• गाउँपालिका भित्रका जीव जन्तु र चराहरुको नाम बताउन लगाएर<br>• गाउँ पालिका भित्रका वनमा भएका जीव जन्तु र चराहरुको महत्व बताउन लगाएर<br>• विद्यालयको बगैंचा निर्माणमा सहयोग गरे गाउँको अवलोकन गरेर<br>• विद्यालयको वृक्षरोपण कार्यमा सहभागी भए नभएको अवलोकन गरेर<br>• वातावरण र विकासको परिचय दिन लगाएर | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • फोहोरमैलाले स्थानीय स्तरमा पारेको असर पहिचान गर्न<br>• वातावरण प्रदूषणको स्थानीय अवस्थाको पहिचान गर्न<br>• फोहोर मैलाको वर्गीकरण (ठोस, तरल र ग्याँस) र व्यवस्थापनमा सहयोग गर्न | • वातावरण प्रदूषणको स्थानीय अवस्थाको पहिचान<br>• फोहोरमैलाको वर्गीकरण (ठोस, तरल र ग्याँस) र व्यवस्थापनमा सहयोग | • घर तथा विद्यालय वरपर भएका वस्तुहरुको पहिचान गर्न लगाउने<br>• वरपर भएका सजीव र निर्जीव वस्तुहरुको समग्रतालाई वातावरणको रुपमा परिचय गराउने<br>• पर्यावरण सन्तुलनमा नखल्बल्याइ उपलब्ध वस्तुहरुको सही सदुपयोग, वृक्षरोपण, उपयोग, सामाजिक आर्थिक, सांस्कृतिक भौतिक, प्राविधिक विकास गर्नुपर्ने पक्षमा छलफल गराउने र वातावरण र विकासबिच अन्योन्याश्रित सम्बन्ध रहेको जानकारी दिने<br>• गाउँपालिका भित्र भएका पानीका स्रोतहरु पहिचान गर्न लगाउने<br>• भिडियो द्धारा पानीका स्रोतहरुको जानकारी दिने<br>• गाउँपालिका भित्र भएका पानीका स्रोतहरुको अवलोकन गराई तिनीहरुको परिचय (प्राकृतिक, कृत्रिम, वर्षा, नदी)<br>• गाउँपालिका भित्र भएका पानीका स्रोतहरुको उपयोग के के मा गर्न सकिन्छ ? छलफल गराउने<br>• पानीका स्रोतहरुलाई पिउन,खाना बनाउन,सफा गर्न,सिँचाइ गर्न प्रयोग गर्न सकिने कुरा बताउने<br>• उपलब्ध पानीको मितव्ययी तरिकाले सदुपयोग गर्नुपर्ने कुराको जानकारी दिने<br>• घर,विद्यालय, अस्पताल,कारखानाबाट निस्कने फोहोरले स्थानीय स्तरमा पारेको असर (स्वास्थ्य,वातावरण,कृषि आदि) सम्बन्धमा श्रव्यदृश्य सामग्री,अवलोकन,चित्र आदिको माध्यमबाट छलफल गराउने<br>• घर परिवार, विद्यालय, अस्पताल निर्माण आदि बाट हुने/निस्कने फोहोरलाई वर्गीकरण गर्न लगाउने र ती फोहोरहरुलाई सामान्यतया ठोस (कुहिने र नकुहिने), तरल र ग्याँस (हावा) गरी तीन समूहमा वर्गीकरण गर्न सकिने कुरा बताउने | • गाउँपालिका भित्र भएका पानीका स्रोतहरु र उपयोग बताउन लगाएर<br>• पानीको मितव्ययी तरिकाले प्रयोग गरे गाउँको अवलोकन गरेर<br>• पानीलाई आवश्यकता अनुसार घर तथा विद्यालयका विभिन्न कार्यमा प्रयोग गरे नगरेको अवलोकन गरेर<br>• फोहोरमैलाले स्थानीयस्तरमा पारेको असर बताउन लगाएर<br>• स्थानीय स्तरमा वातावरण प्रदूषणको अवस्था बताउन लगाएर<br>• फोहोर मैलाको वर्गीकरण गर्न सके नसकेको बताउन लगाएर<br>• फाहोरमैलाको उचित तरिकाले विसर्जन, व्यवस्थापन गरे नगरेको अवलोकन गरेर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • यी विभिन्न माध्यमबाट उत्पन्न हुने फोहोरहरुलाई उचित तरिकाले विसर्जन गर्ने, मल बनाउने, प्रशोधन गर्ने कार्य गर्नुपर्ने कुरा बताउने र व्यवस्थापनमा सहभागी गराउने | | |
| ६ | **मूल्यमा आधारित शिक्षा र जीवन उपयोगी सीप** | • समाजको असल नागरिक हुनका लागि आवश्यक पर्ने सीपहरु पहिचान गर्न र सीप विकासको अभ्यास गर्न<br>• समाजका असल मानिसहरुले गरेका कार्यहरु पहिचान गर्न र उक्त कार्यको अनुसरण गर्ने सीप र आचरणको अभ्यास गर्न<br>• जीवनमा लक्ष्य किटान गरी अघि बढ्ने सीप र बानीको अभ्यास गर्न । | • समाजका असल मानिसहरुले गरेका कार्यहरु पहिचान र उक्त कार्यको अनुसरण गर्ने सीप र आचरणको अभ्यास<br>• समाजको असल नागरिक हुनका लागि आवश्यक पर्ने सीपहरु पहिचान र सीप विकासको अभ्यास<br>• जीवनमा लक्ष्य किटान गरी अघि बढ्ने सीप र बानीको अभ्यास | • कथा भिडियो माध्यमबाट सहयोग र स्वयंसेवाको भावना जगाउने<br>• समाजका असल मानिसहरुले गरेका कार्यहरु श्रव्यदृश्य सामग्री वा अन्य माध्यमबाट सुनाउने<br>• उक्त कार्यहरुको अनुसरण गर्ने अभ्यास गराउने<br>• विपद्मा परेका र बिरामीलाई सेवा गर्न उत्प्रेरित गर्ने<br>• सफल र विश्व प्रसिद्ध स्वयंसेवा गर्ने व्यत्तित्वहरुको आत्म वृतान्तका अंशहरु सुनाउने<br>• समाजको असल नागरिक हुनका लागि आवश्यक पर्ने सीपहरुको उदाहरणसहित प्रष्ट पार्ने<br>• जीवनमा आफूले लिएको लक्ष्य बताउन र विद्यार्थीहरुलाई कुन कार्य गरेमा कुन क्षेत्रको दक्ष र असल नागरिक बन्न सकिन्छ? बताउने र विद्यार्थीहरुलाई पनि आ-आफ्नो लक्ष्य किटाना गर्न सहयोग गर्ने र सोही लक्ष्य पूरा गर्न अघि बढ्न उत्प्रेरित गर्ने | • समाजका असल मानिसहरुले गरेका कार्यहरु बताउन लगाएर<br>• सहयोग गरेको अवलोकन गरेर<br>• समाजको असल नागरिक हुनका लागि आवश्यक पर्ने बताउन लगाएर<br>• जीवनमा आफूले लिने लक्ष्य बताउन लगाएर | १५ |
| ७ | **सामाजिक संघ संस्थाहरु र स्थानीय व्यक्तित्व** | • गाउँ भित्र संचालित स्वास्थ्य संस्थाहरुको सामान्य परिचय दिन र ती संस्थाहरुबाट प्राप्त हुने सेवाहरुसँग परिचित हुन र सेवा लिन<br>• आफ्नो विद्यालयको स्थापना गर्ने व्यक्तित्वहरुको परिचय | • गाउँ भित्र संचालित स्वास्थ्य संस्थाहरुको सामान्य परिचय र ती संस्थाहरुबाट प्राप्त हुने सेवाहरु<br>• आफ्नो विद्यालयको स्थापना गर्ने व्यक्तित्वहरुको परिचय (संस्थापक अध्यक्ष र प्र.अं) | • वडाभित्र संचालनमा रहेको शैक्षिक संस्थाहरुको जानकारी गराउने साथै उक्त संस्थाबाट प्रदान गरिने सेवाको बारेमा सम्बन्धित संस्थाको भ्रमण गरी वा संस्थाका व्यक्तिलाई विद्यालयमा आमन्त्रण गरी जानकारी गराउन लगाउने<br>• विद्यालयका संस्थापक अध्यक्ष र प्र.अ.को फोटो सहितको संक्षिप्त जीवनीको चार्ट प्रर्दशन गर्दै उनीहरुले पुर्याएको योगदान बताउने<br>• विद्यालयको संस्थापकहरुलाई बोलाई उनले गरेका कार्यहरुको जानकारी दिन लगाउने | • विद्यालयका संस्थापक अध्यक्ष र प्र.अ.ले पुर्याएका योगदान बताउन लगाएर<br>• वडाभित्र संचालनमा रहेको शैक्षिक संस्थाहरुको परिचय र प्रदान गर्ने सेवाहरु बताउन लगाएर<br>• गाउँ भित्रका स्वास्थ्य संस्थाले प्रदान गर्दै आएका सेवाहरुको जानकारी गराउने | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | दिन (संस्थापक अध्यक्ष र प्र.अं)<br>• वडा भित्र संचालित शैक्षिक संस्थाहरुको परिचय दिन<br>• शैक्षिक व्यक्तित्वको जीवनी भन्न र त्यसबाट शिक्षा ग्रहण गर्न | • वडा भित्र संचालित शैक्षिक संस्थाहरुको परिचय<br>• शैक्षिकको जीवनी ) र त्यसबाट शिक्षा ग्रहण | • गाउँभित्रका स्वास्थ्य संस्थाहरुको भ्रमण गरी वा संस्थाका पदाधिकारीलाई आमन्त्रण गरी उक्त संस्थाले प्रदान गर्दै आएका सेवाहरुको जानकारी गराउने<br>• उक्त संस्थाबाट आवश्यकताअनुसार सेवा लिन सकिने कुराको जानकारी गराउने<br>• शैक्षिक व्यक्तित्वको जीवनी बताउने र उनले गरेका असल अभ्यासको अनुसरण गर्नुपर्ने कुराको जानकारी गराउने | • शैक्षिक व्यक्तित्वले गरेका असल कार्यहरु | |

**कक्षा ५**

| क्रस | क्षेत्र/एकाइ | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | **नवराजपुर गाउँपालिकाको परिचय** | • गाउँपालिकाको नामाकरण रहनको जानकारी दिन<br>• आफू बस्ने वडाको नक्सा कोर्न र नक्सामा मुख्य मुख्य स्थानहरु देखाउन<br>• गाउँपालिका भित्र वडा अनुसारको घरधुरी संख्या र पेशागत विवरण बताउन<br>• गाउँपालिका भित्रका वडा अनुसारको जनसंख्या ( महिला र पुरुष) बताउन<br>• गाउँपालिकाको आयस्रोतहरु पहिचान गर्न | • गाउँपालिकाको नामाकरण रहनको जानकारी<br>• आफू बस्ने वडाको नक्सा निर्माण र नक्सामा मुख्य मुख्य स्थानहरु भरण<br>• गाउँपालिका भित्र वडा अनुसारको घरधुरी संख्या र पेशागत विवरण<br>• गाउँपालिका भित्रका वडा अनुसारको जनसंख्या (महिला र पुरुष) | • गाउँपालिकाका नामाकरण नवराजपुर रहनको कारण बताउने<br>• पुराना पुर्खा, विद्वान तथा जानकारलाई स्रोत व्यक्तिको रुपमा आमन्त्रण गरी गाउँ पालिकाको नामाकरण सम्बन्धि छलफल गराउने<br>• उपलब्ध सन्दर्भ सामग्री, विभिन्न पत्रपत्रिका, स्मारिका र अन्य श्रव्यदृश्य सामग्रीको उपयोग गरी चित्रात्मक विधिबाट गाउँ पालिकामा बसोबास गर्ने जातिको जनसंख्या प्रस्तुत गरी छलफल गराउने<br>• नक्सा निर्माण गर्ने सरल विधिहरु : कार्बन पेपर, ट्रेसिङ, वर्ग, ग्राफ वा अन्य विधिबाट वडाको नक्सा उतार गर्ने अभ्यास गराउने<br>• घरमा आम्दानीका स्रोतहरु पहिचान गर्न लगाउने<br>• वडा तथा गाउँपालिकाको पदाधिकारीलाई आमन्त्रण गरी आम्दानीका स्रोतहरु बताउन | • गाउँपालिकाको नामाकरण नवराजपुर रहनुको कारण सोधेर<br>• गाउँपालिकाको क्षेत्रफल, उचाइ र सिमाना बताउन लगाएर<br>• नक्सा कोरेको अवलोकन गरेर<br>• गाउँपालिका वडा अनुसारको महिला र पुरुषको जनसंख्या बताउन लगाएर<br>• वडा तथा गाउँ पालिकाको मुख्य आयस्रोत बताउन लगाएर | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | • गाउँपालिकाको आयस्रोतहरु | लगाउने र आम्दानीको खर्च हुने क्षेत्रहरु समेत बताउन लगाउने | | |
| २ | **नवराजपुर गाउँपालिकाको**<br><br>**सामाजिक संस्कार र संस्कृति** | • गाउँपालिका भित्रका समुदायको प्रचलित रीतिरिवाज र परम्पराको महत्व बताउन ।<br>• आफ्नो समुदायको जन्म तथा मृत्यु संस्कारको परिचय दिन<br>• विवाह संस्कारको परिचय दिन र महत्व बताउन<br>• मेलाको एतिहासिक महत्वको छोटो जानकारी दिन<br>• कृष्ण आष्टमिको परिचय र महत्व बताउन<br>• स्थानीय स्तरमा प्रचलित मुख्य लोकगीतहरुमा हाउ भाउ सहित गाउन र नृत्य गर्न<br>• स्थानीय प्रचलित कुनै दुई लोकबाजाहरु बजाउने अभ्यास गर्न<br>• गाउँपालिका भित्रको सामाजिक, सांस्कृतिक, धार्मिक तथा जातिगत अवस्थाको महत्व बताउन<br>• हाम्रा गाउँ भित्रका धार्मिक स्थलहरुको संक्षिप्त परिचय दिन । | • गाउँपालिका भित्रका समुदायको प्रचलित रीतिरिवाज र परम्पराको महत्व<br>• आफ्नो समुदायको जन्म तथा मृत्यु संस्कारको परिचय<br>• व्रतबन्ध गर्ने तरिका र महत्व<br>• विवाह संस्कारको परिचय दिन र महत्व<br>• स्थानीयस्तरमा प्रचलित मुख्य लोकगीतहरुमा हाउ भाउ सहित गाउन र नृत्य<br>• स्थानीय प्रचलित कुनै दुई लोकबाजाहरु बजाउने अभ्यास<br>• गाउँपालिका भित्रको सामाजिक, सांस्कृतिक, धार्मिक तथा जातिगत अवस्थाको महत्व | • हाम्रो समुदायमा रहेको रितिरिवाज, संस्कारको बारेमा समूह बनाई छलफल गर्न लगाउने<br>• हाम्रा संस्कारहरु जन्म, व्रतवन्ध, विवाह र मृत्यु संस्कारका बारेमा आफ्ना अभिभावकसंग सोधखोज गर्ने परियोजना कार्य दिने र कक्षामा मौखित प्रस्तुत गर्न लगाउने<br>• उल्लिखित पक्षहरुको बारेमा शिक्षकले थप पृष्ठपोषण दिने<br>• मेलाको परिचय, महत्व, लाग्ने स्थानहरु र गरिने क्रियाकपालका बारेमा छलफल गराउने<br>• मेलामा विद्यार्थीहरुलाई सहभागी गराउने र विद्यार्थीहरुलाई उक्त मेलामा गरिएका क्रियाकलापहरुको टिपोट बनाइ कक्षामा प्रस्तुत गर्न लगाउने<br>• स्थानीयस्तरमा प्रचलित मुख्य लोकगीतहरु पहिचान गर्न लगाउने र पहिचान गराउने<br>• स्थानीय स्रोत व्यक्तिलाई आमन्त्रण गरी स्थानीय स्तरका प्रचलित मुख्य लोकगीतहरु ह्ाउभाउ सहित गाउने अभ्यास गराउने<br>• स्थानीय प्रचलित कुनै दुई मुख्य लोकबाजाहरु बजाउने अभ्यास गराउने<br>• लोकगीत र लोकबाजाको तालमा हाउभाउ सहित नृत्य अभ्यास गराउने<br>• गाउँपालिका भित्रको सामाजिक, सांस्कृतिक, धार्मिक तथा जातिगत अवस्थाको महत्व बताउने<br>• चित्र तथा श्रव्यदृश्य सामग्रीको माध्यमबाट गाउँभित्रका धार्मिक स्थलहरुको परिचय दिने | • समुदायमा रहेका रितिरिवाज, संस्कार (जन्म, व्रतवन्ध विवाह र मृत्यु) को परिचय दिन लगाएर<br>• मेलाको परिचय, महत्व, लाग्ने स्थानहरु र गरिने क्रियाकपालका प्रस्तुत गर्न लगाएर<br>• मेलाको महत्व र सम्बन्ध बताउन लगाएर<br>• कृष्णाष्टमी तथा अन्य व्रतको परिचय र महत्व बताउन लगाएर<br>• स्थानीय स्तरका प्रचलित मुख्य लोकगीतहरु ह्ाउभाउ सहित गाएको अवलोकन गरेर<br>• स्थानीय प्रचलित लोकबाजाहरु बजाएको अवलोकन गरेर<br>• लोकगीत र लोकबाजाको तालमा हाउभाउ सहित नृत्य अभ्यासको अवलोकन गरेर<br>• गाउँपालिका भित्रको सामाजिक, सांस्कृतिक, धार्मिक तथा जातिगत | २५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | • हाम्रा गाउँ भित्रका धार्मिक स्थलहरुको संक्षिप्त परिचय | • कुनै एक धार्मिक स्थलको भ्रमण गराई उक्त धार्मिक स्थलको बारेमा अवलोकन गरेको आधारमा प्रस्तुत गर्न लगाउने | अवस्थाको महत्व बताउन लगाएर<br>• धार्मिक स्थलको परिचय दिन लगाएर | |
| ३ | **नवराजपुर गाउँपालिकाको पेसा, व्यवसाय र पर्यटन** | • गाउँ भित्रका पर्यटकीय स्थलहरुको परिचय दिन- हजारी माता मन्दिर,सल्हेस मन्दिर,राम जानकी मन्दिर,<br>• गाउँपालिका भित्रका कृषि पकेट क्षेत्रहरुको परिचय दिन<br>• गाउँपालिका भित्रका व्यापारिक केन्द्रहरु र विभिन्न सामग्री खरिद गर्ने स्थलहरुको परिचय दिन<br>• मौसमी र बेमौसमी तरकारी खेतीको परिचय दिन र खेती गर्ने कार्यमा सहभागी हुन - मौसमी बालीनाली : धान, मकै, जौ, मडुवा, गहुँ, तोरी, आलस, बदाम, लहरी, मास, खेसारी, मुसरी, काँक्रा, करेला, फर्सी, सिमी खेती, आलु खेती, धनियाँ, कोबी, बैगन, बदाम, मटर, केराउ, खिरा खेती आदि ।<br>नगदेबाली : ऊखु खेती, सूर्ती खेती, लसुन खेती, प्याज खेती, सजीवन खेती, घिरा खेती, झिमनी खेती, कदिमा खेती, कुमहर | • गाउँभित्रका पर्यटकीय स्थलहरुको परिचय हजारी माता मन्दिर, सल्हेस मन्दिर, राम जानकी मन्दिर,)<br>• गाउँपालिका भित्रका कृषि पकेट क्षेत्रहरुको परिचय<br>• गाउँ पालिका भित्रका व्यापारिक केन्द्रहरु र विभिन्न सामग्री खरिद गर्ने स्थलहरुको परिचय<br>• मौसमी र बेमौसमी तरकारी खेतीको परिचय दिन र खेती गर्ने कार्यमा सहभागी<br>• गाउँपालिका भित्र उत्पादन हुने नगदे बालीहरुको परिचय दिन र प्रयोग<br>• परम्परागत हस्तकला बनाउने सीपहरु नाङ्लो, | • हजारी माता मन्दिर,सल्हेस मन्दिर, राम जानकी मन्दिर,बारेमा स्थानीय जानकार व्यक्तिसँग छलफल र अन्तरक्रिया गर्न लगाउने<br>• नवराजपुरको पर्यटकीय क्षेत्रहरुको अवलोकन भ्रमण गराई सोको महत्व र संभावनाका बारेमा छलफल र प्रश्नोत्तर गर्ने गराउने<br>• नवराजपुर क्षेत्रभित्रका कृषि पकेट क्षेत्रको बारेमा श्रव्य दृष्य समाग्रीको प्रर्दशन गरी जानकारी गराउने ।<br>• नवराजपुरको नक्शामा कृषि पकेट क्षेत्र देखाउन लगाउने साथै उक्त क्षेत्रको भ्रमण गराई अवलोकन गर्न लगाउने र मुख्य मुख्य टिपोटहरु प्रस्तुत गर्न लगाउने र शिक्षकले आवश्यक पृष्ठपोषण दिने<br>• चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट मौसमी र बेमौसमी तरकारी खेतीको छोटो परिचय दिने<br>• मौसमी र बेमौसमी तरकारी खेतिका फाईदा र बेफाईदाका बारेमा छलफल गर्ने र यी तरकारी गर्ने तरिका सम्बन्धी तयार गरिएको श्रव्यदृश्य सामग्री प्रदर्शन गर्ने<br>• उक्त तरकारी खेती गर्न घरमा अभिभावकलाई सहयोग गर्न अभिप्रेरित गर्ने<br>• मौसमी र बेमौसमी तरकारी खेती गरिएको स्थानमा भ्रमण गराउने र उक्त खेती गर्ने व्यक्तिसँग अन्तर्क्रिया र छलफल गराउने<br>• चित्र तथा श्रव्यदृश्य सामग्रीको माध्यमबाट नगदे बालीहरुको परिचय र यसको महत्वको बारेमा व्याख्या गरिदिने | • गाउँपालिका भित्रका रहेका मुख्य पर्यटकीय ठाउँहरूको सूची बनाउन लगाएर<br>• गाउँपालिका भित्रका रहेका मुख्य पर्यटकीय ठाउँहरूको परिचय दिन लगाएर<br>• कृषि पकेट क्षेत्रलाई नवराजपुरको नक्शामा देखाउन लगाएर<br>• मौसमी र बेमौसमी तरकारीहरुको सूची तयार गर्न लगाएर र तिनको महत्व बताउन लगाएर<br>• नगदे बालीको महत्व बताउन लगाउर<br>• हस्तकलाका सामग्री निर्माण गरेको अवलोकन गरेर | २५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | खेती, रामझुमनी खेती आदि ।<br><br>• गाउँपालिका भित्र उत्पादन हुने नगदे बालीहरुको परिचय दिन र प्रयोग बताउन<br>• परम्परागत हस्तकला बनाउने सीपहरु (ढकिया, सुपा ,मौनी आदि) को अभ्यास गर्न | ढकिया, पटिया, कोनिया, मुजेला, डोरी, गोनेर, सपटा, बेना, डाला, चडेरी, जाबी आदि ।को अभ्यास | • परम्परागत हस्तकला बनाउने सीपहरु नाङ्लो, ढकिया, पटिया, कोनिया, मुजेला, डोरी, गोनेर, सपटा, बेना, डाला, चडेरी, जाबी आदि ।बनाउने अभ्यास गर्नको लागि आवश्यक सामग्री सहित स्थानीय स्रोतव्यक्तिलाई आमन्त्रण गर्ने वा शिक्षक आफैंले सहयोग गर्ने र विद्यार्थीहरुलाई निर्माणमा सहयोग गर्ने<br>• बालबालिकालाई हस्तकलाका सामग्री निर्माणका लागि परियोजना कार्य दिने र उनीहरुले निर्माण गरेका हस्तकला सामग्री कक्षामा प्रर्दशन गर्ने | | |
| ४ | **खेलकुद र स्वस्थ जीवन** | • प्राकृतिक खाना र कृत्रिम खानाको पहिचान गर्न उपयुक्त खानको सेवन गर्न<br>• विद्यालयमा ल्याइने/खाइने स्वस्थकर खाजा पहिचान गर्न<br>• विद्यालयमा स्वस्थ खाजा खान<br>• स्थानिय जडीबुटीहरुको पहिचान गर्न<br>• योगको महत्व बताउन र योगाभ्यास(कपालभाँति, अनुलोम विलोम आदि )<br>• व्यायामको महत्व बताउन र योगाभ्या | • प्राकृतिक खाना र कृत्रिम खानाको पहिचान गर्न उपयुक्त खानको सेवन<br>• विद्यालयमा ल्याइने/खाइने स्वस्थकर खाजा पहिचान<br>• विद्यालयमा स्वस्थ खाजा<br>• योगको महत्व बताउन र योगाभ्या( कलापभाति, अनुलोम विलोम) | • चित्र तथा भिडियोद्धारा प्राकृतिक र कृत्रिम खानाको जानकारी गराउने र तिनको महत्व बताउने<br>• विद्यालयमा विद्यार्थीहरुले ल्याएका खाजा स्वस्थकर भए नभएको अवलोकन गर्ने र स्वस्थकर खाजा बनाउने र खाने तरिका बताउने<br>• कपालभाँति, अनुलोम विलोम र योगिङजोगिङको चित्र पोस्टर, भिडियो कक्षामा प्रर्दशन गर्ने ।<br>• शिक्षकले कपालभाति, अनुलोम विलोम र योगिङजोगिङको अभ्यास नमुनाका रुपमा प्रर्दशन गर्दै विद्यार्थीलाई अभ्यास गर्न लगाउने<br>• योगले हाम्रो स्वास्थ्यमा पुर्याउने फाइदाका बारेमा विद्यार्थीलाई बताइदिने | • प्राकृतिक र कृत्रिम खानाको परिचय र तिनको महत्व बताउन लगाएर<br>• विद्यालयमा विद्यार्थीहरुले ल्याएका खाजा स्वस्थकर भए नभएको अवलोकन गरेर<br>• स्वस्थकर खाजा बनाउने र खाने तरिका बताउन लगाएर<br>• कपालभाँति, अनुलोम विलोमको अभ्यास गरेको अवलोकन गेर<br>• योगको फाइदा बताउन लगाएर | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | **हाम्रो वातावरण र विपद् व्यवस्थापन** | • बाढी र आगलागीबाट बच्ने उपायहरु पहिचान गर्न र अवलम्बन गर्न<br>• गाउँपालिका क्षेत्रमा पाइने औषधि जन्य वनस्पतिहरुको उपयोग र महत्व वर्णन गर्न<br>• विद्यालय तथा घरमा स्थानीय औषधिजन्य वनस्पति र फलफूल बगैंचाको निर्माणमा सहभागी हुन<br>• गाउँपालिका क्षेत्रमा पाइने वनस्पति र जीवजन्तुको संरक्षणमा विद्यार्थी, विद्यालय, समुदायको भूमिका पहिचान गर्न र अवलम्बन गर्न<br>• गाउँपालिका क्षेत्रमा जलस्रोतको प्रदूषणका कारण र असरहरु पहिचान गर्न<br>• घर र विद्यालयमा उपयोग हुने उर्जाको परिचय दिन<br>• वातावरण संरक्षणको परिचय दिन<br>• विद्यालय तथा स्थानीय क्षेत्रमा फोहोरमैलाको व्यवस्थापनका उपायहरुको खोजी गरी अवलम्बन गर्न | • बाढी र आगलागीबाट बच्ने उपायहरु पहिचान गर्न र अवलम्बन<br>• गाउँपालिका क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरुको उपयोग र महत्व<br>• विद्यालय तथा घरमा स्थानीय औषधिजन्य वनस्पति र फलफूल बगैंचाको निर्माणमा सहभागी<br>• गाउँपालिका क्षेत्रमा पाइने वनस्पति र जीवजन्तुको संरक्षणमा विद्यार्थी, विद्यालय, समुदायको भूमिका पहिचान र अवलम्बन<br>• गाउँपालिका क्षेत्रमा जलस्रोतको प्रदूषणका कारण र असरहरु पहिचान<br>• घर र विद्यालयमा उपयोग हुने उर्जाको परिचय<br>• वातावरण संरक्षणको परिचय | • बाढी र आगलागीबाट बच्नको लागि अवलम्बन गर्न सकिने उपायहरु चित्र, श्रव्यदृश्य सामग्रीको प्रयोग गरी बताउने<br>• औषधीजन्य वनस्पतिहरुको महत्व तथा उपयोग के के कामका लागि प्रयोग गरिन्छ होला ? भन्ने प्रश्नमा छलफल गराउने<br>• घर तथा विद्यालयमा ती औषधीजन्य वनस्पति तथा फलफूलको उत्पादन गर्नको लागि बगैंचा बनाउन सकिने कुरा बताउने<br>• विद्यालयको बगैंचामा औषधीजन्य वनस्पति र फलफूल रोपन गर्न विद्यार्थीहरुलाई सहभागी गराउने<br>• अभिभावकको सहयोगमा घरमा सम्भव भएसम्म औषधीजन्य वनस्पति र फलफूल बगैंचा तयार गर्न लगाउने<br>• वनस्पति र जीव जन्तुहरुको संरक्षणको लागि विद्यार्थी, समुदाय, विद्यालयको भूमिका सम्बन्धमा छलफल गराउने<br>• वातावरण (सजीव र निर्जीव वस्तुहरु) को संरक्षण भनेको के होला ? प्रश्नमा मस्तिष्क मन्थन गराउने र वातावरण संरक्षणको उदाहरणसहित प्रष्ट पार्ने ( जीवजन्तुको संरक्षण, वनस्पतिको संरक्षण, वनसम्पदान, जलसम्पदाको संरक्षण)<br>• जलप्रदूषण भनेको के हो होला ? प्रश्नमा मस्तिष्क मन्थन गराउने ।<br>• घर, विद्यालय, गाउँ पालिका क्षेत्रभित्रका विभिन्न स्रोत तथा स्थानमा भएको पानी र त्यसमा देखिएको प्रदूषणको बारेमा अवलोकन, चित्र तथा भिडियोको माध्यमबाट प्रष्ट पार्ने<br>• उक्त क्षेत्र तथा विभिन्न स्थानमा जलप्रदूषण हुनुका कारणहरुमा छलफल गराउने | • बाढी र आगलागीबाट बच्ने उपायहरु बताउन लगाएर<br>• औषधीजन्य वनस्पतिहरुको परिचय दिन लगाएर<br>• औषधीजन्य वनस्पतिहरुको उपयोग बताउन लगाएर<br>• घरमा औषधीजन्य वनस्पति तथा फलफूल रोपन गरे नगरेको अभिभावकसँग प्रतिक्रिया लिएर विद्यालयमा औषधीजन्य वनस्पति तथा फलफूल रोपनमा सहभागी भए नभएको अवलोकन गरेर<br>• गाउँपालिका क्षेत्रभित्रका वनस्पति तथा जीवजन्तुको संरक्षणको महत्व बताउन लगाएर<br>• उक्त कार्यको लागि विद्याथी, विद्यालय र समुदायको भूमिका व्यक्त गर्न लगाएर<br>वातावरण संरक्षणको परिचय बताउन लगाएर<br>• जलप्रदूषणको परिचय सोधेर<br>• जलप्रदूषण हुने कारणहरु बताउन लगाएर<br>• जलप्रदूषणबाट देखिएका असरहरु बताउन लगाएर | ३३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | • विद्यालय तथा स्थानीय क्षेत्रमा फोहोरमैलाको व्यवस्थापनका उपायहरुको खोजी गरी अवलम्बन | • गाउँपालिका क्षेत्रभित्र देखिएको पानी प्रदूषणबाट देखिएको असरहरु (बोटबिरुवा, मानिस तथा अन्य जनावर, वातावरण आदिमा) मा छलफल गराउने<br>• विद्यालय तथा स्थानीय क्षेत्रमा भएको फोहोरमैला व्यवस्थापनमा विधिहरु (कम प्रयोग गर्ने, पुनः उपयोग गर्ने र पुनः चक्रण गर्ने) मा उदाहरणसहित छलफल गराउने<br>• घरपरिवार, विद्यालय तथा समुदाय स्तरबाट फोहोर मैला व्यवस्थापनमा उपायहरु अवलम्बन गर्न लगाउने<br>• ऊर्जा वा शक्ति भनेको के हो ? प्रश्नमा छलफल गराउने<br>• घर तथा विद्यालयमा प्रयोग भइरहेका ऊर्जाहरु ( विद्युत,सोलार ऊर्जा, दाउरा, जैविक इन्धन आदि) पहिचान गर्न लगाउने<br>• उल्लिखित ऊर्जाहरुको आधारमा ती ऊर्जाको परिचय दिने<br>• ऊर्जाको प्रयोग मितव्ययी तवरले गर्नुपर्ने कुरा बताउने | • घर तथा विद्यालयबाट निस्केका फोहोरमैला व्यवस्थापन गरे गाउँको अवलोकन गरेर<br>• ऊर्जाको परिचय दिन लगाएर<br>• घर तथा विद्यालयमा भएका ऊर्जाका स्रोतहरु बताउन लगाएर | |
| ६ | **मूल्यमा आधारित शिक्षा र जीवन उपयोगी सीप** | • जिल्ला भित्रका असल मानिसहरुले गरेका कार्यहरु पहिचान गर्न र उक्त कार्यको अनुसरण गर्ने सीप र आचरणको विकास गर्न<br>• परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने स्वभाव र आचरणको पहिचान र अभ्यास गर्न<br>• आफूसँग भएका संभावनाहरुको | • जिल्ला भित्रका असल मानिसहरुले गरेका कार्यहरु पहिचान र उक्त कार्यको अनुसरण गर्ने सीप र आचरणको विकास<br>• परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने | • गाउँ तथा जिल्ला भित्रका असल मानिसहरुको पहिचान गराउने<br>• उनीहरुले गरेका कार्यहरुको जानकारी गराउने र उक्त कार्यहरुको अनुसरण गर्ने सीप र आचरणको विकास गर्ने अभ्यास गराउने<br>• जिल्ला भित्रका असल मानिसले गरेका कार्यहरुलाई उनीहरुले गरेका कार्यहरु सम्बन्धी समेटेर तयार गरिएको श्रव्यदृश्य सामग्री प्रयोग गरी प्रदर्शन गर्ने र अवलोकनका आधारमा विद्यार्थीहरुले सिकेका कुराहरु प्रस्तुत गर्न लगाउने | • असल मानिसले गरेका कार्यहरु बताउन लगाएर<br>• असल मानिसले गरेका कार्यहरुको अनुसरण गरेको अवलोकन गरेर<br>• परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने स्वभाव र आचरण बताउन लगाएर | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | स्वमूल्याङ्कन गरी सही लक्ष्यका साथ अघि बढ्ने क्षमताको अभ्यास गर्न | स्वभाव र आचरणको पहिचान र अभ्यास<br>• आफूसँग भएका संभावनाहरुको स्वमूल्याङ्कन गरी सही लक्ष्यका साथ अघि बढ्ने क्षमताको अभ्यास | • चित्र, श्रव्यदृश्य सामग्रीको माध्यमबाट परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने स्वभाव र आचरणको पहिचान गराउने र अभ्यास गराउने<br>• शिक्षकले आफूमा भएको असल आचरण तथा आफूले लिएको लक्ष्य बताउने<br>• प्रत्येक विद्यार्थीहरुलाई उनीहरुसँग भएको असल आचरण, तथा आफूसँग भएका संभावनाहरुको स्वमूल्याङ्कन गर्न लगाउने र सही लक्ष्यका साथ अघि बढ्ने क्षमताको अभ्यास गराउने | • उक्त स्वभाव र आचरणको अवलोकन गरेर | |
| ७ | **सामाजिक संघ संस्थाहरु र स्थानीय व्यक्तित्व** | • गाउँ भित्र संचालन भएको पहिलो शैक्षिक संस्था स्थापना गर्ने व्यक्तित्वहरुको परिचय दिन<br>• गाउँ भित्रका मुख्य सहकारी सस्थाहको छोटो परिचय दिन<br>• गाउँपालिका भित्रका वित्तिय संस्था तथा सहकारी संस्थाहरुको परिचय दिन<br>• वडा भित्रको सहकारी संस्थाले गर्ने कार्यहरु पहिचान गर्न<br>• गाउँ भित्रका स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने स्वास्थ्य सेवाहरुका प्रकारहरु उल्लेख गर्न | • गाउँ भित्र संचालन भएको पहिलो शैक्षिक संस्था स्थापना गर्ने व्यक्तित्वहरुको परिचय<br>• गाउँभित्रका मुख्य सहकारी सस्थाहको छोटो परिचय<br>• गाउँपालिका भित्रका वित्तिय संस्था तथा सहकारी संस्थाहरुको परिचय<br>• वडा भित्रको सहकारी संस्थाले गर्ने कार्यहरु पहिचान | • नवराजपुर गाँउपालिकाको पहिलो विद्यालयको फोटोहरु प्रर्दशन गर्दै विद्यालय स्थापनाको कथा प्रस्तुत गर्ने<br>• शैक्षिक व्यक्तिहरुको जीवनीको बारेमा तयार गरिएको भिडियो डकुमेन्ट्री वा पावरप्वाईन्ट प्रस्तुत गर्दै वहाँहरुको योगदानको चर्चा गर्ने<br>• गाउँ भित्रका मुख्य सहकारी संस्थाको जानकारी मूलक ब्रोसर अध्ययन गर्न लगाउने<br>• सहकारीले सामाजिक तथा आर्थिक पक्षमा पुऱ्याएको योगदानको बारेमा समूहगत छलफल गराई कक्षामा प्रस्तुत गर्न लगाउने<br>• सम्बन्धित सहकारी संस्थाका सम्बन्धित सहकारी संस्थाको अध्ययन भ्रमण गराउने र उक्त संस्थाले गर्दै आएका कार्यहरु र पुर्‍याएका सेवाहरुको जानकारी दिन लगाउने तथा विद्यार्थीहरुलाई मुख्य मुख्य विवरणहरुको टिपोट गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने<br>• गाउँपालिका भित्रका वित्तिय संस्था तथा सहकारी संस्थाहरुका व्यक्तिलाई आमन्त्रण गरी वा उक्त संस्थामा भ्रमण गराई ती संस्थाहरुको | • नवराजपुर गाँउपालिकाको पहिलो विद्यालयको परिचय दिन लगाएर<br>• गाउँ भित्रका मुख्य सहकारी संस्थाको परिचय तथा ती संस्थाले सामाजिक तथा आर्थिक पक्षमा पुऱ्याएको योगदान बताउन लगाएर<br>• गाउँपालिका भित्रका वित्तिय संस्था तथा सहकारी संस्थाहरुको परिचय र संस्थाले गरेका कार्यहरुको बताउन लगाएर<br>• वडा भित्रको सहकारी संस्थाले गर्ने कार्यहरु बताउन लगाएर | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | • गाउँ भित्रका स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने स्वास्थ्य सेवाहरुका प्रकारहरु | परिचय र संस्थाले गरेका कार्यहरुको बारेमा जानकारी दिन लगाउने<br>• वडा भित्रको सहकारी संस्थाले गर्ने कार्यहरु पहिचान गर्न लगाउने<br>• गाउँ भित्रका स्वास्थ्य संस्थाहरुको भ्रमण गराइ वा उक्त स्वास्थ्य संस्थाका व्यक्तिलाई विद्यालयमा आमन्त्रण गरी ती संस्थाबाट प्रदान गरिने स्वास्थ्य सेवाहरुका प्रकारहरु र सेवाहरुको जानकारी दिन लगाउने<br>• गाउँ भित्रका स्वास्थ्य संस्थाहरुबाट आवश्यकता अनुसार सेवा लिने कुराको जानकारी गराउने | • गाउँ भित्रका स्वास्थ्य संस्थाबाट प्रदान गरिने स्वास्थ्य सेवाहरुका प्रकारहरु र सेवाहरुको जानकारी दिन लगाएर | |

## कक्षा ६

| क्रस | क्षेत्र/एकाइ | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | **नवराजपुर गाउँपालिकको परिचय** | • गाउँ पालिकाको नक्सा कोर्न र मुख्य मुख्य स्थानहरु देखाउन<br>• वडा कार्यालयबाट प्रदान गरिने सेवा सुविधाहरुको जानकारी प्राप्त गर्न<br>• वडा कार्यालयबाट बालबालिकालाई प्रदान गर्ने सेवा सुविधाको जानकारी लिन<br>• गाउँ भित्र रहेका सुरक्षा निकाय र अवस्थिति थाहा पाउन | • गाउँपालिकाको नक्सा कोर्न र मुख्य मुख्य स्थानहरु<br>• वडा कार्यालयबाट प्रदान गरिने सेवा सुविधाहरुको जानकारी<br>• वडा कार्यालयबाट बालबालिकालाई प्रदान गर्ने सेवा सुविधाको जानकारी<br>• गाउँ भित्र रहेका सुरक्षा निकाय र अवस्थिति साथै तिनले प्रदान गर्ने | • नक्सा कोर्ने सरल विधिहरु (वर्ग, ग्राफ, टेसिङ, टेम्प्लेट आदि) को प्रयोग गरी गाउँपालिकको नक्सा कोर्ने अभ्यास गराउने<br>• नक्सामा गाउँपालिकाको मुख्य मुख्य स्थानहरु देखाउने र संकेत गर्ने तरिका सिकाउने र अभ्यास गर्न लगाउने<br>• वडा कार्यालयबाट जनप्रतिनिधि वा कर्मचारीलाई बोलाई वडा कार्यालयले प्रदान गर्ने सेवाको बारेमा स्रोत कक्षा लिन लगाउने<br>• उल्लिखित जानकारीको आधारमा वडा कार्यालयबाट प्रदान गर्ने सेवा प्रवाहको सूची निर्माण गर्न लगाउने र कक्षामा प्रस्तुन गर्न लगाउने र आवश्यक पृष्ठपोषण दिने<br>• गाउँभित्र रहेका सुरक्षा निकायको जानकारी गराउने र अवस्थिति बताउने<br>• सुरक्षा निकायले प्रदान गर्ने सेवाहरु र सेवा लिने तरिकाहरु बताउने | • गाउँ पालिकको नक्सा कोरेको अवलोकन गरेर<br>• नक्सामा गाउँपालिकाको मुख्य मुख्य स्थानहरु देखाएको र संकेत गरेको अवलोकन गरेर<br>• वडा कार्यालयले प्रदान गर्ने सेवा बताउन लगाएर<br>• वडा भित्रका सुरक्षा निकायले प्रदान गर्ने सेवाहरु र सेवा लिने तरिकाहरु बताउन लगाएर<br>• वडाले शिक्षा, बालबालिका तथा | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | साथै तिनले प्रदान गर्ने सेवाहरु र सेवा लिने तरिकाहरु थाहा पाउन<br>• वडाले शिक्षा, बालबालिका तथा युवाहरुका लागि तय गरेका कार्यक्रमहरुबारे जानकारी हासिल गर्न<br>• गाउँपालिकाको जन प्रतिनिधिहरु नाम र पद बताउन | सेवाहरु र सेवा लिने तरिकाहरु<br>• वडाले शिक्षा, बालबालिका तथा युवाहरुका लागि तय गरेका कार्यक्रमहरुबारे जानकारी<br>• गाउँपालिकाको जन प्रतिनिधिहरु नाम र पद | • सुरक्षा निकायको प्रतिनिधिलाई आमन्त्रण गरी उक्त निकायले प्रदान गर्ने सेवाहरुको जानकारी गराउन लगाउने<br>• वडाले शिक्षा, बालबालिका तथा युवाहरुका लागि तय गरेका कार्यक्रमहरुबारे वडाका पदाधिकारीलाई आमन्त्रण गरी जानकारी गराउन लगाउने वा विद्यार्थीहरुलाई वडा कार्यालयमा भ्रमण गराई उक्त वडाले शिक्षा, बालबालिका तथा युवाहरुका लागि तय गरेका कार्यक्रमहरुको जानकारीको विवरण तयार गरी कक्षामा प्रस्तुत गर्न लगाउने<br>• चार्टको माध्यमबाट गाउँ पालिकाको जन प्रतिनिधिहरु नाम र पद बताउने | युवाहरुका लागि तय गरेका कार्यक्रमहरुको जानकारी दिन लगाएर<br>• गाउँपालिकाको जन प्रतिनिधिहरु नाम र पद बताउन लगाएर | |
| २ | **नवराजपुर गाउँपालिकाको सामाजिक संस्कार र संस्कृति** | • मधेसी समुदायहरुको भेषभूषा र चार्डपर्वको परिचय दिन<br>• मधेसी समुदायहरुको रीतिरिवाज र धर्म संस्कृतिको परिचय दिन<br>• मधेसी समुदायहरुले बर्ष भरि गर्ने पुजापाठहरुको संक्षिप्त परिचय दिन<br>• मधेसी समुदायहरुले गाउने लोकगीत गाउन<br>• मधेसी समुदायहरु**ले** बजाउने बाजाहरुको पहिचान गर्न र बजाउन | • मधेसी हरुको भेषभूषा र चार्डपर्वको परिचय<br>• मधेसी समुदायहरुको रितिरिवाज र धर्म संस्कृतिको परिचय<br>• मधेसी समुदायले बर्ष भरि गर्ने पुजापाठहरुको संक्षिप्त परिचय<br>• मधेसी समुदायले गाउने लोकगीत<br>• मधेसी समुदायहरुले बजाउने बाजाहरुको पहिचान | • मधेसी समुदायहरुको भेषभूषा र संस्कृति समेटिएको वृत्तचित्र देखाउने<br>• मधेसी समुदायहरुका प्रमुख पर्वहरुको बारेमा छलफल गराउने<br>• मधेसी समुदायमा जन्मदेखि मृत्युसम्म गरिने विविध संस्कारहरुका बारेमा छलफल र विज्ञमार्फत जानकारी प्रदान गराउने<br>• मधेसी समुदायमा बजाइने विविध बाजाहरुको चित्र प्रदर्शनी गरी तिनको नाम भन्न लगाउने तथा बजाउन जान्नेलाई बजाउन प्ररित गर्ने<br>• मधेसी समुदायहरुले बजाउने स्थानीय लोकबाजाहरु बजाउने अभ्यास गराउने ।<br>• मधेसी समुदायले बर्ष भरि गर्ने पूजापाठहरुको बारेमा छलफल गराउने र संक्षिप्त परिचय दिने<br>• मधेसी नाच नाच्न जान्ने विद्यार्थीहरुलाई गीत र तालमा नृत्य गर्न लगाउने<br>• चित्र, पोष्टरको प्रयोगबाट धामिर्क स्थल ( हजारी माता मन्दिर, राजदेवी मन्दिर शिव मन्दिर, डिहीबार मन्दिर, | • मधेसी समुदायले लगाउने परम्परागत गहनाहरुको नाम भन्न लगाएर<br>• मधेसी समुदायहरुको प्रमुख पर्वमध्ये कुनै एकको मनाउने तरिका बताउन लगाएर<br>• मधेसी समुदायले बजाउने स्थानीय लोकबाजाहरु बजाएको अवलोकन गरेर<br>• मधेसी समुदायले बर्ष भरी गर्ने पूजापाठहरुको परिचय दिन लगाएर<br>• मधेसी नृत्यको अवलोकन गरेर<br>• हजारी माता मन्दिर, राजदेवी मन्दिर शिव मन्दिर, डिहीबार मन्दिर, | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • मधेसी समुदायहरुको लोकनृत्य प्रर्दशन गर्न<br>• धामिर्क स्थलको परिचय दिन (हजारी माता मन्दिर, राजदेवी मन्दिर शिव मन्दिर, डिहीबार मन्दिर, सल्हेश मन्दिर, ईदगाह, कबुरगाह, दिनाभद्री मन्दिर ) | • मधेसी समुदायहरुको लोकनृत्य प्रर्दशन<br>• धामिर्क स्थलको परिचय | सल्हेश मन्दिर, ईदगाह, कबुरगाह, दिनाभद्री मन्दिरको परिचय दिने( हजारी माता मन्दिर, राजदेवी मन्दिर शिव मन्दिर, डिहीबार मन्दिर, सल्हेश मन्दिर, ईदगाह, कबुरगाह, दिनाभद्री मन्दिर, मध्ये कुनै एक धार्मिक स्थलको भ्रमण गराउने र अवलोकन गरेका पक्षहरुलाई समेटी उक्त धार्मिक स्थलको बारेमा प्रस्तुत गर्न लगाउने | सल्हेश मन्दिर, ईदगाह, कबुरगाह, दिनाभद्री मन्दिर, परिचय दिन लगाएर | |
| ३ | **नवराजपुर गाउँपालिकाको पेसा, व्यवसाय र पर्यटन** | • कृषि(धान,बेसार, मकै, जौ,मडुवा, गहुँ, तोरी, आलस,बदाम, लहरी, मास,खेसारी,मुसरी, काँक्रा,करेला,फर्सी,सिमी खेती, आलु खेती, धनियाँ, कोबी ,बैगन, बदाम, मटर, केराउ, खिरा खेती आदि र पशुपालन(उन्नत भौसी, बाख्रा, कुखुरा पालन आदि) को परिचय दिन<br>• नवराजपुरमा पर्यटन व्यवसायको संभावना र प्रर्वद्धनका उपायहरु बताउन<br>• स्थानीय परम्परागत हस्तकलाका सामग्री निर्माण गर्न (रसी | • कृषि र पशुपालनको परिचय<br>• नवराजपुरमा पर्यटन व्यवसायको संभावना र प्रर्वद्धनका उपायहरु<br>• स्थानीय परम्परागत हस्तकलाका सामग्री निर्माण (रसी बाटने, रसीका प्रकारहरु र प्रयोजन, हाते पंखा आदि ) | • चित्र तथा श्रव्यदृश्य सामग्रीको माध्यमबाट स्थानीय स्तर तथा घरमा खेती गर्न सकिने धान, बेसार, धान, मकै, जौ, मडुवा, गहुँ, तोरी, आलस, बदाम, लहरी, मास, खेसारी, मुसरी, काँक्रा, करेला, फर्सी, सिमी खेती, आलु खेती, धनियाँ, कोबी, बैगन, बदाम, मटर, केराउ, खिरा खेती आदि) तथा पशुपालन : उन्नत भैसी, बाख्रा, कुखुरा पालन आदिको परिचय दिने<br>• उल्लिखित खेती तथा पालन गरिएका क्षेत्रको अवलोकन गराउने र खेती तथा पालन गर्ने तरिका, ध्यान दिनुपर्ने कुराहरु, हुने फाइदा सम्बन्धमा विवरण तयार गर्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने<br>• उल्लिखित पालन तथा खेती मध्ये आफ्नो घरमा गर्ने पालन गर्न सम्भव भएमा पालन तथा खेती गर्न अभिप्रेरित गर्ने र अभिभावकलाई सहयोग गर्न लगाउने<br>• नवराजपुर गाँउपालिकामा पर्यटन व्यवसायको संभावना र प्रर्वद्धनका उपायहरु बताउने<br>• शिक्षक आफै वा सम्बन्धित स्थानीय स्रोतव्यक्ति आमन्त्रण गरी आवश्यक सामग्रीको प्रयोग गरी स्थानीय परम्परागत हस्तकलाका सामग्रीहरु : रसी बाटने र हाते | • स्थानीय स्तर तथा घरमा खेती गर्न सकिने धान, बेसार, धान, मकै, जौ, मडुवा, गहुँ, तोरी, आलस, बदाम, लहरी, मास, खेसारी, मुसरी, काँक्रा, करेला, फर्सी, सिमी खेती, आलु खेती, धनियाँ, कोबी, बैगन, बदाम, मटर, केराउ, खिरा खेती आदि ।<br>• पशुपालन : उन्नत भैसी, बाख्रा, कुखुरा पालनको परिचय दिन लगाएर<br>• उल्लिखित खेती तथा पालन गरिएको कार्यको अवलोकन गरेर र खेती तथा पालन गर्ने तरिका, ध्यान दिनुपर्ने कुराहरु, हुने फाइदा बताउन लगाएर | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | बाटने,रसीका प्रकारहरु र प्रयोजन, हाते पंखा आदि ) | | पंखा आदि निर्माण गर्न लगाउने र विद्यार्थीहरुलाई समेत उक्न निर्माण कार्यमा सहभागी गराउने | • नवराजपुर गाँउपालिकामा पर्यटन व्यवसायको संभावना र प्रर्वद्धनका उपायहरु बताउन लगाएर<br>• स्थानीय परम्परागत हस्तकलाका सामग्रीहरुः रसी बाटने र हाते पंखा आदि निर्माण गरेको अवलोकन गरेर | |
| ४ | **स्वस्थ जीवन** | • अवस्थित स्वास्थ्य सेवाका बारेमा जानकार भई सेवा प्राप्त गर्न | • अवस्थित स्वास्थ्य सेवाका बारेमा जानकार भई सेवा प्राप्त गर्न | • अवस्थित स्वास्थ्य सेवाका बारेमा जानकार भई सेवा प्राप्त गर्ने सेवाहरुका बारेमा सम्बन्धित व्यक्तिलाई आमन्त्रण गरी जानकारी दिन लगाउने<br>• आवश्यकता अनुसार सेवाहरु लिन लगाउने | • परम्परागत उपचार सँग सम्बन्धित व्यक्ति तथा संस्थाको परिचय दिन लगाएर<br>• प्रदान हुने सेवाहरुका बताउन लगाएर | ५ |
| ५ | **हाम्रो वातावरण र विपद् व्यवस्थापन** | • विपद् जोखिम न्यूनीकरणको परिचय दिन<br>• विपद् पूर्व अपनाइने सजगताको जानकारी दिन<br>• नदी कटान व्यवस्थापनमा गरिएका प्रयासहरु पहिचान गर्न<br>• घर तथा विद्यालयमा जडीबुटी खेती गर्न र यसको महत्व बताउन<br>• वडा क्षेत्रमा वृक्षारोपणमा सहभागी हुन | • विपद् जोखिम न्यूनीकरणको परिचय<br>• विपद् पूर्व अपनाइने सजगताको जानकारी<br>नदी कटान व्यवस्थापनमा गरिएका प्रयासहरु पहिचान<br>• घर तथा विद्यालयमा जडीबुटी खेती गर्न र यसको महत्व | • विपद् जोखिम न्यूनीकरण गर्ने उपायहरुलाई चित्र तथा वृत्तचित्रको माध्यमबाट जानकारी गराउने<br>• विपद्पूर्व अपनाउनुपर्ने सजगता सम्बन्धी वृत्तचित्र वा पोष्टको माध्यमबाट जानकारी गराउने<br>नदी कटान नियन्त्रण गर्नको लागि गरिएका प्रयासहरुको जानकारी गराउने<br>• घर तथा विद्यालयमा उत्पादन गर्न सकिने जडीबुटीहरु पहिचान गर्न लगाउने, पहिचान गराउने र जडीबुटी खेती गर्ने तरिका बताउने<br>• जडीबुटी खेती गर्नको लागि आवश्यक नर्सरी निर्माण गर्न सकिने कुरा बताउने र नर्सरी तयार गर्ने विधि बताउने<br>• विद्यालयमा जडीबुटी खेती गर्नको लागि नर्सरी निर्माण गर्न विद्यार्थीहरुलाई सहभागी गराउने<br>• विद्यालयमा गरिएको नर्सरीमा भएका औषधीजन्य वनस्पतिहरुको घर तथा विद्यालयमा रोपन गर्न लगाउने | • विपद् जोखिम न्यूनीकरण गर्ने उपायहरु बताउन लगाएर<br>• विपद्पूर्व अपनाउनुपर्ने सावधानीहरु बताउन लगाएर<br>• नदी कटान नियन्त्रणका प्रयासहरु बताउन लगाएर<br>• घर तथा विद्यालयमा उत्पादन गर्न सकिने जडीबुटीहरु भन्न लगाएर<br>• जडीबुटी खेतीको लागि विद्यालयमा नर्सरी निर्माणमा सहभागी भए नभएको अवलोकन गरेर | २८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • हरियाली प्रवर्धनको परिचय, महत्व, तरिका बताउन र हरियाली प्रवर्धनमा सहभागिता हुन<br>• हरित घर तथा विद्यालयको अवधारणा बताउन<br>• विद्यालयमा करेसावारीको निर्माणमा सहभागी हुन<br>• घर, विद्यालय र स्थानीय क्षेत्रमा हुन सक्ने फोहोर तथा प्रदूषण न्यूनीकरणका उपायहरू पहिचान गर्न र अवलम्बन गर्न<br>• गाउँपालिका क्षेत्रमा खानेपानीको स्रोत, वितरण र पानी सुद्धीकरणका स्थानीय उपायहरु पहिचान गरी अभ्यास गर्न<br>• गाउँपालिका स्तरबाट पूरा गर्न सकिने दिगो विकासका लक्ष्यहरु पहिचान गर्न<br>• गाउँपालिका क्षेत्रमा दिगो विकास र | • वडा क्षेत्रमा वृक्षारोपणमा सहभागी<br>• हरियाली प्रबर्द्धनको परिचय, महत्व, तरिका बताउन र हरियाली प्रवर्धनमा सहभागिता<br>• हरित घर तथा विद्यालयको अवधारणा<br>• विद्यालयमा करेसावारीको निर्माणमा सहभागी<br>• घर, विद्यालय र स्थानीय क्षेत्रमा हुन सक्ने फोहोर तथा प्रदूषण न्यूनीकरणका उपायहरू पहिचान र अवलम्बन<br>• गाउँपालिका क्षेत्रमा खानेपानीको स्रोत, वितरण र पानी सुद्धीकरणका स्थानीय उपायहरु पहिचान र अभ्यास<br>• गाउँपालिका स्तरबाट पूरा गर्न सकिने दिगो | • विद्यालयमा गरिएको नर्सरीबाट उत्पादित बेर्नाहरु विक्री वितरण गर्ने, गर्न लगाउने<br>• वडा क्षेत्रमा वृक्षरोपण गर्न विद्यार्थीहरुलाई लगाउने र सहयोग गर्ने<br>• हरित घर, हरित विद्यालय भनेको के होला ? विचार प्रस्तुत गर्न लगाउने<br>• घर वरपरको खाली जग्गा, कौसी, वा अन्य ठाउँमा आवश्यक बिरुवाहरु रोपेर स्वस्थ वातावरण सिर्जना गर्ने रुपमा हरितघरको परिचय दिने<br>• ऊर्जाको वचत र सही सदुपयोग गर्ने, वातावरण मैत्री व्यवहार गर्ने, वातावरण संरक्षण गर्ने, सुदृढ सिकाइ वातावरण भएको विद्यालयलाई हरित विद्यालय भनिन्छ भनी हरित विद्यालयको परिचय दिने<br>• विद्यालयमा करेसाबारी निर्माण गर्ने विधि, सामग्रीको जानकारी दिने र निर्माणमा विद्यार्थीहरुलाई सहभागी गराउने<br>• करेसाबारीमा स्थानीय मौसममा आधारित सागसब्जीको साथै दैनिक खानामा प्रयोग गर्न सकिने उपयोगी वनस्पतिहरुको खेती गर्नमा विद्यार्थीहरुलाई सहभागी गराउने<br>• विद्यालयमा जस्तै घरमा समेत करेसाबारी निर्माण गरी आवश्यक पर्ने सागसब्जी तथा वनस्पति घरमा नै उत्पादन गर्न सकिने कुरा बताउने र विद्यार्थीहरुलाई घरमासमेत उत्पादन गर्न लगाउने<br>• हरित घर तथा विद्यालयको अवधारणालाई जोडेर हरियाली प्रबर्द्धनको परिचय दिने हरियाली प्रबर्द्धन गर्दा हुने महत्व, हरियाली प्रबर्द्धन गर्ने तरिका बताउने र विद्यार्थीहरुलाई सहभागी गराउने<br>• स्थानीय क्षेत्रमा हुने प्रदूषणका प्रकार पहिचान गर्न लगाउने (हावा, पानी, जमिन, ध्वनि आदि)<br>• उक्त प्रदूषण हुने कारण र असरमा छलफल गराउने | • नर्सरीमा उत्पादित बेर्ना घर तथा विद्यालयमा रोपन गरे गाउँको अवलोकन गरेर<br>• हरित घर तथा विद्यालयको परिचय दिन लगाएर<br>• हरित घर तथा विद्यालय अन्तर्गत पर्ने पक्षहरु बताउन लगाएर<br>• विद्यालय तथा घरमा करेसाबारी निर्माण कार्यमा सहभागी भए नभएको अवलोकन गरेर<br>• करेसाबारीमा हरिया सागसब्जी तथा अन्य उपयोगी वनस्पति उत्पादनको लागी प्रबर्द्धनको परिचय,महत्व र तरिका वताउन लगाएर<br>• जल प्रदूषणको परिचय सोधेर<br>• जल प्रदूषण हुने कारणहरु बताउन लगाएर<br>• जल प्रदूषण बाट देखिएका असरहरु बताउन लगाएर<br>• घर तथा विद्यालयबाट निस्केका फोहोरमैला व्यवस्थापन गरे नगरेको अवलोकन गरेर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | वातावरण संरक्षण तरिकाहरु बताउन | विकासका लक्ष्यहरु पहिचान<br>• गाउँपालिका क्षेत्रमा दिगो विकास र वातावरण संरक्षण तरिकाहरु | • जल, वायु, ध्वनि, जमिनको प्रदूषणलाई न्यूनीकरण गर्ने उपायहरुमा छलफल गराउने (फोहोरमैलाको उचित विसर्जन, व्यवस्थापन, कानूनी प्रावधान, सचेतना आदि)<br>• गाउँपालिका क्षेत्रमा भएका खानेपानीका स्रोतहरुको पहिचान गर्न लगाउने<br>• घर तथा विद्यालयमा आउने खाने पानीको वितरण प्रक्रिया तथा शुद्धीकरण विधिको बारेमा छलफल गराउने<br>• घर तथा विद्यालयमा प्रयोग गरिने पिउने पानीको शुद्धीकरण प्रक्रियामा छलफल गराउने । यस्ता विधिहरु अन्तर्गत विशेषतः छान्ने विधि, उमाल्ने विधि, सोडिस विधि आदि प्रयोग गर्न सकिने कुराको जानकारी दिने र प्रयोगात्मक रुपमा प्रदर्शन गर्ने<br>• दिगो विकास भनेको के होला ? विचार मन्थन गर्न लगाउने र विद्यार्थीहरुको अनुभवलाई समेटी दिगो विकासको अवधारणा प्रष्ट पार्ने<br>• दिगो विकासका लक्ष्यहरुको जानकारी गराउने र गाउँ पालिका स्तर बाट दिगो विकासको लक्ष्य पुरा गर्न सकिने लक्ष्यहरु पहिचान गराउने<br>• दिगो विकास र वातावरण संरक्षण बिचको अन्तर सम्बन्धमा छलफल गराउने वातावरण संरक्षण गर्ने तरिकाहरु श्रव्यदृश्य सामग्रीको माध्यमबाट प्रदर्शन गर्ने र वातावरण संरक्षणमा सहभागी गराउने | • घर तथा विद्यालयमा पानीको स्रोतबाट आउने वितरण प्रक्रिया, शुद्धीकरण प्रक्रियाको जानकारी दिन लगाएर<br>• दिगो विकासको परिचय दिन लगाएर<br>• दिगो विकासका लक्ष्यहरु सोधेर<br>• गाउँपालिका स्तरबाट पूरा गर्न सकिने दिगो विकासको लक्ष्यहरु बताउन लगाएर<br>• वातावरण संरक्षण र दिगो विकासको अन्तर सम्बन्ध बताउन लगाएर | |
| ६ | **मूल्यमा आधारित शिक्षा र जीवन उपयोगी सीप** | • सामाजिक सञ्जालको सामान्य परिचय दिन<br>• प्रभावकारी सञ्चार सीपको विकास गर्न<br>• असल बोल्ने स्वभावको प्रयोग गर्दै खुसी र सुखी हुने बानीको अभ्यास गर्न | • सामाजिक सञ्जालको सामान्य परिचय<br>• प्रभावकारी सञ्चार सीपको विकास<br>• असल बोल्ने स्वभावको प्रयोग गर्दै खुसी र सुखी हुने बानीको अभ्यास | • सामाजिक सञ्जालको सामान्य परिचय दिदै यसको महत्वका बारेमा छलफल गर्दै सिकाइमा सामाजिक संजालको उपयोग कसरी गर्ने भन्ने विषयमा जानकारी दिने<br>• प्रभावकारी सञ्चार सीपको विकासका उपायहरुको बारेमा खेल बिधिको माध्यमबाट प्रष्ट पार्ने<br>• असल बोल्ने स्वभावको प्रयोग गर्दै खुसी र सुखी हुने बानीको अभ्यास समुह क्रियाकलाप गराउर्दै प्रष्ट पार्ने | • सामाजिक सञ्जालको परिचय र यसको महत्व बताउन लगाएर<br>• सामाजिक संजालको उपयोग सही तरिकाले गर्ने उपायहरु बताउन लगाएर<br>• प्रभावकारी सञ्चार सीपको विकासका उपायहरु बताउन लगाएर | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • आफू सँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गर्न<br>• आफूसँग भएका प्रतिभा र क्षमताका आधारमा आफ्नो लक्ष्य किटान गर्न<br>• परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने आचरणको पहिचान र अभ्यास गर्न | • आफू सँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन<br>• आफूसँग भएका प्रतिभा र क्षमताका आधारमा आफ्नो लक्ष्य किटान<br>• परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने आचरणको पहिचान र अभ्यास | • उक्त स्वभावसम्बन्धी कुनै एक व्यक्तिको वृत्तचित्र प्रस्तुत गर्ने<br>• आफूसँग भएका प्रतिभा र क्षमताको प्रस्फुटन गर्ने अवसर प्रदान गरी स्वमूल्याङ्कन गराउने<br>• आफूसँग भएका प्रतिभा र क्षमताका आधारमा आफ्नो लक्ष्य किटान गर्ने कार्यको अभ्यास गराउने<br>• लक्ष्य निर्धारण सम्बन्धी कुनै व्यकितको वृत्तचित्र प्रदर्शन गर्ने<br>• परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने आचरणको पहिचान र अभ्यास गराउने | र सञ्चार गरेको अवलोकन गरेर<br>• असल बोल्ने स्वभावको प्रयोग गर्दै खुसी र सुखी हुने बानीको अभ्यासको अवलोकन गरेर<br>• प्रतिभा र क्षमताको प्रस्फुटन गरेको अवलोकन गरेर<br>• आफ्नो लक्ष्य किटान गरेको सोधेर<br>• परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने आचरण बताउन लगाएर र उक्त आचरणको प्रयोगको अवलोकन गरेर | |
| ७ | **सामाजिक संघ संस्थाहरु र स्थानीय व्यक्तित्व** | • गाउँ भित्रको पहिलो माध्यमिक तह संचालन भएको विद्यालयको स्थापना गर्ने व्यक्तित्वहरुको जीवनी भन्न<br>• प्राविधिक बिद्यालय ( श्री जनता प्राविधिक धार नमुना मा वि सोनबर्सा ) सामान्य परिचय, सेवाहरुबारे जानकारी प्राप्त गर्न<br>• खेलाडीको जीवनीबाट प्राप्त शिक्षा लिन | • गाउँ भित्रको पहिलो माध्यमिक तह संचालन भएको विद्यालयको स्थापना गर्ने व्यक्तित्वहरुको चिनारी र जीवनी | • सम्बन्धित विद्यालयको भिडियो डकुमेन्ट्री प्रस्तुत गर्ने<br>• सम्बन्धित विद्यालयको स्थापनामा योगदान गर्ने व्यक्तित्वहरुको जीवनी र योगदानको चार्चा गर्ने ।<br>• वहाँहरुको जीवनीको बारेमा तयार पारेको वृत्तचित्र प्रस्तुत गर्ने<br>• प्राविधिक बिद्यालयको संक्षिप्त परिचय, यसले दिने सेवा र भविष्यको योजनाको बारेमा कक्षामा प्रस्तुतीकरण गर्ने<br>• खेलाडी जीवनी तयारी गरी कक्षामा प्रस्तुत गर्ने,जीवनीबाट प्राप्त शिक्षाको बारेमा छलफल गर्ने र आफूलाई लागेको अन्य कुनै व्यक्तिको बारेमा कथा लेख्न लगाउने । | • विद्यालयको स्थापनामा योगदान गर्ने व्यक्तित्वहरुको योगदान बताउन लगाएर<br>• प्राविधिक बिद्यालयको संक्षिप्त परिचय, यसले दिने सेवा बताउन लगाएर<br>• खेलाडीको जीवनीबाट प्राप्त गरेको शिक्षा बताउन लगाएर | १० |

## कक्षा ७

| क्रस | क्षेत्र/एकाइ | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | **नवराजपुर गाउँपालिकको परिचय** | • सिराहा जिल्लाको नक्सा कोर्न र आफ्नो गाउँ पालिका तथा अन्य मुख्य मुख्य स्थान, नदी, धार्मिक स्थल देखाउन<br>• गाउँ गौरवका आयोजनाहरुको परिचय दिन<br>• गाउँ गौरवका आयोजना मध्ये आफ्नो गाउँ तथा टोलमा संचालनमा आएका र नयाँ आयोजनाको जानकारी बताउन<br>• गाउँको शैक्षिक अवस्था वर्णन गर्न<br>• गाउँपालिकाले शिक्षा,बालबालिका तथा युवाहरुका लागि तय गरेका कार्यक्रमहरुबारे जानकारी प्राप्त गर्न | • सिराहा जिल्लाको नक्सा कोर्न र आफ्नो गाउँ पालिका तथा अन्य मुख्य मुख्य स्थान, नदी, धार्मिक स्थल<br>• गाउँ गौरवका आयोजनाहरुको परिचय<br>• गाउँ गौरवका आयोजना मध्ये आफ्नो गाउँ तथा टोलमा संचालनमा आयोजनाको जानकारी<br>• गाउँको शैक्षिक अवस्था<br>• गाउँपालिकाले शिक्षा, बालबालिका तथा युवाहरुका लागि तय गरेका कार्यक्रमहरुबारे जानकारी<br>• गाउँपालिका बाट प्रदान गरिने सेवा सुविधाहरु | • नक्सा निर्माण गर्ने विभिन्न विधिहरुको प्रयोग गरी सिराहा जिल्लाको नक्सा कोर्ने अभ्यास गराउने<br>• सिराहा जिल्लाको नक्सामा आफ्नो गाउँपालिका तथा जिल्ला भित्रका अन्य गाउँपालिकामा पर्ने मुख्य मुख्य स्थान, नदी, धार्मिक तथा पर्यटकीय स्थललाई संकेतमा देखाउने अभ्यास गराउने<br>• आफ्नो गाउँ गौरवका आयोजनाहरुको परिचय दिने<br>• आयोजना सञ्चालनमा स्थानीय समुदायको भूमिकाको बारेमा छलफल गराउने<br>• गाउँ गौरवका आयोजनाहरुमध्ये आफ्नो गाउँटोलमा सचालनमा आएका र नयाँ आयोजनाहरुको बारेमा जानकारी गराउने<br>• उक्त आयोजनाबाट हुने फाइदाहरुको बारेमा जानकारी गराउने<br>• गाउँपालिका भित्रको शैक्षिक अवस्था (साक्षर (महिला पुरुष), उपलब्धि, विद्यालय, अन्य शैक्षिक संस्था) आदिको सम्बन्धमा जानकारी गराउने<br>• गाउँपालिकाले शिक्षा, बालबालिका तथा युवाहरुका लागि तयार गरेका कार्यक्रमहरुको बारेमा सम्बन्धित गाउँपालिका शिक्षा हेर्ने प्रमुख व्यक्तिलाई आमन्त्रण गरी जानकारी दिन लगाउने<br>• गाउँपालिका बाट प्राप्त हुने सेवा सुविधाहरुको बारेमा गाउँ पालिका प्रतिनिधिलाई आमन्त्रण गरी जानकारी दिन लगाउने | • सिराहा जिल्लाको नक्सा कोरेको अवलोकन गरेर<br>• सिराहा जिल्लाको नक्सामा मुख्य मुख्य स्थान,नदी, धार्मिक तथा पर्यटकीय स्थललाई संकेतमा देखाउन सके नसकेको अवलोकन गरेर<br>• आफ्नो गाउँको गौरवका आयोजनाहरुको परिचय दिन लगाएर<br>• आयोजना सञ्चालनमा स्थानीय समुदायको भूमिका बताउन लगाएर<br>• गाउँ आयोजनाबाट हुने फाइदाहरु बताउन लगाएर<br>• गाउँपालिका भित्रको शैक्षिक अवस्था वर्णन गर्न लगाएर<br>• गाउँपालिकाले शिक्षा, बालबालिका तथा युवाहरुका लागि तयार गरेका कार्यक्रमहरु बताउन लगाएर<br>• गाउँपालिकाबाट प्राप्त हुने सेवा सुविधाहरु बताउन लगाएर | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधाहरुको बारेमा बताउन ।<br>• गाउँ कार्यपालिका, व्यवस्थापिका र न्यायिक समितिको गठन प्रक्रिया बताउन | • गाउँ कार्यपालिका, व्यवस्थापिका र न्यायिक समितिको गठन प्रक्रिया | • गाउँपालिकाको कार्यपालिका, व्यवस्थापिका र न्यायिक समितिको गठन प्रक्रियाको बारेमा चार्ट प्रर्दशन गरी जानकारी प्रदान गर्ने | • गाउँपालिकाको कार्यपालिका, व्यवस्थापिका र न्यायिक समितिको गठन प्रक्रिया प्रस्तुत गर्न लगाएर | |
| २ | **नवराजपुर गाउँपालिकाको सामाजिक संस्कार र संस्कृति** | • मधेसीहरुको चाडपर्वको परिचय दिन<br>• मधेसीहरुको धर्म संस्कृतिको संक्षिप्त जानकारी दिन<br>• मधेसीहरुले गाउने गीतहरुको अभ्यास गर्न<br>• मधेसीहरुले बजाउने बाजाहरुको परिचय दिन र बजाउने अभ्यास गर्न<br>• मधेसीहरुले गर्ने लोकनृत्यहरुको अभ्यास गर्न | • मधेसीहरुको इतिहास, भेषभुषा र चाडपर्वको परिचय<br>• मधेसीहरुको रितिरिवाज र धर्म संस्कृतिको संक्षिप्त जानकारी<br>• मधेसीहरुको गाउने गीतहरुको अभ्यास<br>• मधेसीहरुको बजाउने बाजाहरुको परिचय दिन र बजाउने अभ्यास<br>• र मधेसीहरुको लोकनृत्यहरुको अभ्यास | • चित्र, पोष्टर वा वृतचित्र वा अन्य श्रव्यदृश्य सामग्रीको प्रयोग गरी इतिहास, भेषभुषा र चाडपर्वको परिचय दिने<br>• रितिरिवाज र धर्म संस्कृतिको लागि सम्बन्धित स्थानमा भ्रमण गराई आवश्यक जानकारी दिन लगाउने<br>मधेसीहरुले बजाउने बाजाहरु सहित विद्यालयमा आउन आमन्त्रण गरी ती बाजाहरुको परिचय दिन र बजाउने अभ्यास गर्न लगाउने | • मधेसीहरुको इतिहास, भेषभूषा र चाडपर्वको परिचय दिन लगाएर<br>• मधेसीहरुको रितिरिवाज र धर्म संस्कृति बताउन लगाएर<br>• मधेसीहरुले गाउने गीत गाएको अवलोकन गरेर<br>• मधेसीहरुले बजाउने बाजाहरु बजाउन लगाएर<br>• मधेसीहरुले गर्ने नृत्यको अभ्यास गरेको अवलोकन गरेर | ३० |
| ३ | **नवराजपुर गाउँपालिकाको पेसा,** | • हजारी माता मन्दिर, सल्हेस मन्दिर, रामजानकी मन्दिरको परिचय | • हजारी माता मन्दिर, सल्हेस मन्दिर, रामजानकी मन्दिरको | • चित्र, पोष्टर वा श्रव्यदृश्य सामग्रीको माध्यम बारेमा छलफल गराउने<br>• उल्लिखित स्थानहरुमा सम्भव भए सम्म विद्यार्थीहरुलाई भ्रमण गराई तिनीहरुको परिचय र | • हजारी माता मन्दिर,सल्हेस मन्दिर, राम जानकी मन्दिरको परिचय दिन र आर्थिक महत्व पहिचान गर्न | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **व्यवसाय र पर्यटन** | दिन र आर्थिक महत्व पहिचान गर्न<br>• स्थानीय कृषि उत्पादन (धान प्रशोधन उद्योग, मसला खेती, कृषि उपकरण) विधिहरु जान्न र व्यवहारमा उतार्न<br>• स्थानीय विउ विजन संरक्षण गर्ने तरिकाहरु बताउन र अवलम्बन गर्न<br>• स्थानीय विउ विजन भण्डारणका पराम्पागत शैलीहरुको पहिचान गर्न र अवलम्बन गर्न<br>• स्थानीय परम्परागत हस्तकलाका सामग्रीहरु निर्माण गर्न | परिचय दिन र आर्थिक महत्व पहिचान गर्न<br>• स्थानीय कृषि उत्पादन विधिहरु<br>• स्थानीय विउ विजन संरक्षण गर्ने तरिकाहरु<br>• स्थानीय विउ विजन भण्डारणका पराम्पागत शैलीहरुको पहिचान र अवलम्बन<br>• स्थानीय परम्परागत हस्तकलाका सामग्रीहरु निर्माण | महत्व सम्बन्धमा विवरण तयार गरी कक्षामा प्रस्तुत गर्न लगाउने<br>• स्थानीय कृषि उत्पादन (धान प्रशोधन उद्योग, मसला खेती, कृषि उपकरण) विधिहरुको जानकारी गराउने र सोही कार्यमा विद्यार्थीहरुलाई सहभागी हुन प्रेरित गर्ने<br>• स्थानीय विउ विजन संरक्षण गर्ने तरिकाहरु बताउने र घरमा हुने बिउ विजन संरक्षण गर्न सहभागी हुन प्रेरित गर्ने<br>• स्थानीय विउ विजन भण्डारणका पराम्पागत शैलीहरुको जानकारी गराउने<br>• हस्तकलाका सामग्री निर्माण गर्नको लागि सम्बन्धित स्थानीय स्रोत व्यक्ति वा शिक्षक स्वयमले निर्माणको लागि आवश्यक सामग्रीहरुको व्यवस्थापन गरी निर्माण गर्ने अभ्यास गराउने ।<br>• विद्यार्थीहरुलाई सोही हस्तकलाका सामग्रीहरु निर्माण गर्ने परियोजना कार्य दिने | • आर्थिक महत्व बताउन लगाएर<br>• स्थानीय कृषि उत्पादन (धान प्रशोधन उद्योग, मसला खेती, कृषि उपकरण) विधिहरु बताउन लगाएर तथा सोही कार्यमा विद्यार्थीहरुलाई सहभागी भए नभएको अभिभावक सँग प्रतिक्रिया लिएर<br>• स्थानीय विउ विजन संरक्षण गर्ने तरिकाहरु बताउन लगाएर<br>• घरमा हुने बिउ विजन संरक्षण गर्न सहभागी भए नभएको अभिभावक सँग प्रतिक्रिया लिएर<br>• स्थानीय विउ विजन भण्डारणका परम्परागत शैलीहरुको जानकारी गराउन लगाएर र हस्तकलाका सामग्री निर्माण गरेको अवलोकन गरेर | |
| ४ | **स्वस्थ जीवन** | • अस्पतालको परिचय र यसले दिने सेवाहरुको जानकारी दिन<br>• विद्यालयमा सेनिटरी प्याड व्यवस्थापनको | • अस्पतालको परिचय र यसले दिने सेवाहरुको जानकारी<br>• विद्यालयमा सेनिटरी प्याड व्यवस्थापनको<br>• स्थानीय स्वास्थ्य सेवा प्रदायक संस्थाहरुले | • अस्पतालको परिचय र यसले दिने सेवाहरुको जानकारी गराउने<br>• विद्यालयमा सेनिटरी प्याड व्यवस्थापनको नीतिगत पक्षको जानकारी गराउने<br>• विद्यालयमा सेनिटरी प्याड सम्बन्धी सेवा सुविधाहरुको जानकारी गराउने | • अस्पतालको परिचय दिन लगाएर विर्तमान अवस्था र कारण बताउन लगाएर<br>• विद्यालयमा सेनिटरी प्याड व्यवस्थापनको नीतिगत पक्ष बताउन लगाएर | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | नीतिगत पक्ष बताउन<br>• स्थानीय स्वास्थ्य सेवा प्रदायक संस्थाहरुले प्रदान गर्ने सेवाहरुको परिचय दिन र सेवा लिन | प्रदान गर्ने सेवाहरुको परिचय र सेवा | • स्थानीय स्वास्थ्य सेवा प्रदायक संस्थाहरुले प्रदान गर्ने सेवाहरुको दिने । यसको लागि सम्बन्धित स्वास्थ्य सेवा प्रदायक संस्थामा भ्रमण गराई वा उक्त संस्थाको प्रतिनिधिलाई विद्यालयमा बोलाइ संस्थाको परिचय र प्रदान गर्ने सेवाहरुको बारेमा जानकारी दिन लगाउने<br>• उक्त संस्थाबाट आवश्यकताअनुसार सेवा लिन सकिने जानकारी गराउने | • विद्यालयमा सेनिटरी प्याड सम्बन्धी सेवा सुविधाहरुको जानकारी भए नभएको र उक्त सेवाहरु लिए नलिएको अवलोकन गरेर<br>• स्थानीय स्वास्थ्य सेवा प्रदायक संस्थाहरुले प्रदान गर्ने सेवाहरु बताउन लगाएर | |
| ५ | **हाम्रो वातावरण र विपद् व्यवस्थापन** | • स्थानीय स्तरमा हुने विपद् जोखिम न्यूनीकरणका उपायहरु बताउन<br>• वडास्तरमा प्रकोप व्यवस्थापनका लागि गरिएका प्रयासहरु बताउन र सहभागी हुन<br>• गाउँ स्तरमा प्रकोप व्यवस्थापनमा संलग्न सामाजिक संस्थाहरुले गरेका कार्यहरु बताउन<br>• हरित घर तथा विद्यालय आवश्यकता तथा महत्व बताउन<br>• घर र विद्यालयमा करेसावारी र पुष्प बगैंचाको निर्माण, उत्पादन, बजारीकरण गर्न | • स्थानीय स्तरमा हुने विपद् जोखिम न्यूनीकरणका उपायहरु<br>• वडास्तरमा प्रकोप व्यवस्थापनका लागि गरिएका प्रयासहरु र सहभागी<br>• गाउँ स्तरमा प्रकोप व्यवस्थापनमा संलग्न सामाजिक संस्थाहरुले गरेका कार्यहरु<br>• हरित घर तथा विद्यालय आवश्यकता तथा महत्व<br>• घर र विद्यालयमा करेसावारी र पुष्प बगैंचाको निर्माण, उत्पादन, बजारीकरण<br>• घरायसी उपयोग भईसकेको पानीको व्यवस्थापन अन्तर्गत सोकपिट निर्माण र करेसाबारीमा उपयोग | • स्थानीय तहमा घट्न सक्ने सम्भाव्य विपद्का बारेमा विद्यार्थीलाई कक्षामा बताउन लगाउने र आवश्यक पृष्ठपोषण दिने<br>• विपद् जोखिम न्यूनीकरणका उपायहरुको सूची तयार गरी कक्षामा छलफल गर्ने<br>• विपद् पूर्व तयारीको अभ्यास गराउने<br>• वडा स्तरमा विपद् व्यवस्थापनका लागि गरिएका प्रयासहरु बताउने र विपद् व्यवस्थापनमा विद्यार्थीहरुलाई सहभागी गराउने<br>• गाउँ स्तरमा प्रकोप व्यवस्थापनमा संलग्न सामाजिक संस्थाहरुले गरेका कार्यहरु बताउने<br>• वातावरण स्वच्छ राख्दा हुने फाइदाका बारेमा छलफल गर्ने<br>• हरित घर र विद्यालयको अर्थ बताउने<br>• विद्यालय हरियाली प्रवर्धन कार्यक्रमको योजना निर्माण गरी लागु गराउने (जन्म दिनको अवसरमा बालबालिकाले विद्यालयमा बिरुवा रोप्ने अभ्यास गराउन)<br>• विद्यार्थीहरुलाई स्थानीय स्तरमा रहेका नमूना हरित विद्यालयको अवलोकन भ्रमण गराउने<br>• नमूना हरित विद्यालयहरुका डकुमेन्ट्री प्रदर्शनी गर्ने | • स्थानीय तहमा घट्न सक्ने सम्भाव्य विपद्हरु बताउन लगाएर<br>• विपद् जोखिम न्यूनीकरणका उपायहरु प्रस्तुत गर्न लगाएर<br>• विपद् पूर्व तयारीको अभ्यासको अवलोकन गरेर<br>• वडा स्तरमा विपद् व्यवस्थापनका लागि गरिएका प्रयासहरु बताउन लगाएर<br>• विपद् व्यवस्थापनमा संलग्न सामाजिक संस्थाहरुले गरेका कार्यहरु बताउन लगाएर<br>• वातावरण स्वच्छ राख्दा हुने फाइदा बताउन लगाएर<br>• हरित घर र विद्यालयको अर्थ बताउन लगाएर<br>• घर र विद्यालयमा करेसावारी र पुष्प बगैंचाको निर्माण गरेको अवलोकन गरेर र अभिभावकको प्रतिक्रिया लिन लगाएर | २८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • घरायसी उपयोग भईसकेको पानीको व्यवस्थापन अन्तर्गत सोकपिट निर्माण गर्न र करेसाबारीमा उपयोग गर्न<br>• घरायसी ठोस फोहोरको व्यवस्थापन अन्तर्गत गड्यौले मल बनाउन र उपयोग गर्न<br>• दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध वर्णन गर्न<br>• दिगो विकास र वातावरण संरक्षणका लागि विद्यार्थी, विद्यालय र समुदायको भूमिका पहिचान गर्न र अवलम्बन गर्न | • घरायसी ठोस फोहोरको व्यवस्थापन अन्तर्गत गड्यौले मल निर्माण र उपयोग<br>• दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध<br>• दिगो विकास र वातावरण संरक्षणका लागि विद्यार्थी, विद्यालय र समुदायको भूमिका पहिचान | • घर र विद्यालयमा करेसाबारी र पुष्प बगैंचाको निर्माण, उत्पादन, बजारीकरणको महत्वका बारेमा छलफल गराउदै प्रष्ट पार्ने<br>• घरायसी उपयोग भईसकेको पानीको व्यवस्थापन अन्तर्गत सोकपिट निर्माण र करेसाबारीमा उपयोग गर्ने तरीकाको प्रयोगात्मक अभ्यास गराउने<br>• घरायसी ठोस फोहोरको व्यवस्थापन अन्तर्गत गड्यौले मल निर्माण र उपयोगको छलफल गर्ने<br>• दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध बारे छलफल गराउने<br>• दिगो विकास र वातावरण संरक्षणका लागि विद्यार्थी, विद्यालय र समुदायको भूमिका पहिचान र सहभागिता विषय अन्रक्रिया सञ्चालन गर्ने | • घरायसी उपयोग भईसकेको पानीको व्यवस्थापन अन्तर्गत सोकपिट निर्माण र करेसाबारीमा उपयोगको अवलोकन गरेर<br>• घरायसी ठोस फोहोरको व्यवस्थापन अन्तर्गत गड्यौले मल निर्माण र उपयोगको अवलोकन गरेर<br>• दिगो विकास र हरित विद्यालयको अन्तरसम्बन्ध बताउन लगाएर<br>• दिगो विकास र वातावरण संरक्षणका लागि विद्यार्थी, विद्यालय र समुदायको भूमिका बताउन लगाएर | |
| ६ | **मूल्यमा आधारित शिक्षा र जीवन उपयोगी सीप** | • सामाजिक सञ्जालको महत्व र उचित प्रयोग गर्न<br>• असल नागरिक हुन आवश्यक सीपहरु पहिचान गरी प्रयोग गर्न | • सामाजिक सञ्जालको महत्व र उचित प्रयोग<br>• असल नागरिक हुन आवश्यक सीपहरु पहिचान गरी प्रयोग<br>• घर/विद्यालयमा हुने सामान्य विवाद र | • सामाजिक सञ्जालको परिचय र उदाहरण बताउन लगाउने<br>• सामाजिक सञ्जालको महत्व बताउने र उचित प्रयोग गर्ने तरिका बताउने<br>• असल नागरिक हुन आवश्यक सीपहरुको पहिचान गर्न लगाउने र आवश्यक पृष्ठपोषण दिने<br>• पहिचान गरिएका सीपहरुको प्रयोग गर्ने अभ्यास गराउने | • सामाजिक सञ्जालको परिचय दिन लगाएर<br>• सामाजिक सञ्जालको महत्व बताउन लगाएर र उचित प्रयोग गरे नगरेको अवलोकन गरेर<br>• असल नागरिक हुन आवश्यक सीपहरुको बताउन लगाएर | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • घर/विद्यालयमा हुने सामान्य विवाद र झगडामा मध्यस्थता गर्ने सीपको विकास गर्न<br>• असल स्वभावको प्रयोग गर्दै खुशी र सुखी हुने बानीको अभ्यास गर्न<br>• आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्यका साथ अघि बढ्ने क्षमताको अभ्यास गर्न<br>• परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने आचरणको पहिचान गरी सोको अभ्यास र प्रदर्शन गर्न | झगडामा मध्यस्थता गर्ने सीपको विकास<br>• असल स्वभावको प्रयोग गर्दै खुशी र सुखी हुने बानीको अभ्यास<br>• आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्यकासाथ अघि बढ्ने क्षमताको अभ्यास<br>• परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने आचरणको पहिचान गरी सोको अभ्यास र प्रदर्शन | • घर/विद्यालयमा हुने सामान्य विवाद र झगडामा मध्यस्थता गर्ने सीपको विकास सम्बन्धी वृत्तचित्र प्रस्तुत गर्ने र मध्यस्थताको भूमिका अभिनय गराउने<br>• असल स्वभावको प्रयोग गर्दै खुशी र सुखी हुने बानीको अभ्यास गराउने<br>• प्रत्येक विद्यार्थीहरुलाई आआफ्नो प्रतिभा प्रस्तुत गर्न लगाउने र आफूले लिएको लक्ष्य बताउन लगाउने<br>• आफू सँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्यकासाथ अघि बढ्ने क्षमताको अभ्यास गराउने<br>• परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने आचरणको पहिचान गराउने र सोको अभ्यास र प्रदर्शन गर्न लगाउने र यसको लागि आवशयक पृष्ठपोषण भूमिका अभिनय गर्ने | • पहिचान गरिएका सीपहरुको प्रयोगको अवलोकन गरेर<br>• असल स्वभावको प्रदर्शन गरेको अवलोकन गरेर<br>• जीवनमा आफ्नो लक्ष्य बताउन सके नसकेको अवलोकन गरेर<br>• आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरेको अवलोकन गरेर<br>• परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने आचरणलाई व्यवहारमा अवलम्बन गरे नगरेको अवलोकन गरेर | |
| ७ | **सामाजिक संघ संस्थाहरु र स्थानीय व्यक्तित्व** | • गाउँ भित्रका शहीदहरुको परिचय र उनीहरुको योगदान बारे चार्चा गर्न<br>• गाउँ भित्र पहिलो बिद्यालयको परि | • गाउँ भित्रका शहीदहरुको परिचय र उनीहरुको योगदान<br>• गाउँभित्र पहिलो बिद्यालयको परिचय र पुर्याएको योगदान | • गउँ भित्रका शहीदहरुको विवरण चित्रसहित प्रस्तुत गर्ने<br>• शहीदहरुका सपनाहरुलाई सूची तयार गरी कक्षाकोठामा प्रदर्शन गर्ने<br>• शहीद परिवारसँग भेटघाट गराई समूहगत रुपमा आफ्ना अनुभवहरु कक्षामा व्यक्त गर्न लगाई छलफल गराउने<br>• शहीद पार्कहरुको भ्रमण गराउने | • गाउँ भित्रका शहीदहरुको परिचय र उनको योगदान बताउन लगााएर<br>• गाउँ भित्र पहिलो बिद्यालयको परिचय र पुर्याएको योगदान बताउन लगाएर | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • अस्पतालको परिचय दिन र यसले प्रदान गर्दै आएका सेवाहरु पहिचान गरी आवश्यक सेवा लिन | • अस्पतालको परिचय दिन र यसले प्रदान गर्दै आएका सेवाहरु | • वृत्तचित्र वा चित्रबाट गाउँभित्र पहिलो बिद्यालयको परिचय दिने र पुर्‍याएको योगदान छलफल गराउने<br>• अस्पताल भ्रमण गराई प्रतिबेदन तयार गर्न लगाउने | • अस्पतालको परिचय र यसले प्रदान गर्ने सेवाहरु बताउन लगाएर | |

**कक्षा ८**

| क्रस | क्षेत्र/ एकाइ | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | **नवराजपुर गाउँपालिकाको परिचय** | • मधेस प्रदेशको नक्सा कोर्न र आफ्नो जिल्ला, गाउँपालिका र मुख्य मुख्य घटनाहरु देखाउन<br>• गाउँ सभाको बैठक बस्ने तरिका काम कर्तव्य र अधिकार बताउन<br>• गाउँ कार्यपालिका, व्यवस्थापिका र न्यायिक समितिको काम कर्तव्य र अधिकारको जानकारी लिन<br>• गाउँपालिकाले जारी गरेको मुख्य ऐन र नियमावलीको संक्षिप्त जानकारी दिन | • मधेस प्रदेशको नक्सा निर्माण र आफ्नो जिल्ला, गाउँपालिका र मुख्य मुख्य घटहरुको अवस्थिति<br>• गाउँ सभाको बैठक बस्ने तरिका काम कर्तव्य र अधिकार<br>• गाउँ कार्यपालिका, व्यवस्थापिका र न्यायिक समितिको काम कर्तव्य र अधिकारको जानकारी<br>• गाउँ पालिकाले जारी गरेको मुख्य ऐन र नियमावलीको संक्षिप्त जानकारी ( नवराजपुर गाँउपालिकाको शिक्षा सम्बन्धी,नवराजपुर | • नक्सा बनाउने विधि अनुसार प्रदेशको नक्सा कोर्ने अभ्यास गराउने<br>• मधेस प्रदेश तथा आफ्नो जिल्ला र गाउँ पालिकाको मुख्य मुख्य घटनाहरुलाई नक्सा तथा समय रेखामा देखाउने अभ्यास गराउने<br>• गाउँ सभाको जानकारी गराउने र बैठक बस्ने तरिकामा छलफल गराउने<br>• गाउँ सभाको बैठकको अभिनय गराउने<br>• गाउँ सभाले गर्ने काम कर्तव्य र अधिकारहरुको जानकारी गराउने<br>• गाउँपालिकाको प्रतिनिधिलाई आमन्त्रणगरी गाउँ कार्यपालिका,व्यवस्थापिका र न्यायिक समितिको काम कर्तव्य र अधिकारको जानकारी दिन लगाउने<br>गाउँपालिको प्रतिनिधिलाई आमन्त्रण गरी गाउँपालिकाले जारी गरेको मुख्य ऐन र नियमावलीको संक्षिप्त जानकारी दिन लगाउने जस अन्तगर्त निम्न ऐनहरुको जानकारी दिन लगाउने ( नवराजपुर शिक्षा सम्बन्धी नवराजपुर गाँउपालिकाको विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन) | • मधेस प्रदेशको नक्सा कोरेको अवलोकन गरेर<br>• मधेस प्रदेश तथा आफ्नो जिल्ला र गाउँ पालिकाका मुख्य मुख्य घटनाहरुलाई नक्सा तथा समय रेखामा देखाउन लगाई त्यसको अवलोकन गरेर<br>• नवराजपुर गाँउपालिकाको विगत र वर्तमान अवस्थाको परिचय दिन लगाएर<br>• गाउँ सभाको परिचय र बैठक बस्ने तरिकामा बताउन लगाएर<br>• गाउँसभाको बैठकको अभिनय गरेको अवलोकन गरेर | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | (नवराजपुर गाँउपालिकाको शिक्षा सम्बन्धी ऐन, नवराजपुरको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन) | गाँउपालिकाको विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन ) | | • गाउँसभाले गर्ने काम कर्तव्य र अधिकारहरु बताउन लगाएर<br>• कार्यपालिका, व्यवस्थापिका र न्यायिक समितिको काम कर्तव्य र अधिकार बताउन लगाएर<br>• गाउँपालिकाले जारी गरेको मुख्य ऐन र नियमावलीको संक्षिप्त जानकारी दिन लगाएर | |
| २ | **नवराजपुर गाँउपालिकाको**<br>**सामाजिक संस्कार र संस्कृति** | • परम्परागत संगठन प्रणालीको परिचय, काम, महत्व र प्रवर्धनका उपायहरु बताउन<br>• मधेसीहरुको संस्कार, संस्कृतिको परिचय, महत्व र प्रबर्धनका उपायहरु बताउन<br>• थारु,मुस्लिम समुदायको संस्कार, संस्कृतिको परिचय, महत्व र प्रर्वद्धनका उपायहरु बताउन<br>• हाम्रा सामाजिक समस्या र समाधानका उपायहरु बताउन | • परम्परागत संगठन प्रणालीको परिचय, काम, महत्व र प्रवर्धनका उपायहरु<br>• बाह्मण क्षेत्रीको संस्कार, संस्कृतिको परिचय, महत्व र प्रबर्धनका उपायहरु<br>• थारु,मुस्लिम समुदायको संस्कार, संस्कृतिको परिचय, महत्व र प्रर्वद्धनका उपायहरु<br>• हाम्रा समाजिक समस्या र समाधानका उपायहरु असल संस्कृति हस्तान्तरणका उपायहरु पहिचान र अवलम्बन | • मधेसीहरुको संस्कार, संस्कृतिको जानकारी व्यक्तिलाई आमन्त्रण गरी वा शिक्षकले नै चित्र वा वृत्तचित्रको माध्यमबाट उक्त समुदायको संस्कृति र संस्कारको परिचय, महत्व र प्रबर्धनका उपायहरुमा छलफल गराउने<br>• थारु,मुस्लिम बस्तीको भ्रमण गराउने र उनीहरुको संस्कार र संस्कृतिको बारेमा विद्यार्थीलाई जानकारी गराउन लगाउने<br>• भ्रमणको क्रममा थाहा भएका कुराहरुलाई कक्षामा प्रस्तुत गर्न लगाउने र आवश्यक पृष्ठपोषण दिने<br>• समाजको समस्या र समाधानका उपायका बारेमा समूहगत रुपमा छलफल गराउने र प्रस्तुत गर्न लगाउने<br>• गाउँ भित्रका विभिन्न जातजातिको असल संस्कृतिको पहिचान गरी ती असल संस्कृति हस्तान्तरणका उपायहरुका बारेमा समूहगत छलफल गरी कक्षामा प्रस्तुत गर्न लगाउने र अवलम्बन गर्न प्रेरित गर्ने | • मधेसीहरुको संस्कार, संस्कृतिको परिचय, महत्व र प्रबर्धनका उपायहरुमा प्रस्तुत गर्न लगाएर<br>• थारु, मुस्लिमको संस्कार र संस्कृतिको बताउन लगाएर<br>• समस्या र समाधानका उपायहरु बताउन लगाएर<br>• गाउँ भित्रका विभिन्न जातजातिको असल संस्कृतिको पहिचान गरेको अवलोकन गरेर असल संस्कृतिको अवलम्बन गरे गाउँको अवलोकन गरेर | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • असल संस्कृति हस्तान्तरणका उपायहरु बताउन र अपनाउन | | | | |
| ३ | **नवराजपुर गाउँपालिकाको पेसा, व्यवसाय र पर्यटन** | • परम्परागत पेशा, व्यवसाय र प्रविधिको परिचय दिन र महत्व बताउन<br>• स्थानीय परम्परागत हस्तकलाका सामग्रीहरु निर्माण गर्न(नाङ्लो, ढकिया, पटिया, कोनिया, मुजेला,डोरी, गोनेर, सपटा, बेना, डाला, चङेरी, जाबी आदि ।गाउँपालिकामा पर्यटन व्यवसाय विकासका अवसर र चुनौती पहिचान गर्न<br>• पर्यटन व्यवसाय प्रर्वद्धन, व्यवसाय विस्तार, कृषिको आधुनिकीकरणका लागि गाउँको योजना बताउन | • परम्परागत पेशा, व्यवसाय र प्रविधिको परिचय र महत्व<br>• स्थानीय परम्परागत हस्तकलाका सामग्रीहरु निर्माण (कुमाले, मादल)<br>• गाउँपालिकामा पर्यटन व्यवसाय विकासका अवसर र चुनौती पहिचान<br>• पर्यटन व्यवसाय प्रर्वद्धन, व्यवसाय विस्तार, कृषिको आधुनिकीकरणका लागि गाउँको योजना | • चित्र, पोष्टर वा श्रव्यदृश्य सामग्रीको प्रयोग गरी परम्परागत पेशा, व्यवसाय र प्रविधिको परिचय र महत्व बताउने<br>• स्थानीय परम्परागत हस्तकलाका सामग्री ( नाङ्लो, ढकिया, पटिया, कोनिया, मुजेला, डोरी, गोनेर, सपटा, बेना, डाला, चङेरी, जाबी आदि ।) हरु निर्माण गर्ने स्थानमा विद्यार्थीहरुलाई भ्रमण गराउने र उक्त सामग्रीहरु निर्माण गर्ने कार्यमा सहभागी गराउने<br>• उक्त कार्यबाट भएको सिकाइ सम्बन्धमा छलफल गर्न लगाउने<br>• गाउँ पालिकामा पर्यटन व्यवसाय विकासका अवसर र चुनौतीहरुको सम्बन्धमा श्रव्यदृश्य सामग्री वा चित्रको माध्यमबाट जानकारी गराउने<br>• गाउँ पालिकाको योजना शाखाका प्रमुखलाई आमन्त्रण गरी पर्यटन व्यवसाय प्रर्वद्धन, व्यवसाय विस्तार,<br>• कृषिको आधुनिकीकरणका लागि गाउँको योजना बताउन लगाउने | • परम्परागत पेशा, व्यवसाय र प्रविधिको परिचय र महत्व बताउन लगाएर<br>• गाउँपालिकामा पर्यटन व्यवसाय विकासका अवसर र चुनौतीहरु बताउन लगाएर | २० |
| ४ | **स्वस्थ जीवन** | • स्वास्थ्य सम्बन्धि परियोजनाको बारे जानकारी सेवाको बारेमा जानकारी | • सुनौला हजार दिनको परिचय र महत्व<br>• स्वास्थ्य सम्बन्धि परियोजनाको बारे | • चित्र तथा श्रव्यदृश्य सामग्रीको माध्यमबाट सुनौलो हजार दिनको परिचय र महत्वको बिषयमा लघु सडक नाटक प्रस्तुत गर्ने र गर्न लगाउने | • सुनौलो हजार दिनको परिचय र महत्व प्रस्तुत गर्न लगाएर | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • सुनौला हजार दिनको परिचय र महत्व बताउन | जानकारी सेवाको बारेमा जानकारी | | • स्वास्थ्य सम्बन्धि परियोजनाको बारे जानकारी सेवाको बारेमा जानकारी | |
| ५ | **हाम्रो वातावरण र विपद् व्यवस्थापन** | • स्थानीय स्तरमा हुने विपद् व्यवस्थापनमा सहभागिता हुन<br>• विपद् व्यवस्थापनका लागि गरिएका अभ्यासहरुको जानकारी हासिल गर्न र सहभागी हुन<br>• विपद् व्यवस्थापनमा रेडक्रसको भूमिका<br>• खाली जग्गा, घर र विद्यालयमा वृक्षारोपण गर्न<br>• घर तथा विद्यालयमा जडीबुटी खेती गर्न, उपयोग बताउन र प्रयोग गर्न तथा यसको बजारीकरण गर्न<br>• हरित घर तथा विद्यालय निर्माणका लागि आवश्यक आधारभूत पक्षहरु पहिचान गर्न<br>• हरित विद्यालयको प्रबर्द्धन गर्ने उपायहरुको खोजी | • स्थानीय स्तरमा हुने विपद् व्यवस्थापनमा सहभागिता<br>• प्रकोप व्यवस्थापनका लागि गरिएका अभ्यासहरुको जानकारी र सहभागी<br>• विपद् व्यवस्थापनमा रेडक्रसको भूमिका<br>• खाली जग्गा, घर र विद्यालयमा वृक्षारोपण<br>• घर तथा विद्यालयमा जडीबुटी खेती गर्न, उपयोग र प्रयोग गर्न तथा यसको बजारीकरण<br>• हरित घर तथा विद्यालय निर्माणका लागि आवश्यक आधारभूत पक्षहरु पहिचान<br>• हरित विद्यालयको प्रबर्द्धन गर्ने उपायहरुको खोजी गरी ती उपायहरु<br>• स्थानीय क्षेत्रमा पानीको दिगो व्यवस्थापनको उपायहरु खोजी | • विपद् जोखिम न्यूनीकरणका उपायहरुको बारेमा छलफल गर्ने<br>• स्थानीय जोखिम तथा विपद् व्यवस्थापनका लागि विद्यार्थीहरुको भूमिका बारे अभिनय/अभ्यास गर्न लगाउने<br>• स्थानीयस्तरका विपद् व्यवस्थापनमा विद्यार्थीको सहभागिता कक्षाकोठामा अन्तरक्रियाा सञ्चालन गर्ने<br>• विपद् व्यवस्थापनका लागि गरिएका अभ्यासहरुको सूची प्रस्तुत गरी छलफल गर्ने<br>• विपद् व्यवस्थापनमा रेडक्रसको भूमिका बारेमा छलफल गर्ने<br>• घर, विद्यालय तथा वरपरको समुदाय, खाली ठाउँमा वृक्षरोपण गर्नुपर्ने कुराको जानकारी गराउने र उक्त कार्यमा विद्यार्थी र शिक्षक सहभागी हुने<br>• घर, विद्यालय तथा वरपरको समुदाय, खाली ठाउँमा जडीबुटी खेती गर्न सकिने कुराको जानकारी गराउने र जडीबुटी खेती गर्ने गराउने कार्यमा विद्यार्थीहरुलाई सहभागी गराउने<br>• उत्पादित जडीबुटीको बजारीकरण गर्ने, आर्थिक उपार्जन गर्ने कुराको जानकारी गराउने र बजारीकरण गर्न सहयोग गर्ने<br>• यसको लागि विद्यालयमा नर्सरी निर्माण गर्ने, वेर्न उत्पादन गर्ने,नर्सरीमा रहेका बेर्नाहरु वृक्षरोपणमा प्रयोग गर्ने | • स्थानीस्तरमा हुने विपद् व्यवस्थापनमा सहभागी भए नभएको अवलोकन गरेर<br>• गाउँस्तरका विपद् व्यवस्थापनका लागि गरिएका प्रयासहरु बताउन लगाएर<br>• विपद् व्यवस्थापनमा रेडक्रसको भूमिका बताउन लगाएर<br>• खाली जग्गा, घर र विद्यालयमा वृक्षारोपण र जडीबुटी खेतीमा सहभागी भए नभएको अवलोकन गरेर<br>• जडीबुटी खेतीबाट हुने फाइदाहरु बताउन लगाएर<br>• दिगो विकासका लक्ष्यहरु प्राप्तिका लागि स्थानीय सरकारले गर्दै आएका प्रयासहरु भन्न लगाएर<br>• हरित विद्यालय प्रवर्धन गर्न खेल्नुपर्ने भूमिका बताउन लगाएर | २८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | गरी ती उपायहरु अवलम्बन गर्न<br>• स्थानीय क्षेत्रमा पानीको दिगो व्यवस्थापनको उपायहरु खोजी गर्न<br>• आकासे पानी संकलन विधि बताउन, संकलन गर्न र उपयोग गर्न<br>• घरायसी ठोस फोहोरको व्यवस्थापन अन्तर्गत बिन कम्पोष्टिङ तथा पिट कम्पोष्टिङ गर्ने प्रक्रियाको अभ्यास गर्न<br>• गाउँपालिका क्षेत्रमा वातावरण प्रदूषणको न्यूनीकरण र फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय, संघसंस्थाहरू र गाउँ पालिकाको भूमिका बताउन<br>• दिगो विकासका लक्ष्यहरु प्राप्तिका लागि स्थानीय सरकारले गर्दै आएका | • आकासे पानी संकलन विधि बताउन, संकलन र उपयोग<br>• घरायसी ठोस फोहोरको व्यवस्थापन अन्तर्गत बिन कम्पोष्टिङ तथा पिट कम्पोष्टिङ गर्ने प्रक्रियाको अभ्यास<br>• गाउँपालिका क्षेत्रमा वातावरण प्रदूषणको न्यूनीकरण र फोहोरमैला व्यवस्थापनमा स्थानीय समुदाय, संघसंस्थाहरू र गाउँ पालिकाको भूमिका<br>• दिगो विकासका लक्ष्यहरु प्राप्तिका लागि स्थानीय सरकारले गर्दै आएका कार्यहरु पहिचान तथा प्रभावकारी बनाउने उपायहरुको खोजी | • वृक्षरोपण गरेका बिरुवाहरुको आवश्यकता नुसार रेखदेख गर्न लगाउने<br>• दिगो विकासका लक्ष्यहरु पुनः स्मरण गराउने र विद्यालय, समुदाय तथा स्थानीयस्तरबाट पूरा गर्न सकिने उक्त लक्ष्यहरुमा छलफल गराउने<br>• दिगो विकासका लक्ष्यहरु पूरा गर्नको लागि स्थानीय सरकारले गर्दै आएका प्रयासहरुमा छलफल गराउने<br>• यी कार्यहरुको विद्यार्थी तथा विद्यालयको भूमिका पहिचान गर्ने र सहभागी हुने<br>• हरित घर,विद्यालय तथा दिगो विकास बिचको अन्तरसम्बन्ध बताउन लगाउने र यस्तो सम्बन्ध प्रबर्द्धन गर्न विद्यार्थी, विद्यालय, समुदाय, स्थानीय तहले खेल्नुपर्ने भूमिकामा छलफल गर्ने<br>• पानीको दिगो व्यवस्थापन गर्ने उपायहरुमा छलफल गराउने जस्तो : पानीको मुहान संरक्षण गर्ने, वैकल्पिक पानीको व्यवस्थापन गर्ने (आकासे पानी), भूमिगत जल भण्डारको रिचार्ज गर्ने, सरसफाइ व्यवस्थापन गर्ने, आकासे पानीको संकलन गर्ने आदि)<br>• आकासे पानीको संकलन गर्ने विधि भिडियो सहित प्रदर्शन गर्ने वा आकासे पानी संकलन गरेको अवलोकन गराउने (वर्षा, ट्यांकी, प्रशोधन, प्रयोग)<br>• घरायसी फोहोरमैलको व्यवस्थापन गर्ने विधिहरुमा छलफल गराउने<br>• घरायसी ठोस फोहोरमैलाको व्यवस्थापन अन्तर्गत विन कम्पोष्टिङ (भाडामा मल बनाउने विधि) र पिट कम्पोष्टिङ (खाडल र थुप्रो बनाएर मल बनाउने विधि) विधिको चित्र वा भिडियो वा प्रत्यक्ष अवलोकन गराएर जानकारी दिने | • हरित घर तथा विद्यालय निर्माणका लागि आवश्यक पर्ने आधारभूत पक्षहरुको परिचय दिन लगाएर<br>• यी पक्षहरुको कार्यान्वयन गर्न खेल्नुपर्ने भूमिका बताउन लगाएर<br>• पानीको दिगो व्यवस्थापन गर्ने तरिकाहरु सोधेर<br>• आकासे पानी संकलन र प्रयोग गर्ने तरिका बताउन लगाएर<br>• आकासे पानीको प्रयोग गरेको अवलोकन गरेर<br>• विद्यालय तथा घरायसी ठोस फोहोर मैलाको व्यवस्थापन गर्ने तरिकाहरु बताउन लगाएर<br>• विन र पिट कम्पोष्टिङ गर्ने तरिका बताउन लगाएर<br>• विन र पिट कम्पोष्टिङ विधिबाट मल बनाएको अवलोकन गरेर<br>• वडा र गाउँपालिका क्षेत्रमा प्रदूषण न्यूनीकरण गर्ने उपाय तथा फोहोरमैला व्यवस्थापनमा | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | कार्यहरु पहिचान गरी प्रभावकारी बनाउने उपायहरुको खोजी गर्न | | • उक्त विधि अनुसार विद्यालयमा विन र पिट कम्पोष्टिङ विधिबाट कम्पोष्ट मल बनाउने कार्यमा विद्यार्थीहरुलाई सहभागी गराउने<br>• उक्त विधिहरुबाट तयार भएको मल आवश्यकता अनुसार तरकारी खेती, फलफूल खेती, पुष्पखेतीमा उपयोग गर्ने, गर्न लगाउने<br>• वडा तथा गाउँपालिका क्षेत्रमा वातावरण प्रदूषणको न्यूनीकरण गर्ने उपाय तथा फोहोरमैला व्यवस्थापनमा विद्यालय, स्थानीय समुदाय, संघसंस्था र गाउँ पालिकाका भूमिकामा छलफल गराउने<br>• गाउँपालिकाको प्रतिनिधीलाई आमन्त्रण गरी दिगो विकासका लक्ष्यहरु प्राप्तिका लागि स्थानीय सरकारले गर्दै आएका कार्यहरु र प्रभावकारी बनाउने उपायहरु बताउन लगाउने | विद्यालय, समुदाय, संघ संस्था र गाउँपालिकाका भूमिका बताउन लगाएर<br>• दिगो विकासका लक्ष्यहरु प्राप्तिका लागि स्थानीय सरकारले गर्दै आएका कार्यहरु र प्रभावकारी बनाउने उपायहरु बताउन लगाएर | |
| ६ | **मूल्यमा आधारित शिक्षा र जीवन उपयोगी सीप** | • सामाजिक सञ्चालको दुरुपयोग, यसका प्रभाव र बच्ने उपायहरुको खोजी गर्न<br>• हाम्रो समुदाय र गाउँ पालिका प्रति आफ्नो कर्तव्य र जवाफदेहिताको बोध गर्न<br>• जीवनमा असल र सफल बन्ने उपायहरुको खोजी गर्न | • सामाजिक सञ्चालको दुरुपयोग, यसका प्रभाव र बच्ने उपायहरुको खोजी<br>• हाम्रो समुदाय र गाउँपालिका प्रति आफ्नो कर्तव्य र जवाफदेहिताको बोध<br>• जीवनमा असल र सफल बन्ने उपायहरुको खोजी<br>• आत्मविश्वास र निर्णय लिन सक्ने क्षमताको विकास | • सामाजिक सञ्जालको प्रयोग कति ठीक कति बेठिक भन्ने शीर्षकमा वादविवाद गर्न लगाउने<br>• सामाजिक सञ्जालको दुरुपयोग, यसको प्रभाव र यसबाट बच्न अपाउनुपर्ने पक्षहरुसम्बन्धी श्रव्यदृश्य सामग्री प्रयोग गरी जानकारी गराउने<br>• हाम्रो समुदाय र गाउँपालिका प्रति आफ्नो कर्तव्य र जवाफदेहिता के के हुन्छ ? छलफल गराउने र कर्तव्य र जिम्मेवारी तथा जवाफदेहिता बताइदिने<br>• समाज र गाउँपालिकामा रहेका असल मानिसहरुसँग अन्तवार्ता लिन लगाउने र छलफल गराउने<br>• सार्थक जीवन बाँच्ने मानिसहरुसँग भेटघाट र उनीहरुको आत्मवृतान्त सुनाउन लगाउने<br>• सकारात्मक सोच र आत्मविश्वाससँग सम्बन्धित कथाहरुको प्रस्तुति गर्ने | • सामाजिक सञ्जालको दुरुपयोग, यसको प्रभाव र यसबाट बच्न अपाउनुपर्ने पक्षहरु बताउन लगाएर<br>• हाम्रो समुदाय र गाउँ पालिका प्रति आफ्नो कर्तव्य र जवाफदेहिता बताउन लगाएर<br>• समाज र गाउँपालिकामा रहेका असल मानिसका असल बानीहरु बताई तिनको अवलम्बन गरेको अवलोकन गरेर<br>• आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्य र | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • आत्मविश्वास र निर्णय लिन सक्ने क्षमताको विकास गर्न<br>• असल स्वभावको प्रयोग गर्दै खुशी र सुखी हुने बानीको अभ्यास गर्न<br>• आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्य र प्रतिबद्धताका साथ अघि बढ्ने क्षमताको अभ्यास गर्न<br>• परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने आचरणको अभ्यास र प्रदर्शन गर्न | • असल स्वभावको प्रयोग गर्दै खुशी र सुखी हुने बानीको अभ्यास<br>• आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्य र प्रतिबद्धताका साथ अघि बढ्ने क्षमताको अभ्यास<br>• परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने आचरणको अभ्यास र प्रदर्शन | • एउटा निर्णयले जीवनको मोडमा आएको (सकारात्मक र नकारात्मक) परिवर्तनका सम्बन्धमा वास्तविक घटना/कथाको प्रस्तुति गर्ने र सुझाव प्रस्तुत गर्ने<br>• शिक्षकले आफूसँग भएका प्रति र क्षमताको स्वमूल्यांकनको साधन प्रयोग गरी लेखाजोखा गर्ने र विद्यार्थीहरुलाई समेत आफूसँग भएका प्रतिभा र क्षमताको स्वमूल्याङ्कन गरी निश्चित लक्ष्य र प्रतिबद्धताका साथ अघि बढ्ने क्षमताको अभ्यास गराउने<br>• परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने आचरणको अभ्यास र प्रदर्शन गर्ने | प्रतिबद्धताका साथ अघि बढ्ने क्षमताको लेखाजोखा गरेर<br>• परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने आचरण बताउन लगाएर र अवलम्बन गरे गाउँको अवलोकन गरेर | |
| ७ | **सामाजिक संघ संस्थाहरु र स्थानीय व्यक्तित्व** | • सहकारीको परिचय दिन र उत्पादित वस्तुहरुको जानकारी लिन<br>• स्थानिय ख्याति प्रप्त व्यक्तिहरुको जीवनी भन्न र योगदान बताउन | • सहकारीको परिचय र उत्पादित वस्तुहरुको जानकारी<br>• स्थानीय ख्याति प्राप्त व्यक्तिहरुको जीवनी बताउन र योगदान | • सहकारीमा कार्यरत कुनै प्रतिनिधि आमन्त्रण गरी उक्त सहकारी संस्थाले गर्ने कामहरु र प्रदान गर्ने सेवाहरु बताउन लगाउने<br>• सहकारीले समाज विकासमा के कस्तो प्रभाव पारेको छ ? भन्ने विषयमा प्रतिवेदन लेख्न लगाउने<br>• स्थानीय ख्याति प्राप्त व्यक्तिहरुको जीवनीको भिडियो वा कथाको माध्यम बाट कक्षा प्रस्तुत गर्ने वा सम्बन्धित व्यक्तित्वलाई कक्षामा आमन्त्रण गरी आआफ्नो जीवनी बताउन लगाउने<br>• उनीहरुमा भएका असल पक्षहरु पहिचान गरी अवलम्बन गर्न प्रेरित गर्ने | • सहकारी संस्थाले गर्ने कामहरु र प्रदान गर्ने सेवाहरु बताउन लगाएर<br>• सहकारीले समाज विकासमा पारेको प्रभाव बताउन लगाएर<br>• स्थानीय ख्याति प्राप्त व्यक्तित्वहरुको जीवनी बताउन लगाएर | १० |

# सम्भावित परियोजना तथा प्रयोगात्मक कार्यहरु

## कक्षा ४

- नवराजपुर गाउँपालिकाको वडा गत महिला र पुरुषको विवरणको चार्ट तयार गरी कक्षामा टाँस गर्नुहोस् ।
- प्रमुख चाडपर्वको बारेमा आफ्नो अभिभावकसँग सोधपुछ गरी तालिका बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।
- धार्मिक स्थलको भ्रमण गरी धार्मिक स्थल रहेको ठेगाना, परिचय, गरिने क्रियाकलापहरु, महत्व आदिलाई समेटी प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।
- गाउँ टोलमा पाइने हस्तकलाका सामग्रीहरु के के छन् संकलन गरी कक्षाकोठामा प्रदर्शन गर्नुहोस् र उक्त सामग्री बनाउने तरिका र ती सामग्रीको उपयोगिता सम्बन्धी विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।
- घरमा हस्तकला बाट निर्माण गर्न सकिने विभिन्न सामग्रीहरु मध्ये अभिभावकको सहयोगमा कुनै एक हस्तकलाको सामग्री निर्माण गर्नुहोस् ।
- घर वरपरको खाली जमीन, करेसाबारीमा उपयोगी बोटबिरुवाको वृक्षरोपण गर्नुहोस् । बिरुवा हुर्कनको लागि आवश्यक पर्ने तत्वहरु (पानी, मल आदि) प्रदान गर्नुहोस् । करिब १ महिनामा बिरुवाको वृद्धि कति भयो ? बिरुवामा के कस्ता परिवर्तनहरु आए ? अवलोकन गरी प्राप्त तथ्यहरुलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
- घर तथा विद्यालयबाट निस्कने फोहोरहरुको वर्गीकरण (कुहिने, नकुहिने, तरल र ग्याँस) गर्नुहोस् । फोहोर मैला व्यवस्थापन गर्ने तरिकाहरु अवलम्बन गर्नुहोस् । यसको लागि फोहोर तरल (नाली, शौचालय तथा बाथरुम बाट निस्कने तरल, भान्साबाट निस्कने फोहोर), कुहिने र नकुहिने ठोस फोहोर, ग्याँस (वायु) आदिको व्यवस्थापन गर्ने तरिकाहरुलाई (आफू, आफ्नो परिवार, विद्यालय) प्रयोग गर्नुहोस् । यी कार्यबाट फोहोर व्यवस्थापन गर्दा के के प्रगति भयो ? संक्षेपमा प्रतिवेदन बनाउनुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
- समाजका असल मानिसले गरेका कार्यहरुको सूची तालिकामा तयार गर्नुहोस् । ती असल कार्यहरु मध्ये आफूले गर्न सक्ने कार्यहरु छनोट गरी कार्यान्वयन गर्नुहोस् । यसरी कार्यान्वयन गर्दा के के पक्षमा सुधार भयो ? प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।
- वडा भित्र रहेका स्वास्थ्य संस्थाहरु मध्ये कुनै एक स्वास्थ्य संस्थाको बारेमा निबन्ध लेखी कक्षामा प्रस्तुत गर्नुहोस् । उक्त निबन्धमा संस्थाको परिचय, प्रदान गर्ने सेवाहरुलाई समेट्नुहोस् ।

## कक्षा ५

- गाउँपालिकाको नक्सा बनाई निम्नलिखित स्थानहरु भर्नुहोस् :
- समूहगत/व्यक्तिगत रुपमा मेलाका जानकार व्यक्तिसँग सोधपुछ गरी निम्न पक्षहरुलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् । (क) परिचय (ख) मेलामा गरिने क्रियाकलापहरु (ग) राम्रा पक्षहरु (घ) सुधार गर्नुपर्ने पक्षहरु
- समूहगत रुपमा गाउँपालिका भित्र पर्ने मन्दिरको अवलोकन भ्रमण गर्नुहोस् र उक्त ठाउका विशेषताका बारेमा सोधखोज तथा अवलोकन गरी प्राप्त विवरणलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।
- खाली जमीन, करेसाबारीमा उपयोगी औषधीजन्य वनस्पतिहरु (घ्यूकुमारी,अमला, तुलसी वा अन्य औषधीजन्य वनस्पति) को वृक्षारोपण गर्नुहोस् । ती वनस्पतिहरु हुर्कनको लागि आवश्यक पे तत्वहरु (पानी, मल आदि) प्रदान गर्नुहोस् । करिब ३ महिनामा बिरुवाको वृद्धि कति भयो, बिरुवामा के कस्ता परिवर्तनहरु आए ? अवलोकन गर्नुहोस् । ती औषधीजन्य वनस्पतिहरु के के कामको लागि प्रयोग गरिए ? प्राप्त तथ्यहरुलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
- विद्यालयबाट निस्कने ठोस फोहोरमैला व्यवस्थापन गर्ने मुख्य तीन तरिकाहरु : कम प्रयोग, पुनः प्रयोग र पुनः चक्रण विधि प्रयोग गर्नुहोस् । यी तीन व्यवस्थापनका उपायहरु अवलम्बन गर्दा के के फाइदा भयो ? अनुभवलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

- विद्यालयमा प्रयोग भएका ऊर्जाका स्रोतहरुको पहिचान गरी के के कार्यमा प्रयोग गरिएको छ ? ऊर्जाको मितव्ययी तरिकाले प्रयोग गर्न अपनाइएका पक्षहरुलाई समेत समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
- सहकारी वित्तीय सामाजिक स्वास्थ्य शैक्षिक संस्थाको भ्रमण गरी उक्त संस्थाको परिचय, स्थापनाको उद्धेश्य, संस्थाले गर्दै आएका कार्यहरु र भावी योजना सम्बन्धी विवरण तयार गरी प्रतिवेदन तयार गर्नुहोस्

## कक्षा ६

- गाउँपालिकाको नक्सा कोर्नुहोस् र गाउँपालिका भित्र रहेका मुख्य मुख्य स्थानलाई नक्सामा संकेतमा देखाउनुहोस् ।
- वडा कार्यालयमा भ्रमण गर्नुहोस् र वडा कार्यालयले प्रदान गर्ने समग्र सेवाहरु तथा बालबालिकाहरु र युवाको लागि सेवाहरु के के रहेछन् ?
- मधेसी समुदायले मनाउने चाडपर्वहरु मध्ये कुनै एक चाडपर्वको बारेमा निम्न पक्षहरुलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् । (चाडपर्वको नाम, मनाउने तरिका, महत्व, राम्रा पक्षहरु, सुधार गर्नुपर्ने पक्षहरु)
- मधेसी समुदायले बजाउने स्थानीय लोकबाजा, गाउने गीत र नृत्यको एक एक क्रियाकलाप गर्नुहोस् । यसबाट सिकिएका पक्षहरुलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
- परम्परागत हस्तकलाका सामग्रीहरु मध्ये कुनै एक सामग्री निर्माण गर्नुहोस् । निर्माण गरिएको सामग्रीको नाम, निर्माण गर्दा चाहिने कच्चा पदार्थहरु, निर्माण विधि (चित्रसहित चरणहरु), निर्मित सामग्रीको उपयोगिता जस्ता पक्षलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् । कक्षामा सामग्री प्रदर्शन गर्दै प्रतिवेदन प्रस्तुत गर्नुहोस् ।
- स्थानीय स्तरमा भएको कुनै एउटा विपद्को अवलोकन गर्नुहोस् ।
- विद्यालयको नर्सरी निर्माण कार्यमा सहभागी हुनुहोस् । नर्सरी बाट उत्पादित बेर्नाहरुलाई खाली ठाउँमा रोप्नुहोस् । बेर्ना हुर्कनाको लागि आवश्यक वस्तुहरुको नियमित रुपमा प्रवाह गर्नुहोस् । करिब २,३ महिनामा उक्त बेर्नाहरुको वृद्धिको अवलोकन गर्नुहोस् । यो कार्य गर्दा आफूले गरेका कार्यहरु र भएको प्रगतिलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।
- घर वरपरको खाली ठाउँ वा कौसी वा बरण्डामा सागसब्जी तथा दैनिक रुपमा घरमा प्रयोग गर्न सकिने अन्य वनस्पति खेती गर्नुहोस् । नियमित रुपमा उक्त सागसब्जी तथा वनस्पतिको उत्पादन हुन आवश्यक पर्ने वस्तुहरु (पानी, मल, गोडमेल) प्रदान गर्नुहोस् । उत्पादित वस्तुहरु उपभोग गर्नुहोस् र बढी भएको उत्पादित वस्तुको बिक्री वितरण गर्नुहोस् । यी सबै कार्यहरुलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
- परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने आचरणको पहिचान गर्नुहोस् । ती आचरणहरुको कार्यान्वयन गर्ने योजना बनाउनुहोस् र कार्यान्वयन गर्नुहोस् । कार्यान्वयन गर्दा के के तपाइँमा के के आचरणको विकास भयो ? स्वमूल्यांकन गरी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

## कक्षा ७

- सिराहा जिल्लाको नक्सा कोर्नुहोस् र जिल्ला भित्र तथा आफ्नो गाउँपालिका भित्र रहेका मुख्य मुख्य स्थानलाई नक्सामा संकेतमा देखाउनुहोस् ।
- गाउँपालिकामा भ्रमण गर्नुहोस् र गाउँपालिकाले प्रदान गर्ने समग्र सेवाहरु तथा बालबालिकाहरु र युवाको लागि सेवाहरु के के रहेछन् ? सोधखोज गरी प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् । साथै बालबालिका तथा युवाहरुको लागि प्रदान गर्ने विषयसँग सम्बन्धित अन्य सेवाहरु भए ती सेवाहरु प्रदान गर्ने सुझावलाई पनि प्रतिवेदनमा समावेश गर्नुहोस् ।

- मधेसी समुदाय**को** भाषा, भेषभुषा, चाडपर्व रीतिरिवाज, धर्म सस्कृति, गायन, बाजा र नृत्य सम्बन्धी विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् । यसरी विवरण तयार गर्दा उक्त समुदायका उल्लिखित पक्षमा भएका राम्रा पक्षहरु र सुधारका पक्षहरुलाई ध्यान दिनुहोस् ।
- स्थानीय परम्परागत हस्तकलाका सामग्रीहरु निर्माण गर्नुहोस् र कक्षामा प्रदर्शन गर्नुहोस् । कक्षामा सामग्री प्रदर्शन गर्दा निर्माण गरिएको सामग्रीको नाम,उक्त सामग्री बनाउन चाहिने कच्चा पदार्थहरु,बनाउने विधि, सामग्रीको उपयोगिता आदिलाई समेट्नुहोस् ।
- विद्यालयमा गड्यौला मल बनाउने कार्यमा सहभागी हुनुहोस् । तयार भएको गड्यौला मललाई प्रयोग गर्ने विधि अनुसार तरकारी खेती, पुष्पखेती, फलफूल खेतीमा प्रयोग गर्नुहोस् । यो मल प्रयोग गर्दा भएका फाइदा तथा उपयोगिता सम्बन्धमा आफ्नो अनुभवसमेतलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् ।
- घर तथा विद्यालयमा करेसाबारी/बगैंचा निर्माण गरी वा कौंसी वा वरण्डा वा गमलामा तरकारी खेती/पुष्पखेती/फलफूल खेती गर्नुहोस् । यसबाट उत्पादित वस्तुहरु, तिनीहरुको उपयोग, भएको फाइदा सम्बन्धी विवरणलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
- असल नागरिक हुन आवश्यक सीपहरुको विवरण तयार गर्नुहोस् । ती सीपहरु कार्यान्वयनको लागि योजना बनाउनुहोस् र कार्यान्वयन गर्नुहोस् । यसरी कार्यान्वयन गर्दा तपाइँ स्वयम्मा के कस्ता परिवर्तन र व्यवहारहरु परिवर्तन भए ? यसबाट तपाइँले के के कुराहरु सिक्नुभयो ? प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

## कक्षा ८

- मधेस प्रदेशको नक्सा निर्माण र आफ्नो जिल्ला, गाउँपालिका र मुख्य मुख्य घटनाहरुको अवस्थितिलाई संकेतमा देखाउनुहोस् ।
- समूहगत रुपमा मधेसी,थारु,मुसलमानको संस्कार र संस्कृतिको बारेमा सोधखोज गर्नुहोस् । उक्त समुदायको संस्कार र संस्कृतिमा भएका असल अभ्यासहरु र सुधारका पक्षहरुलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
- कक्षा ८ ले हाम्रा परम्परागत पेसा र व्यवसायको सम्भावना र चुनौती विषयमा विद्यालय स्तरीय अतिरिक्त क्रियाकलाप अन्तर्गत वक्तृत्वकला कार्यक्रम संचालन गर्नुहोस । यस कार्यक्रममा कुन कुन विद्यार्थीहरुले कुन कुन पक्षमा जोड दिए ? सोको विवरण र यस कार्यक्रमबाट भएको सिकाइलाई समेटी समूहगत रुपमा प्रतिवेदन तयार गर्नुहोस् ।
- समूहगत रुपमा विभाजन हुनुहोस् । स्थानीय स्तरमा हालसम्म भएका विपदहरुको पहिचान गर्नुहोस् । ती विपद्बाट भएको (शैक्षिक, भौतिक, मानवीय, आर्थिक वा अन्य) को विवरण तयार गर्नुहोस् । आगामी दिनमा उक्त विपद् सिर्जना नहुन गर्न सकिने उपायहरुलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।
- मल प्रयोग गर्दा भएका फाइदा तथा उपयोगिता सम्बन्धमा आफ्नो अनुभवसमेतलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् ।
- हरित विद्यालय निर्माण कार्यान्वयन गर्नको लागि उपसमिति समेत गठन गर्नुहोस् । उक्त उपसमितिले गरेका कार्यहरु र प्राप्त उपलब्धिहरुलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र विद्यालयको कार्यक्रममा प्रस्तुत गर्नुहोस् ।
- सामाजिक सञ्जालको दुरुपयोग, यसका प्रभाव र बच्ने उपायहरु शीषर्कमा निबन्ध लेखी कक्षामा प्रस्तुत गर्नुहोस् ।
- जीवनमा असल र सफल बन्ने उपायहरु खोजी गर्नुहोस् । ती उपायहरु कार्यान्वयन गर्नको लागि ६ महिनाको योजना बनाउनुहोस् र कार्यान्वयन गर्नुहोस् ।

# सिकाइ सहजीकरण विधि र प्रक्रिया

## कक्षा १–३ मा सिकाइ सहजीकरण विधि र प्रक्रिया

आधारभूत तह अन्तर्गत कक्षा १-३ को पाठ्यक्रम समग्रमा बहुविषयक ढाँचामा विकास भएको छ । यस अन्तर्गत चारओटा विषयहरु पाठ्यक्रम विकास केन्द्रले विकास गरेको छ भने एउटा विषय (स्थानीय विषय वा मातृभाषा) को पाठ्यक्रम विकास गर्ने जिम्मा स्थानीय सरकारलाई छ । तसर्थ बहुविषयक ढाँचामा आधारित भई स्थानीय विषयको पाठ्यक्रम विकास गरिएकोले शिक्षण सिकाइ सहजीकरण गर्दासमेत अन्य विषयसँग मिल्दा जुल्दा विषयवस्तु र सिकाइ उपलब्धिलाई सँग सँगै सहजीकरण गर्ने र नमिल्दा विषयवस्तुलाई निश्चित क्रममा राखेर सरल देखि जटिलताको आधारमा सिकाइ सहजीकरण गर्नुपर्ने हुन्छ । निश्चित विषयक्षेत्रमा आधारित बहुविषयगत एकीकरणले सिकाइलाई अन्तरसम्बन्धित र बढी सान्दर्भिक बनाउन सहयोग पुऱ्याउँछ ।

एकीकृत ढाँचामा सिकाइ सहजीकरण गर्दा सिकाइको योजना निर्माणका लागि विषयगत सक्षमताहरू र समग्र पाठ्यक्रम संरचनाको अध्ययन गरी तिनको अन्तरसम्बन्ध पहिचान गर्नुपर्छ । बहुविषयक विषयक्षेत्रमा आधारित भई हाम्रो सेरोफेरो, गणित, नेपाली, अङ्ग्रेजी र स्थानीय विषयक्षेत्रमा सिकाइ योजना निर्माण गर्दा विषयवस्तुलाई दैनिक जीवनसँग अधिकतम सम्बन्ध कायम हुने गरी निर्धारित विषयक्षेत्रको वरिपरि आआफ्नो विषयक्षेत्रगत अवधारणा तथा सीपहरू हासिल गराई निर्धारित सिकाइ उपलब्धि प्राप्त हुने व्यवस्था मिलाउनुपर्छ । यसको लागि छनोट गरिएका विधि, प्रक्रिया तथा क्रियाकलापहरूले विद्यार्थीलाई सक्रिय बनाउने, सबैलाई सहभागी बनाउने, गरेर तथा छोएर वा चलाएर सिक्ने र सिर्जनात्मकताको अभिवृद्धि हुने अवसर प्रदान गर्नुपर्छ । सिकाइ क्रियाकलापले विद्यार्थीहरूमा उमेर र आवश्यकता अनुसार प्रयोग, सिकाइ, रचनात्मक तथा समालोचनात्मक सोचाइ, निर्णय तथा समस्या समाधान जस्ता सोचाइ सीपहरू; स्वव्यवस्थापन, आत्मबल, अनुशासन, जिम्मेवारी अनुकूलता जस्ता वैयक्तिक सीपहरू; सञ्चार, सहकार्य, सहानुभूति जस्ता अन्तरवैयक्तिक सीपहरू; विभिन्न किसिमका बहुसाक्षरता सीपहरू र नागरिक दायित्वसम्बन्धी विभिन्न किसिमका नागरिक सीप प्राप्तिलाई सहयोग गर्नुपर्छ । विद्यार्थीहरूको भाषिक तथा सामाजिक पृष्ठभूमि, सिकाइका लागि विभिन्न किसिमको अपाङ्गताको अवस्था इत्यादिलाई विचार गरी विविधताको व्यवस्थापन गर्ने र सबैलाई समावेश गर्ने गरी शिक्षण सिकाइको योजना निर्माण गरी सिकाइ सहजीकरण गर्नुपर्ने हुन्छ ।

विद्यार्थीको सिकाइको मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा समावेश गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने माध्यमका रूपमा विकास गर्नुपर्दछ । न्यूनतम सिकाइ सुनिश्चित गरी प्रत्येक विद्यार्थीलाई उच्चस्तरको सिकाइ सक्षमता प्राप्त गरी क्रमशः माथिल्लो स्तरको सिकाइ गर्न सक्ने बनाउन सहयोग गर्नुपर्छ । यथाशक्य कक्षा शिक्षणको प्रबन्ध गर्नुपर्दछ । एकभन्दा बढी शिक्षकले एउटै कक्षामा विभिन्न समयमा शिक्षण गर्ने गरिए पनि समूहमा छलफल गरी बहुविषयक शिक्षण योजना तयार गर्ने र सोही बमोजिम सिकाइ सहजीकरण गर्ने प्रबन्ध मिलाउनुपर्छ । कक्षामा प्रयोग गरिने भाषाको कारण बालबालिकालाई सिकाइ क्रियाकलापमा सरिक हुन र सिक्न बाधा नहुने अवस्था सिर्जना गर्नुपर्छ । यसका लागि कक्षामा यथासक्य मातृभाषा वा बहुभाषा प्रयोग गर्ने, घरपरिवार तथा समुदायमा बोलिने भाषामा सञ्चार हुन सक्ने प्रबन्ध गर्नुपर्छ । स्थानीय विषयको सिकाइ गर्दा सामान्यतया निम्न विधि,तरिकाहरु प्रयोग गर्न सकिन्छ र उल्लेखित बिधि र तरिका बाहेक आबस्यकता अनुसार अन्य बिधि र तरिका राख्न सकिन्छ

- कथाकथन एवम् गीत
- अभिनय तथा भूमिका निर्वाह
- छलफल र प्रश्नोत्तर
- खोज तथा समस्या समाधान विधि
- खेल विधि
- प्रयोगात्मक विधि
- क्षेत्र भ्रमण
- प्रदर्शन विधि

# कक्षा ४–८ मा सिकाइ सहजीकरण विधि र प्रक्रिया

स्थानीय विषयको पाठ्यक्रममा समावेश विषयवस्तु तथा सिकाइ उपलब्धि सहज र सरल तरिकाले विद्यार्थीहरुमा हासिल गराउन उपयुक्त सिकाइ वातावरणको सिर्जना गरी शिक्षक, विद्यार्थी र विषयवस्तु बिच सक्रिय अन्तर्क्रिया गर्ने विधि वा प्रक्रिया अवलम्बन गर्नुपर्छ। सिकाइ सहजीकरण प्रक्रिया विद्यार्थीकेन्द्रित, सान्दर्भिक र सिकाइका निम्ति सहयोगी हुनुपर्छ। यो योजनाबद्ध र सिकाइ उपलब्धि उन्मुख वा प्रतिफल केन्द्रित हुनुपर्छ। सहजीकरण प्रक्रिया विद्यार्थीलाई उत्प्रेरित गर्ने, सक्रिय बनाउने र रुचि जगाउने पनि हुनुपर्छ। यस प्रक्रियामा विद्यार्थी सक्रिय भई सिकाइ क्रियाकलापमा संलग्न हुने र आवश्यकता अनुसार पृष्ठपोषण प्राप्त गरी सिकाइमा सुधार गर्न सक्ने अवसर हुनुपर्दछ। यो प्रक्रिया सिकारु र सिकाइका विविधतालाई सम्मान गर्ने र सबैलाई समावेश गर्ने समावेशी सिद्धान्तमा आधारित पनि हुनुपर्छ।

एउटै प्रकारको सिकाइ सहजीकरण विधि सधैँ र सबैतिर उपयुक्त हुन नसक्ने भएकाले एउटै विषयवस्तु सिकाइका लागि पनि विविध विधि अपनाउन सकिन्छ । त्यसैले शिक्षण विधिको छनोट गर्दा सकभर विविधता कायम गर्नुपर्छ। सिकाइ सहजीकरण विधिको चयन गर्दा मुख्य रूपमा विद्यार्थीको पूर्व ज्ञान, रुचि, क्षमता, चाहना, उनीहरूको तहगत स्तर, विषयवस्तुको स्वरूप लगायत उपलब्ध हुन सक्ने स्रोतसाधन, वातावरणीय अवस्था, शिक्षकको रुचि तथा तयारी इत्यादिलाई विचार गर्नुपर्दछ।

आधारभूत शिक्षा अन्तर्गत कक्षा ४-८ को यो पाठ्यक्रमा समावेश गरिएका विषयवस्तुहरु प्रयोगात्मक प्रकृतिका भएकोले यसको सिकाइ सहजीकरण प्रक्रिया परम्परागत पद्धति भन्दा फरक हुनुपर्छ। सिकाइ सहजीकरण गर्दा विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिई कक्षालाई जीवन्त बनाउन र विद्यार्थीलाई क्रियाशील बनाउन शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने छ। विद्यार्थी केन्द्रित सिकाइ क्रियाकलापबाट सिकाइ प्रभावकारी हुने, विषयवस्तुलाई दैनिक जीवनका हरेक घटनाक्रमलाई बालबालिकाहरूले व्यवहारकुशल तथा जीवनोपयोगी सीप आर्जन गर्न सक्ने र उनीहरूमा रहेको प्रतिभा प्रष्फुटन सहज हुने भएकाले सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थी केन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनुपर्ने छ। स्थानीय विषयको पाठ्यक्रमका विषयवस्तुहरु स्थानीय ज्ञान, सीपको विकास गरी आवश्यकतानुसार घर, विद्यालय, समुदायमा प्रयोग गर्ने खालका भएकोले सैद्धान्तिक भन्दा गरेर सिक्ने प्रक्रियाबाट सिकाइ सहजीकरण गर्नुपर्ने हुन्छ। यस विषयको सिकाइ सहजीकरण गर्दा निम्न विधि र तरिकाहरु प्रयोग गर्न सकिन्छ :

## शिक्षण विधिहरु

(अ) प्रयोगात्मक विधि (आ) अवलोकन विधि (इ) छलफल विधि (ई) समस्या समाधान विधि (उ) प्रदर्शन विधि

(ऊ) क्षेत्र भ्रमण विधि (ऋ) प्रश्नोत्तर विधि (ए) घटना अध्ययन विधि

## शिक्षण तरिका तथा रणनीतिहरु

(अ) मस्तिष्क मन्थन (आ) ग्यालरी हिडाइ (इ) सोच्ने जोडी बनाउने अनुभव आदानप्रदान गर्ने (ई) केडब्ल्युएल चार्ट
(उ) टी र एम चार्ट (ऊ) ग्राफिटी (ऋ) जिग्स (ए) घटना परस्पर शिक्षण

# विद्यार्थी मूल्याङ्कन

## (क) कक्षा १-३ मा विद्यार्थी मूल्यांकन

शिक्षण सिकाइ प्रक्रियाकै एउटा अङ्गका रूपमा विद्यार्थीको नियमित रुपमा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे गाउँको लेखाजोखा गरी विद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको सुनिश्चितता गर्ने पक्षलाई यस पाठ्यक्रमले जोड दिएको छ । यस प्रकारको मूल्यांकनले विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्तिका साथै उनीहरूलाई सिकाइमा निरन्तर प्रगति गर्ने अवसर सिर्जना गर्न सहयोग गर्दछ । स्थानीय विषयमा राखिएका विषयवस्तु तथा सिकाइ उपलब्धि पूरा गराउनको लागि कक्षाकोठाको शिक्षण सिकाइको क्रममा गरिने लेखाजोखाको साथै विद्यार्थीहरुलाई आवश्यकता अनुसार सम्बन्धित क्षेत्रमा अवलोकन, क्षेत्रभ्रमण, परियोजना तथा प्रयोगात्मक कार्यमा समेत सलंग्न गराई सोही बमोजिम विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको एकिन गर्नुपर्ने हुन्छ र आवश्यकता अनुसार सहजीकरण गर्नुपर्ने हुन्छ । यस्तो मूल्याङ्कनलाई मूलतः सिकाइका लागि मूल्याङ्कन अर्थात् निर्माणात्मक मूल्यांकनका रूपमा प्रयोग गरिनुपर्दछ । निर्माणात्मक मुल्याङ्कन प्रयोजनका लागि सञ्चालन गरिने यस्तो मूल्याङ्कनका लागि विद्यार्थीले के सिक्ने हो भन्ने कुरा निर्धारण गर्नु पर्दछ अर्थात् अपेक्षित सिकाइ उपलब्धि तय गर्नु पर्दछ । विद्यार्थीले के सिक्ने भन्ने कुराको निर्धारण गरेपछि विद्यार्थीको सिकाइको वर्तमान अवस्था वा निश्चित सिकाइ क्रियाकलाप पछिको विद्यार्थीको सिकाइ अवस्था वा स्तर के कस्तो छ भनी विभिन्न साधन तथा माध्यम प्रयोग गरी पत्ता लगाउनुपर्छ । यसरी विद्यार्थीको वर्तमान सिकाइ अवस्था पहिचान गरि सकेपछि सिकाइको निर्धारित लक्ष्यमा कसरी पुग्ने भन्ने मार्ग तय गर्नुपर्दछ । यसरी विद्यार्थीको अपेक्षित सिकाइ स्तर तय गर्ने, सिकाइको वर्तमान अवस्था वा स्तर पत्ता लगाउने र कसरी अपेक्षित सिकाइ स्तर प्राप्त गर्ने भनी तय गर्ने कार्यका लागि विद्यार्थीको निर्माणात्मक मूल्याङ्कन गरिन्छ ।

कक्षा १–३ मा गरिने विद्यार्थी मूल्याङ्कनलाई सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा प्रयोग गर्नु पर्दछ । यस्तो मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि तथा कमजोरीहरूको निरन्तर लेखाजोखा गरी सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु हो । यस्तो पृष्ठपोषण दिने कार्य दुई चरणमा गर्नुपर्छ । पहिलो चरण अन्तर्गत नियमित सिकाइ सहजीकरण पश्चात् मूल्यांकन गर्ने र विद्यार्थीको सिकाइको अवस्थाको लेखाजोखा गर्ने र दोस्रो चरणमा सिकाइ उपलब्धि हासिल गरेको अवस्थाको आधारमा अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेका विद्यार्थीका कठिनाइका क्षेत्र पत्ता लगाई सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नु साथै पटक पटकका सुधारात्मक सिकाइ क्रियाकलापबाट पनि सिकाइ सुधार हुन नसकेका विद्यार्थीहरूका लागि उपचारात्मक सिकाइ क्रियाकलाप तर्जुमा गरी सिकाइमा सुधार गर्नुपर्दछ । कक्षाकोठा र आधारित निर्माणात्मक मूल्याङ्कनले प्रत्येक विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्त गर्ने सुनिश्चितता गरी माथिल्लो सिकाइ स्तर प्राप्त गर्न सहयोग गर्नुपर्दछ । यसबाट विद्यार्थीहरूको कक्षा दोहऱ्याउने क्रमलाई न्यून गरी शैक्षिक क्षति घटाउन सहयोग पुग्नाका साथै न्यूनतम स्तरको सिकाइ सुनिश्चित भई थप सिकाइका लागि अवसर सृजना हुने छ ।

## (अ) मूल्याङ्कन विधि र प्रक्रिया

कक्षा १-३ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ । कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने किसिमले गर्नुपर्दछ । विद्यार्थी मूल्याङ्कनमा पनि ती सिकाइ उपलब्धि विद्यार्थीले के कति हासिल गर्न सके भन्ने लेखाजोखा गर्न सकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ । यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्दछ ।

कक्षा १-३ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका व्यवस्थित गरी राखिनुपर्छ । कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक थिम वा क्षेत्रको पठनपाठन पश्चात, विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्ने छ । यस तहमा गृहकार्यलाई अनिवार्य गारी कक्षाकार्य, परियोजना कार्य तथा प्रयोगात्मक कार्यलाई नै बढी जोड दिने भए पनि आवश्यक भए केही गृहकार्य

पनि दिन सकिने छ तर दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन । विद्यार्थीको मूल्याङ्कनमा यथासक्य वास्तविक कार्यको सही तरिकाले मूल्यांकन गर्ने साधन समावेश गर्नु उपयुक्त हुने छ ।

## (आ) मूल्याङ्कनका तरिका र साधन

परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर तथा रुचि, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थी सङ्ख्या, शिक्षकको क्षमता तथा रुचि जस्ता पक्ष विचार गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ । मूल्याङ्कनका विभिन्न तरिका तथा साधनहरू हुन्छन् । विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्दछ । कक्षा कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ । यसका लागि विभिन्न प्रकारका रुजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ । विद्यार्थीका कार्य तथा उपलब्धि सहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमीकमजोरी रहेका छन् र ती कमीकमजोरीहरू हटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ ।

सामान्यतया स्थानीय विषयको पठनपाठनको क्रममा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गर्नको लागि कक्षा सहभागिता, मौखिक कार्य, लिखित कार्य, परियोजना तथा प्रयोगात्मक कार्य, कार्य सम्पादन तथा प्रदर्शन, सहपाठी तथा स्वमूल्यांकन, अभिभावक प्रतिक्रिया, कुराकानी तथा छलफल जस्ता तरिकाहरु अवलम्बन गर्न सकिन्छ । यसको लागि अवलोकन फाराम, रुजु सूची, श्रेणीमापन, रुब्रिक्स, मौखिक प्रश्न जस्ता मूल्यांकनका साधनहरु प्रयोग गर्न सकिन्छ ।

### (इ) विद्यार्थीको सिकाइ उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या

| उपलब्धिस्तर | मापन | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको |
| उच्च (Advanced) | ४ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

पहिलो चरणमा नियमित सिकाइ क्रियाकलापका रूपमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्दछ । मूल्याङ्कनको दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी उल्लिखित तरिका तथा साधन मध्ये उपयुक्त साधनहरू प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइस्तर अभिलेखीकरण गर्नुपर्दछ । यसरी अभिलेखित सिकाइस्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी उपलब्धिस्तर ४ पुऱ्याउने प्रयास गर्नुपर्दछ । उपलब्धिस्तर ३ प्राप्त गरेको विद्यार्थीलाई समेत ४ पुऱ्याउन सहयोग गर्नुपर्छ । यदि पटक पटकको प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धि स्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मक सिकाइको योजना बनाउनुपर्दछ भने अन्यलाई अग्रिम सिकाइमा सरिक गराउनु पर्दछ । सुधारात्मक सिकाइ पछि पुनः विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धि स्तर निर्धारण गरेर पुनःअभिलेखीकरण गर्नुपर्छ । निश्चित सिकाइ क्षेत्रका सिकाइ उपलब्धिहरूको सिकाइ परीक्षण पश्चात् सो सिकाइक्षेत्रको औसत सिकाइ उपलब्धि समेत गणना गरी विद्यार्थी र अभिभावक सँग छलफल गरी विद्यार्थीका सबलता र सुधारका क्षेत्र र उपाय पहिचान गर्नुपर्छ ।

यही क्रममा सबै विषयक्षेत्रको सिकाइ पश्चात् सबै सिकाइ उपलब्धिको परीक्षण गरी सिकाइ प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर सहित विषय क्षेत्रगत औसत सिकाइ उपलब्धि निकाल्न सकिन्छ । त्यसै गरी मुख्य

व्यवहार कुशल सीपमा विद्यार्थीको उपलब्धिस्तर पनि अभिलेखित गर्न सकिन्छ । यसरी तयार गरिएको अभिलेख नै विद्यार्थीको वार्षिक उपलब्धिको प्रतिवेदन हुने छ । विद्यार्थीको सिकाइ उपलब्धिको यस्तो अभिलेख तथा प्रतिवेदनको प्रयोग शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालयले विद्यार्थीको सिकाइ स्तरको सुनिश्चिता गर्ने, सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्न र भावी सिकाइका लागि योजनाका लागि गरिन्छ ।

विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उल्लिखित मूल्याङ्कनका तरिका तथा साधनहरू मध्ये कतिपय उपयोगी नहुन पनि सक्दछन् भने कतिपय तरिका तथा साधनहरूको प्रयोगमा भिन्नता ल्याउनुपर्ने हुन सक्दछ । शिक्षकले आफ्नो कक्षाकोठामा भएका विद्यार्थीको अपाङ्गताको किसिम तथा स्वरूप अनुरूप प्रयोग गर्न सकिने मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको तयारी गरी उपयुक्त तरिका तथा साधन प्रयोग गर्नुपर्छ । मूल्याङ्कनका कुनै साधन उपयुक्त नभएकै आधारमा कुनै पनि विद्यार्थीलाई सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्राप्त गर्ने अवसरबाट वञ्चित नहुने गरी शिक्षकले वैकल्पिक तरिकाहरूको खोजी तथा तयारी गर्नुपर्दछ ।

### (ई) उपलब्धि प्रतिशत निकाल्ने विधि तथा प्रक्रिया

सामान्यतया प्रत्येक सिकाइ उपलब्धि मापनपछि नतिजा विद्यार्थीलाई जानकारी गराउने, किन यस्तो भयो ?छलफल गर्ने, विद्यार्थीलाई स्वप्रत्यावर्तनको अवसर दिने र सुधारका उपाय तय गर्नुपर्दछ भने प्रत्येक विषयक्षेत्र वा थिमको सिकाइ पश्चात् प्रत्येक सिकाइ उपलब्धि र औसत उपलब्धि सहित अभिभावक र शिक्षकले छलफल गरी सिकाइ सुधार तथा भावि सिकाइका योजना तय गर्नुपर्छ । प्रत्येक थिमको सिकाइपछि अभिभावकसँग छलफल गर्नु विद्यार्थीको सिकाइ सुधारका दृष्टिले उपयुक्त भए पनि छोटोछोटो समयको अन्तरालमा अभिभाव सँग छलफल सबैका लगि सम्भव नहुन सक्ने कुरालाई विचार गरेर तीनदेखि चार महिनाको अन्तरालमा सो अवधिको सिकाइ भएका थिमको मूल्याङ्कन नतिजासहित विद्यार्थीको सिकाइ प्रगति तथा कठिनाइका विषयमा अभिभावकसँग छलफल गरी आवश्यकतानुसार सिकाइ सुधारका उपाय पहिचान गर्न सकिन्छ । नतिजा र सिकाइ सुधार तथा भावी सिकाइ योजना तय गर्दा सम्बन्धित विद्यार्थी सबल पक्ष, रुचि र कठिनाइलाई ध्यान दिनुपर्छ । यसका लागि यस प्रक्रियामा विद्यार्थीलाई पनि सहभागी गराउनुपर्छ ।

## विद्यार्थी मूल्याङ्कनको अभिलेख तथा कार्यसञ्चयिका व्यवस्थापन

**१. विषयक्षेत्रगत रूपमा प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका फाइलमा निम्न अनुसार व्यवस्थित गरी राख्नुपर्छ :**

- प्रत्येक थिम वा विषयक्षेत्रको मूल्याङ्कन अभिलेख विद्यार्थीको कार्यसञ्चयिका फाइलमा सिलसिलाबद्ध गरी राख्नुपर्छ ।
- कार्यसञ्चयिका फाइलमा विद्यार्थीको व्यक्तिगत,पारिवारिक तथा स्वास्थ्य सम्बन्धी विवरण,कक्षा कार्य, परियोजना कार्य, उपलब्धि प्रतिशतका अभिलेख, हाजिरी विवरण,विद्यार्थीको प्रगति स्पष्ट हुने सहयोग पुग्ने खालमा विद्यार्थीका नमूना कार्य तथा सिर्जनाहरू समयबद्धरूपमा सिलसिला मिलाई राख्नुपर्छ । यसमा जुनसुकै कार्य समावेश गारी उपलब्धिस्तर झल्काउने प्रतिनिधि कार्यहरूमात्र समावेश गर्नुपर्छ । यसमा यति नै कार्य समावेश गर्नुपर्छ भन्नु उपयुक्त नभए पनि विषयवस्तुको प्रत्येक क्षेत्र वा थिमबाट १ देखि ३ कार्य तथा समग्रमा विषयक्षेत्रगत रूपमा गरिने पाँचओटासम्म सिर्जनात्मक कार्य समावेश गर्नु उपयुक्त हुन सक्छ ।
- कार्यसञ्चयिका फाइलमा समावेश गरिएका कार्य तथा अभिलेखहरूको समयबद्ध सूची भित्री कभर पृष्ठमा राखिनुपर्छ ।
- प्रत्येक विद्यार्थीको कक्षा १ मा तयार गरिएको कार्यसञ्चयिका फाइललाई नै कक्षा ३ सम्म निरन्तर गर्नुपर्छ । शिक्षक परिवर्तन भएमा फायल हस्तान्तरण गर्नुपर्छ ।

**२. विद्यार्थीको कार्यसञ्चयिकालाई निम्नअनुसार प्रयोग सकिन्छ :**

- शिक्षकले विद्यार्थीको सिकाइ प्रगतिको अनुगमन गर्न, सिकाइ योजना तथा सिकाइ सुधारको योजना बनाउन
- विद्यार्थीले आफ्नो कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा लाग्न र आफ्नो कार्य र उपलब्धिबारे आत्मविश्वास पैदा गर्न तथा थप कार्य तथा उपलब्धिका लागि प्रोत्साहित हुन
- अभिभावकले विद्यार्थीले कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा सहयोग गर्न
- विद्यालयले विद्यार्थीको सिकाइको प्रमाणका रूपमा लिई अग्रिम सिकाइ अवसर प्रदान गर्न, सबै विद्यार्थीलाई प्रोत्साहन गर्न, शिक्षक विकास तथा प्रोत्साहन कार्यको योजना गर्न र जवाफदेहिता व्यक्त गर्न
- विद्यालय व्यवस्थापनले विद्यालय समुदाय सुधार गरी सिकाइ वातावरण सुधाार गर्न

## विषय क्षेत्रगत रूपमा मूल्याङ्कन गर्ने तरिका तथा अभिलेख फाराम

१. मुख्य सिकाइ उपलब्धिलाई विद्यार्थीको सिकाइ स्तरअनुसार १ देखि ४ सम्म रेटिङ गर्नुपर्छ ।

२. हरेक मुख्य सिकाइ उपलब्धिको हासिल भयो वा भएन भनी यकिन गनुपर्छ । यसका लागि एउटा सिकाइ उपलब्धि परीक्षण गर्न एकभन्दम बढी मूल्याङ्कन साधन आवश्यक हुन पनि सक्दछ भने कतिपय अवस्थामा एउटै साधन वा एकै पटकको परीक्षणबाट एकभन्दा बढी सिकाइ उपलब्धि पनि परीक्षण गर्न सकिने कुरालाई शिक्षकले विचार गर्नुपर्दछ ।

३. सबै विद्यार्थीले न्यूनतम सिकाइ स्तर प्राप्त गरी माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्न मूल्याङ्कनले सहयोग गर्नुपर्दछ । यसका लागि नियमित सिकाइ प्रक्रियापछि गरिएको मूल्याङ्कनमा कुनै सिकाइ उपलब्धिमा १ वा २ स्तर मात्र हासिल गर्न सकेमा सुधारात्मक सिकाइ गरी उपलब्धि वृद्धिको सुनिश्चित गरिनुपर्दछ । यसका लागि सुधारात्मक सिकाइ पश्चात् विद्यार्थीको पुनः मूल्याङ्कन गरी फाराममा उल्लेखभएअनुसार अभिलेखित गनुपर्छ ।

४. सामान्यतया सबै (प्रत्येक) विद्यार्थीको सिकाइ स्तर न्यूनतम ४ पुऱ्याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । तसर्थ कुनै पनि विद्यार्थीलाई सिकाइ स्तर १, २ वा ३ मै छाड्न भने हुँदैन । कुनै विद्यार्थी पटकपटकको सुधारात्मक सिकाइबाट पनि सिकाइ स्तर १ तथा २ भन्दा माथि जान सकेन भने त्यसका कारण पहिचान गरी सुधारका उपाय पहिचान गर्ने र सिकाइ सुधार गर्ने प्रयोजनका लागि उपचारात्मक शिक्षण सिकाइ आवश्यक हुनसक्छ । उपलब्धि स्तर ३ प्राप्त गर्ने विद्यार्थीलाई पनि मुख्य तथा माथिल्लो उपलब्धि हासिल गर्ने अवसर प्रदान गरिनुपर्दछ । शिक्षण सिकाइका क्रममा उपलब्धि स्तर ४ पुऱ्याउनु अपेक्षित छ ।

५. विषयक्षेत्र तथा थिम अन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्न अनुसार निकाल्नुपर्छ :

$$\text{क्षेत्रगत वा थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{४ \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times १००$$

**उपलब्धि प्रतिशतलाई अक्षराङ्कन सँग मिलान गरी निम्न अनुसार प्रस्तुत गर्नुपर्ने छ :**

| क्र.स. | उपलब्धि प्रतिशत | स्तरीकृत अङ्क | अक्षरमा उपलब्धिस्तर | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|---|---|
| १ | ९० र सो भन्दा माथि | ४.० | A+ | सर्वोत्तम (Outstanding) |
| २ | ८० र सो भन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३ | ७० र सो भन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very Good) |
| ४ | ६० र सो भन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५ | ५० र सो भन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ६ | ४० र सो भन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ७ | ३५ र सो भन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८ | ३५ भन्दा कम | - | NG | अवर्गीकृत (Not Graded) |

**६. कक्षाको अन्तमा सबै सिकाइ उपलब्धिमा प्राप्त उपलब्धि स्तरको अङ्कका आधारमा विद्यार्थीको विषय क्षेत्रगत समग्र उपलब्धिस्तर निर्धारण गर्न सकिन्छ । विषय क्षेत्रगत समग्र उपलब्धि प्रतिशत निम्ननुसार निकाल्नु पर्छ :**

$$\text{विषय क्षेत्रगत समग्र उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{४ \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times १००$$

## अनुसूची १ स्थानीय विषयको थिमगत उपलब्धि विवरण

### मूल्याङ्कन अभिलेखीकरण फाराम

**विद्यार्थी मूल्याङ्कन मापनका आधार :**

निम्नलिखित आधारमा विद्यार्थीको सिकाइ स्तरको मापन १,२,३ वा ४ गरी कक्षा तथा क्षेत्र र थिम अनुसार उल्लिखित सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मापन गरी आएको उपपब्धिस्तरको अङ्क (१,२,३ वा ४) चढाउनुहोस् । सिकाइ उपलब्धि मापन गर्दा प्रत्येक सिकाइ उपलब्धिमा हासिल गरेको स्तर यकिन गरी १,२,३ वा ४ मध्ये कुन स्तर छ त्यसलाई अंकन महलमा चढाउनुहोस् । फारामको कैफियत महलमा उल्लिखित बाहेक अन्य साधन तथा तरिका प्रयोग गरेको भए उल्लेख गर्नुहोस् । यो अभिलेख फारमा मूल्याङ्कन नतिजाका आधारमा प्रत्येक विद्यार्थीको अलग अलग भरी विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) मा व्यवस्थित गरेर राखी आवश्यकतानुसार विद्यार्थीको सिकाइ सुधार गर्ने कार्यमा प्रयोग गर्नुपर्छ । प्रत्येक सिकाइ उपलब्धिमा चारओटा सूचक निर्धारण गरिएको हुनाले पुरा गरेको सूचक अनुसारको अङ्क प्रदान गर्नुपर्छ । थिम गतरुपमा दिइएका प्रत्येक सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा मूल्याङ्कनका लागि अवलोकन, मौखिक प्रश्नोत्तर, लिखित कार्य, कक्षा कार्य, गृहकार्य, छोटा कक्षा परीक्षा, परियोजना कार्यमध्ये कुनै वा अन्य कुनै उपयुक्त साधन प्रयोग गर्न सकिन्छ । तपसिलका फाराममा केही सम्भाव्य साधनमात्र उल्लेख गरिएका छन् । यी बाहेक कुन साधनद्धारा मूल्यांकन गरिएको हो ती साधनलाई फाराममा उल्लेख गर्नुपर्छ । विद्यार्थीको मूल्यांकन दुई चरणमा गर्नुपर्छ । नियमित सिकाइ पश्चात र थप सहायता पश्चात् । नियमित सिकाइ पश्चात कुनै विद्यार्थीको कुनै सिकाइ उपलब्धिमा १,२ वा ३ आएमा थप सहयोग गर्नुपर्ने हुन्छ र थप सहायता पश्चात् पुनः मूल्याङ्कन गरी प्राप्त उपलब्धिको अभिलेखित गर्नुपर्छ । यसको लागि प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको उपलब्धिस्तरको सही मापन गर्न रुब्रिक्स बनाउन सकिन्छ । उदाहरणको लागि यहाँ पहिलो थिम हाम्रो **नवराजपुर गाउँपालिकाको परिचय** सिकाइ उपलब्धि १ लाई चारओटा निम्न लिखित सूचक बनाएको छ :

| **सिकाइ उपलब्धि** | **सूचक** | | | |
|---|---|---|---|---|
| आफ्नो परिवारका सदस्य तथा आफू बसेको गाउँ/ टोलको नाम बताउन | आफ्नो परिवारका सबै सदस्यको नाम बताउन सकेमा तथा आफू बसेको गाउँ/ टोलको नाम बताउन सकेमा | आफ्नो परिवारका धेरैजसो सदस्यको नाम बताउन सकेमा तथा आफू बसेको गाउँ/ टोलको नाम बताउन सकेमा | आफ्नो परिवारका केही सदस्यको नाम मात्र बनाउन सकेको तथा आफू बसेको गाउँ/ टोलको नाम बताउन | आफ्नो परिवारका केही सदस्यहरुको नाम बताउन सकेमा तर आफू बसेको गाउँ/टोलको नाम बताउन नसकेमा |
| सिकाइ उपलब्धिको स्तर | ४ | ३ | २ | १ |

**कक्षा : १ विषय : स्थानीय विद्यार्थीको नाम : रोल नम्बर :**

## १. नवराजपुर गाउँपालिकाको परिचय

| सिकाइ उपलब्धि | मूल्यांकनका सम्भाव्य साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. आफ्नो परिवारका सदस्य तथा आफू बसेको गाउँ/ टोलको नाम बताउन | प्रश्नोत्तर | | | | |
| २. आफ्नो गाउँ/टोलको वरिपरिको गाउँ/टोलको नाम भन्न | प्रश्नोत्तर | | | | |
| ३. आफ्ना गाउँ वरपर रहेको नदी, खोला र बाटाको नाम बताउन | अवलोकन र प्रश्नोत्तर | | | | |
| ४. आफु पढने विद्यालय र छिमेकी विद्यालयको नाम भन्न | प्रश्नोत्तर | | | | |
| ५. हाम्रो गाँउटोलमा रहेको धार्मिक स्थलको नाम बताउन | प्रश्नोत्तर | | | | |
| ६. आफ्नो घर नजिकै रहेका बजार (किनमेल गर्ने ठाउँ) बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ७. आफ्नो गाउँ/टोलको स्वास्थ्य स्वयम् सेविकाको नाम भन्न र चिन्न | अवलोकन र प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

## २. नवराजपुर गाँउपालिकाको सामाजिक संस्कार र संस्कृति

| सिकाइ उपलब्धि | मूल्यांकनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. आफ्नो गाँउटोलमा बसोबास गर्ने जातजातिको नाम भन्न | प्रश्नोत्तर | | | | |
| २. गाउँटोलका जातजातिबिचको सांस्कृतिक भिन्नता बताउन | प्रश्नोत्तर | | | | |
| ३. गाँउटोलमा बोलिने मुख्य भाषाहरु पहिचान गर्न | प्रश्नोत्तर | | | | |
| ४.पोशाकहरुको नाम भन्न र लगाउने तरिका बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ५.गहनाको नाम भन्न र लगाउने तरिका बताउन | प्रश्नोत्तर | | | | |
| ६. घरमा बनाईने खानाका परिकारहरुको नाम भन्न | प्रश्नोत्तर | | | | |
| ७. स्थानीय लोक बाजाहरु पहिचान गर्न | अवलोकन र प्रश्नोत्तर | | | | |
| ८. स्थानीय लोकगीतहरु पहिचान गर्न र सामान्य गाउने अभ्यास गन | अवलोकन र प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

## ३. नवराजपुर गाउँपालिकाको पेसा, व्यवसाय र पर्यटन

| सिकाइ उपलब्धि | मूल्यांकनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. आफ्नो अभिभावकले गर्ने मुख्य कामहरुको नाम बताउन | प्रश्नोत्तर | | | | |
| २. आफ्नो घरमा वर्षभरि उत्पादन हुने बालीको नाम बताउन | प्रश्नोत्तर | | | | |
| ३. गाँउटोलमा घुम्नलायक स्थानहरुको नाम बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. घरमा उत्पादन भएका वस्तुहरु बिक्री गर्ने स्थान पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

## ४. सरसफाइ र स्वस्थ जीवन

| सिकाइ उपलब्धि | मूल्यांकनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. शरीरका अङ्गको सरसफाइ गर्न | अवलोकन | | | | |
| २. व्यक्तिगत सरसफाइको लागि आवश्यक सामग्रीको नाम भन्न | प्रश्नोत्तर | | | | |
| ३. सरसफाइ गर्नुपर्ने स्थानको सूची बनाउन | प्रश्नोत्तर | | | | |
| ४.आफ्नो र घरको सरसफाइको गर्नुपर्ने कारण बताउन र सरसफाइमा सहभागी हुन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ५. स्थानीय खेलहरु पहिचान गर्न र खेल्ने अभ्यास गर्न | प्रश्नोत्तर र खेलकुद | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

## ५. हाम्रो वातावरण र विपद् व्यवस्थापन

| सिकाइ उपलब्धि | मूल्यांकनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. स्थानीयस्तरमा हुन सक्ने विपदहरु पहिचान गर्न (बाढी, आगलागी) | अवलोकन र प्रश्नोत्तर | | | | |
| २. घर तथा स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरूको नाम बताउन | प्रश्नोत्तर | | | | |
| ३. घर तथा विद्यालयको बगैंचामा भएका बिरुवाहरुको पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. स्थानीय क्षेत्रमा पाइने बोटविरुवाहरुको नाम बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ५. घर तथा विद्यालयमा गरिने वृक्षारोपणमा सहयोग गर्न | अवलोकन | | | | |
| ६. घर तथा विद्यालयमा भएका बोटबिरुवाको सरक्षणमा सहयोग गर्न | अवलोकन | | | | |
| ७. फूलबारी तथा बोटबिरुवाहरूको हेरचाह गर्न | अवलोकन | | | | |
| ८. स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरुको नाम बताउन | प्रश्नोत्तर | | | | |
| ९. व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाईमा सहभागी हुन | अवलोकन | | | | |
| १०. फोहोर मैलाको पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

६. मूल्यमा आधारित शिक्षा र जीवन उपयोगी सीप

| सिकाइ उपलब्धि | मूल्यांकनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. समूहमा मिलेर बस्न | अवलोकन | | | | |
| २. साथी र घर परिवारका सदस्यहरुलाई सामान्य सहयोग गर्न | अवलोकन | | | | |
| ३. स्व व्यवस्थापन सीपको विकास गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

७. सामाजिक संस्थाहरु र स्थानीय व्यक्तित्व

| सिकाइ उपलब्धि | मूल्यांकनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. आफ्नो टोल र समुदायको नेतृत्व गर्ने व्यक्तिहरुको पहिचान गर्न | अवलोकन र प्रश्नोत्तर | | | | |
| २. स्थानीय सामाजिक संस्थाहरुको पहिचान गर्न | अवलोकन | | | | |
| ३. आफ्नो विद्यालयको छोटो परिचय दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

**कक्षा : २ विषय : स्थानीय विद्यार्थीको नाम : रोल नम्बर :**

**१. नवराजपुर गाउँपालिकाको परिचय**

| सिकाइ उपलब्धि | मूल्यांकनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. आफु बस्ने वडाको वडा नं. र वडा कार्यालयको ठेगाना बताउन | अवलोकन | | | | |
| २. गाउँ पालिकाको नाम, गाउँ कार्यपालिका रहेको ठेगाना र स्थापना भएको साल भन्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. जिल्लाको नक्सामा नवराजपुर गाउँपालिका छुट्याउन | प्रश्नोत्तर | | | | |
| ४. आफु बस्ने वडा भित्रका गाउँ/टोलको नाम भन्न र तिनको अवस्थिति बताउन | लिखित तथा प्रश्नोत्तर | | | | |
| ५. आफ्ना वडा भित्र रहेका नदि र बाटाको अवस्थिति बताउन | प्रश्नोत्तर | | | | |
| ६. गाउँ/टोल नजिक रहेका स्वास्थ्य प्रदायक सस्था, क्लिनिकको नाम र ठेगाना बताउन | प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

## २. नवराजपुर गाँउपालिकाको सामाजिक संस्कार र संस्कृति

| सिकाइ उपलब्धि | मूल्यांकनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. वडा भित्रका जातजातिहरुको थर भन्न | प्रश्नोत्तर | | | | |
| २. आफु र आफ्नो साथीले बोल्ने भाषामा परिचित हुन | प्रश्नोत्तर | | | | |
| ३. वडा भित्र बोलिने भाषाहरु बताउन | प्रश्नोत्तर | | | | |
| ४. वडा भित्रका जातजातिले लगाउने पोशाकहरु पहिचान गन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ५. स्थानीय भेषभुषाको परिचय दिन | प्रश्नोत्तर | | | | |
| ६. स्थानीय चाडपर्वहरुको नाम भन्न र मनाउने जाति र नाम बताउन | प्रश्नोत्तर | | | | |
| ७. स्थानीय लोकगीत गाउने जातजातिहरुको पहिचान गर्न र ती जातजातिले गाउने मुख्य लोकगीतहरु गाउने अभ्यास गर्न | अवलोकन र प्रश्नोत्तर | | | | |
| ८. स्थानीय लोक बाजाहरु मध्ये कुनै मुख्य एक बाजा बजाउने अभ्यास गर्न | अवलोकन र प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

## ३. नवराजपुर गाउँपालिकाको पेसा, व्यवसाय र पर्यटन

| सिकाइ उपलब्धि | मूल्यांकनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. गाँउ टोलका व्यक्तिहरुले गर्ने मुख्य पेशा तथा व्यवसायको नाम बताउन | प्रश्नोत्तर | | | | |
| २. आफ्नो घरमा बर्षभरि उत्पादन गर्न सकिने तरकारी तथा फलफूलको नाम भन्न र सामान्य चित्र कोर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. वडामा घुम्नलायक स्थानहरुको नाम भन्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४.दैनिक किनमेल गर्ने स्थानको नाम भन्न र तिनीहरुको सामान्य विवरण बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |

## ४. सरसफाइ र स्वस्थ जीवन

| सिकाइ उपलब्धि | मूल्यांकनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. आफ्नो शरीरको सरसफाइ गर्न | अवलोकन | | | | |
| २. व्यक्ति सरसफाइको महत्व बताउन | प्रश्नोत्तर | | | | |
| ३. दैनिक रुपमा गरिने सरसफाइको सूची बनाउन | प्रश्नोत्तर | | | | |
| ४. घर तथा विद्यालयको सरसफाइमा सहभागी हुन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ५. स्थानीय खेलहरु खेल्ने अभ्यास गर्न र महत्व बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |

## ५. हाम्रो वातावरण र विपद् व्यवस्थापन

| सिकाइ उपलब्धि | मूल्यांकनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. बाढी र आगलागीको परिचय दिन | प्रश्नोत्तर | | | | |
| २. वडा भित्र पाईने जीव जन्तु र चराहरुको नाम बताउन | प्रश्नोत्तर | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. स्थानीय क्षेत्रमा पाइने बोटबिरुवाहरुको वर्गीकरण गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. बगैंचाको परिचय दिन | प्रश्नोत्तर | | | | |
| ५. घर र विद्यालयमा वृक्षरोपणमा सहभागी हुन | अवलोकन | | | | |
| ६. बोटबिरुवाको संरक्षणमा सहयोग गर्न | अवलोकन | | | | |
| ७. वडामा भएका पानीका स्रोतहरुको परिचय दिन | प्रश्नोत्तर | | | | |
| ८. व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाईमा सहभागी हुन | अवलोकन | | | | |
| ९. वरपरको वातावरण फोहोर हुने कारणहरू पहिचान गन | अवलोकन र प्रश्नोत्तर | | | | |
| १०. फोहोरमैलाको परिचय र प्रकार (कुहिने र नकुहिने) बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

**६. मूल्यमा आधारित शिक्षा र जीवन उपयोगी सीप**

| सिकाइ उपलब्धि | मूल्यांकनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. अभिभावका, शिक्षक र मान्यजनप्रति नम्र व्यवहार र सम्मान व्यक्त गर्न | अवलोकन | | | | |
| २. घर र विद्यालयमा अनुशासन र आचरणको पालना गर्न | अवलोकन | | | | |
| ३. आफूले जानेका कुराहरुको सञ्चार गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |

**७. सामाजिक संस्थाहरु र स्थानीय व्यक्तित्व**

| सिकाइ उपलब्धि | मूल्यांकनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. आफ्नो टोल र समुदायको नेतृत्व गर्ने व्यक्तिहरुको परिचय दिन | अवलोकन र प्रश्नोत्तर | | | | |
| २ वि.व्य.स.अध्यक्षको परिचय दिन | अवलोकन र प्रश्नोत्तर | | | | |
| ३. उपभोक्ता समूह,आमा समुह,आदिको परिचय दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

## मूल्याङ्कन अभिलेखीकरण फाराम

**कक्षा : ३ विषय : स्थानीय विद्यार्थीको नाम : रोल नम्बर :**

**१. नवराजपुर गाउँपालिकाको परिचय**

| सिकाइ उपलब्धि | मूल्यांकनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. गाउँपालिकाको भौगोलिक अवस्थाको सामान्य जानकारी दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| २. प्रदेशको नक्सामा नवराजपुर गाउँ पालिका छुट्याउन | अवलोकन | | | | |
| ३. गाउँ भित्रका मुख्य मुख्य सडकहरुको नाम र अवस्थिति बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. आफु बसोबास गर्ने वडाका वडा अध्यक्ष र सदस्यहरुको नाम बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ५. आफु बसोबास गर्ने वडा भित्र रहेका स्वास्थ्य प्रदायक सस्था, क्लिनिकको नाम र ठेगाना बताउन | प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |

| | | | | |
|---|---|---|---|---|
| मिति : | उपलब्धि प्रतिशत | | | |

**२. नवराजपुर गाँउपालिकाको सामाजिक संस्कार र संस्कृति**

| सिकाइ उपलब्धि | मूल्यांकनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. गाउँ भित्रका जातजातिहरु पहिचान गर्न | प्रश्नोत्तर | | | | |
| २. गाउँ भित्र बोलिने भाषाहरु पहिचान गन | प्रश्नोत्तर | | | | |
| ३. गाउँ भित्रका जातजातिले लगाउने पोशाकहरु पहिचान गन | प्रश्नोत्तर | | | | |
| ४. स्थानीय जातिहरुले गर्ने पुजा (कुलपुजाहरु) को परिचय दिन र महत्व बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ५. स्थानीय लोकगीतहरु गाउने अभ्यास गन | प्रश्नोत्तर | | | | |
| ६. स्थानीय लोकबाजाहरु बजाउने अभ्यास गर्न | प्रश्नोत्तर | | | | |
| ७. स्थानीय लोक नृत्यहरुको पहिचान गर्न | अवलोकन र प्रश्नोत्तर | | | | |
| ८. कुनै एक स्थानीय लोकगीतमा नृत्य अभ्यास गर्न | अवलोकन र प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

**३. नवराजपुर गाउँपालिकाको पेसा, व्यवसाय र पर्यटन**

| सिकाइ उपलब्धि | मूल्यांकनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. गाँउ टोलमा प्रचलित हस्तकलाका सामग्रीहरु पहिचान गर्न | प्रश्नोत्तर | | | | |
| २. स्थानीय स्तरमा उत्पादन हुने सिजन अनुसारको तरकारी र फलफूल पहिचान गर्न र तिनको महत्व बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. गाउँ भित्र घुम्नलायक स्थानहरु पहिचान गर्न र तिनको सामान्य विवरण बताउन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. गाँउ घरमा उत्पादित वस्तुहरु बिक्री गर्ने स्थानको परिचय दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

**४. सरससफाइ र स्वस्थ जीवन**

| सिकाइ उपलब्धि | मूल्यांकनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १.स्वस्थ शरीरको लागि आवश्यक पर्ने तत्वहरु पहिचान गर्न | प्रश्नोत्तर | | | | |
| २.सरसफाइ गर्दा हुने फाइदा र नगर्दा हुने असरहरु पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३.आफ्नो वरपरको वातावरणको सरसफाइमा सहभागी हुन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४.सन्तुलित भोजनको परिचय दिन | प्रश्नोत्तर | | | | |
| ५.स्थानीय खेलहरु खेल्ने अभ्यास गर्न र खेल खेल्दा हुने फाइदाहरु पहिचान गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

**५. हाम्रो वातावरण र विपद् व्यवस्थापन**

| सिकाइ उपलब्धि | मूल्यांकनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. बाढी र आगलागी हुने कारणहरु बताउन | प्रश्नोत्तर | | | | |
| २. गाउँपालिकाकोमा पाइने जीव जन्तु र चराहरु पहिचान गन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ३. स्थानीय बोटबिरुवाहरूको परिचय दिन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४. स्थानीय बोटविरुवाको महत्व तथा उपयोग बताउन | प्रश्नोत्तर | | | | |
| ५. विद्यालयमा बगैंचाको आवश्यकता र महत्व बताउन | प्रश्नोत्तर | | | | |
| ६. घर र विद्यालयमा बगैंचाको निर्माणमा सहयोग र हेरचाह गर्न | अवलोकन | | | | |
| ७. घर र विद्यालयमा पानीका स्रोतहरुको उपयोग गर्ने तरिका बताउन र सदुपयोग गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ८. फोहोरमैला व्यवस्थापनको परिचय दिन | प्रश्नोत्तर | | | | |
| ९. विद्यालयमा फोहोरमैलाको वर्गीकरण र व्यवस्थापन (कुहिने, नकुहिने र तरल) मा सहयोग गर्न | अवलोकन र प्रश्नोत्तर | | | | |
| १०.घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागी हुन | प्रश्नोत्तर र अवलोकन | | | | |
| ११.वरपरको वातावरण सफा राख्ने उपायहरु पहिचान र सरसफाइ कार्यमा सहभागी हुन | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

**६. मूल्यमा आधारित शिक्षा र जीवन उपयोगी सीप**

| सिकाइ उपलब्धि | मूल्यांकनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १. अरुप्रति दया, माया, करुणाको भाव प्रकट गर्ने सीपको विकास गर्न | अवलोकन | | | | |
| २. आत्मनिर्भर हुने बानीको विकास गर्न | अवलोकन | | | | |
| ३. सहयोगात्मक तथा सहकार्यात्मक सीपको प्रयोग गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

**७. सामाजिक संस्थाहरु र स्थानीय व्यक्तित्व**

| सिकाइ उपलब्धि | मूल्यांकनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| १.आफ्नो टोल र समुदायको नेतृत्व गर्ने व्यक्तिहरुको योगदान बताउन | अवलोकन | | | | |
| २.वडा अध्यक्ष र सदस्यहरुको नाम भन्न | प्रश्नोत्तर | | | | |
| ३.वडा भित्र संचालित स्वास्थ्य संस्थाका सेवाहरुको जानकारी प्राप्त गर्न | प्रश्नोत्तर र अवलोकन | | | | |
| ४.गाउँ भित्र रहेका आमा समूहको पहिचान गर्न र परिचय दिन | प्रश्नोत्तर | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| मिति : | उपलब्धि प्रतिशत | | | | |

**(ख) विद्यार्थी मूल्यांकन (कक्षा ४-८)**

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन अवलम्बन गरिने छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनु पर्दछ । निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप तथा कक्षा, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, सामाजिक व्यवहार अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य तथा परीक्षा, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कन लगायतका साधन प्रयोग गर्न सकिन्छ ।

स्थानीय विषयअन्तर्गत रहेका विषयवस्तु तथा सिकाइ उपलब्धिमा विद्यार्थीले हासिल गरेको उपलब्धिको मूल्यांकन गर्नको लागि निर्माणात्मक मूल्यांकनको रुपमा आन्तरिक र निर्णयात्मक मूल्यां मूल्याङ्कन कनको लागि अन्तिम मूल्यांकनलाई लिइएको छ । यसको लागि कक्षा ४ देखि ८ सम्मको प्रत्येक कक्षामा विद्यार्थीको मूल्याङ्कन अन्तर्गत आन्तरिक मूल्याङ्कन (५० प्रतिशत भार) र अन्तिम परीक्षा (५० प्रतिशत भार) समावेश गरिएको छ । आन्तरिक मूल्यांकनको ५० प्रतिशत भारलाई समेत निर्णयात्मक मूल्याङ्कनको रुपमा समायोजन गरिनेछ । विद्यार्थीको समग्र मूल्यांकन गरी प्रमाणपत्र अर्थात् ग्रेडसिटमा दुवै मूल्यांकनको नतिजालाई समावेश गरिनेछ । आन्तरिक मूल्यांकन र अन्तिम मूल्यांकन निम्नानुसार गर्नुपर्ने छ ।

**आन्तरिक मूल्याङ्कन**

निर्माणात्मक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ । यसका लागि निर्माणात्मक मूल्याङ्कनलाई अभिलेखीकरण गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नु पर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिए अनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ :

| सि. नं. | मूल्याङ्कनका पक्ष | अंक भार | कैफियत |
|---|---|---|---|
| १ | सहभागिता | ४ | सहभागिता अन्तर्गत हाजिरी, कक्षा कार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, समूह कार्यलगायतका अन्य पक्षहरु रहनेछन् । |
| २ | प्रयोगात्मक/परियोजना कार्य | ३६ | कक्षागत रुपमा प्रयोगात्मक र परियोजना कार्य सञ्चालनका लागि योजना निर्माण, सञ्चालन, अभिलेखीकरण, प्रस्तुतीकरण र अन्तर्वार्ता लगायतका पक्षहरु समावेश गरी मूल्यांकन गर्नुपर्ने छ । |
| ४ | त्रैमासिक परीक्षाहरू | १० | पहिलो त्रैमासिकको लागि ५ अंकभार र अर्धवार्षिक परीक्षाको लागि ५ अंकभार रहनेछ । यसको लागि प्रत्येक परीक्षाको लागि ५० पूर्णांकको परीक्षा लिई प्राप्तांकलाई ५ मा परिणत गर्न सकिने छ । |
| जम्मा | | ५० | |

**ब्बाह्य तथा अन्तिम परीक्षा**

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुनेछ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनु पर्नेछ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुनेछन । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सीप, अभिवृत्ति प्राप्त गरे गाउँको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरिन्छ । अन्तिम परीक्षाको प्रश्नपत्र निम्न लिखित विशिष्टीकरण तालिका अनुसार निर्माण गरी उपलब्धि परीक्षा लिनुपर्ने छ । **यहाँ कक्षा ८ को विशिष्टीकरण तालिका बनाइएको छ । यसलाई आधार लिई स्थानीय विषय अध्यापन गर्ने शिक्षकले अन्य कक्षा (कक्षा ४, ५, ६ र ७) को विशिष्टीकरण तालिका बनाई प्रयोग गर्न सक्नेछन् ।**

**अनुसूची ४**

# विशिष्टीकरण तालिका

**कक्षा ८** पूणाङ्क : ५० समय : २ घण्टा

**प्रश्न योजना तथा अङ्कभार वितरण**

| **एकाइ** | **क्षेत्र/एकाइ** | कार्य घण्टा | पूर्णाङ्क | ज्ञान | | | बोध | | | प्रयोग | | | उच्चदक्षता | | | जम्मा प्रश्न संख्या | | | जम्मा अङ्कभार | | | जम्मा अङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | |
| १ | नवराजपुर गाउँपालिकाको परिचय | २० | ८ | २ | १ | | | | १ | | | | | | | २ | १ | १ | २ | २ | ४ | ८ |
| २ | नवराजपुर गाउँपालिकाको सामाजिक संस्कार र संस्कृति | ३० | ११ | २ | | | १ | १ | | | | | | १ | १ | ३ | २ | १ | ३ | ४ | ४ | ११ |
| ३ | नवराजपुर गाउँपालिकाको पेसा, व्यवसाय र पर्यटन | २० | ८ | १ | | | १ | | | | १ | १ | | | | २ | १ | १ | २ | २ | ४ | ८ |
| ४ | स्वस्थ जीवन | ५ | २ | | | | | | | | १ | | | | | | १ | | | २ | | २ |
| ५ | हाम्रो वातावरण र विपद् व्यवस्थापन | २८ | ११ | १ | | | | | | | १ | १ | | | १ | १ | १ | २ | १ | २ | ८ | ११ |
| ६ | मूल्यमा आधारित शिक्षा र जीवनोपयेगी सिप | १५ | ६ | | | १ | | १ | | | | | | | | | १ | १ | | २ | ४ | ६ |
| ६ | सामाजिक संघ संस्था र स्थानीय व्यक्तित्व | १० | ४ | | | | | | १ | | | | | | | | | १ | | | ४ | ४ |
| जम्मा | | १२८ | ५० | ६ | १ | १ | २ | २ | २ | | ३ | २ | | १ | २ | ८ | ७ | ७ | ८ | १४ | २८ | ५० |

## प्रश्न सङ्ख्या, अङ्कभार र समय तालिका

| **क्र.स.** | **प्रश्नको प्रकार** | **प्रश्न सङ्ख्या** | **प्रति प्रश्न अङ्कभार** | **जम्मा अङ्कभार** | **समय** |
|---|---|---|---|---|---|
| १ | अति छोटो प्रश्न | ८ | १ | ८ | २ घण्टा |
| २ | छोटो प्रश्न | ७ | २ | १४ | |
| ३ | लामो प्रश्न | ७ | ४ | २८ | |
| जम्मा | | २२ | | ५० | |

**द्रष्टव्य :**

- सामान्यतया ज्ञान तहका प्रश्न २० प्रतिशत, बोध तहका प्रश्न ३० प्रतिशत, प्रयोग तहका प्रश्न ३० प्रतिशत र उच्च दक्षताका प्रश्न २० प्रतिशत हुने छन् । तर संज्ञानात्मक क्षेत्रका तहहरूभित्रसमेत ±२ हुने गरी प्रश्न निर्माण गर्न सकिने छ ।
- उच्च दक्षता अन्तर्गत विश्लेषण, मूल्याङ्कन र सिर्जना रहने गरी प्रश्न निर्माण गर्नुपर्ने छ ।
- अति छोटो प्रश्नको सट्टा बहुबैकल्पिक प्रश्न, खाली ठाउँ भर्ने प्रश्न, जोडा मिलाउने प्रश्न सोध्न सकिने छ ।